# इस्लाममा नारी

## हिफजुर्रहमान
एम.एस्सी.

प्रकाशक
इस्लामी संघ नेपाल
पो.ब.नं. २८८६, घण्टाघर, काठमाडौं, नेपाल।
फोन नं.: ४२२६२५८, फ्याक्सः ००९७७-१-४२५६९१२
E-mail: isanghnp@gmail.com

Woman in Islam

इस्लाममा नारी

**नेपाली संस्करणमा प्रकाशित निम्न पुस्तकहरू खोजी खोजी पढ्नुहोस् ।**

१) कुरआन - ३० औं खण्ड
२) इस्लामको वैज्ञानिक विश्लेषण
३) इस्लाम दर्शन
४) मुहम्मद (सल्ल.) अल्लाहका दूत
५) समाज सुधारमा परामर्शको अपरिहार्यता
७) कुरआन-संक्षिप्त परिचय
८) शान्ति मार्ग
९) इस्लामी आस्था
१०) समयको सदुपयोग
११) मानवमा एकेश्वरवादको प्रभाव

© حقوق الطبع محفوظه
الطبعة الاولى
١٤٢٧هـ / ٢٠٠٦ء

ISBN 99946-990-6-7

# १. समानताको अधिकार

आजभोलि नारी समानताको कुरालाई लिएर हाम्रो नेपाली समाजमा पनि खुब चर्चा-परिचर्चा भइरहेको छ । नेपाली समाज नारीलाई त्यस्तै समानता प्रदान गर्न चाहन्छ जस्तो पश्चिमी मुलुकहरूमा नारीलाई प्राप्त छ, जहाँ नारीलाई शारीरिक रूपमा पनि पुरुष सरह नै ठानिन्छ र के तर्क दिइन्छ भने नारीले प्रत्येक त्यो कार्य गर्न सक्दछे जुन पुरुषले गर्दछ । नारी समानताको यस्तो नारा सुन्दा अति कर्णप्रिय लाग्दछ । तर समानता भनेको के हो ? यसमाथि पनि विचार गरौं । गणितीय हिसाबले भन्ने हो भने समान मान (value) भएका अंकहरूको प्रतिस्थापन (Substitude) जुनसुकै रूपले गरे पनि परिणाम समान नै रहन्छ । यदि यस अर्थमा पुरुष र महिला समान छन् भने पुरुषले गर्ने सबै काम महिलाले गर्न सक्दछे र महिलाले गर्ने सबै काम पुरुषले । तर यस्तो गणितीय समानता त्यस व्यक्तिको लागि हास्यास्पद कुरा हो जसलाई नारी र पुरुषको शारीरिक एवं मनोवैज्ञानिक भिन्नताबारे धेर-थोर थाहा छ । इस्लाम यस्तो समानतालाई स्वीकार गर्दैन । इस्लाम नारी र पुरुषलाई शारीरिक रूपमा समान ठान्दैन । नारीका शरीर र त्यसका अङ्गहरू पुरुषभन्दा कोमल र कमजोर हुन्छन् । पुरुष र महिला बीच यो असमानता प्राकृतिक हो र इस्लाम प्रकृति विरुद्ध कुरा गर्दैन । इस्लामले पुरुषलाई पुरुष र नारीलाई नारीको दर्जा दिन्छ । मानव हुनुको नाताले इस्लाम पुरुष र महिलालाई समान ठान्दछ । जसरी पुरुष यस संसारको लागि आवश्यक छ त्यस्तै नारी पनि । अल्लाह (ईश्वर) को नजिक त राम्रो काम गर्ने व्यक्ति नै श्रेष्ठ हुन्छ, चाहे त्यो पुरुष होस् वा नारी । कुरआनमा भनिएको छः-

> "निस्सन्देह मुस्लिम पुरुषहरू र मुस्लिम महिलाहरू, तथा निष्ठावान पुरुषहरू र निष्ठावान महिलाहरू, तथा आज्ञाकारी पुरुषहरू र आज्ञाकारी महिलाहरू, तथा



> सत्यवादी पुरुषहरू र सत्यवादी महिलाहरू, तथा धैर्य धारण गर्ने पुरुषहरू र धैर्य धारण गर्ने महिलाहरू, तथा विनयशील पुरुषहरू र विनयशील महिलाहरू, तथा दान दिने पुरुषहरू र दान दिने महिलाहरू, तथा व्रतालु पुरुषहरू र व्रतालु महिलाहरू, तथा आफ्नो गुप्ताङ्गको रक्षा गर्ने पुरुषहरू र आफ्नो गुप्ताङ्गको रक्षा गर्ने महिलाहरू, तथा अल्लाहलाई अत्यधिक स्मरण गर्ने पुरुषहरू र स्मरण गर्ने महिलाहरू - यिनीहरू (सबै) का निम्ति अल्लाहले क्षमा र महान प्रतिफल तयार पारेर राखेको छ ।" (सूरह ३३:३५)

यस्तै कुरआनको अर्को सूरहमा भनिएको छः-

> "पुरुष होस् वा महिला, निष्ठावान रहेको अवस्थामा जसले सत्कर्म गर्दछ, हामी (अल्लाह) अवश्य त्यसलाई राम्रो जीवन प्रदान गर्नेछौं, तथा उनीहरूका उत्तम कार्यहरूको प्रतिफल हामी उनीहरूलाई निश्चित रूपले प्रदान गर्नेछौं ।" (सूरह १६:९७)

इस्लाम धर्मका पाँच मूलभूत स्तम्भहरू छन् । ती हुनः (क) तौहीद (एक अल्लाहमाथि निष्ठा), (ख) नमाज (प्रार्थना), (ग) रोजा (व्रत), (घ) जकात (एक किसिमको अनिवार्य दान) र (ङ) हज (मक्काको तीर्थ यात्रा) । यी पाँच स्तम्भहरू नारी र पुरुष दुबैका लागि समान रूपले अनिवार्य छन् र यिनीहरूको प्रतिफलमा नारी र पुरुषबीच कुनै भेदभाव राखिएको छैन । कुरआनमा भनिएको छः-

> "अल्लाहको दृष्टिमा तिमीहरूमध्ये सर्वाधिक सम्मानित त्यो व्यक्ति रहेको छ जो तिमीहरूमध्ये अल्लाहसित सबैभन्दा बढी भय राख्दछ ।" (सूरह ४९:१३)

नारी र पुरुष बीचको भिन्नता प्राकृतिक हो र यो कुनै गल्ती

होइन जसलाई मानिसहरूले सच्याउनु पर्दछ । प्रकृतिले नारी र पुरुषलाई विभिन्न किसिमको योग्यता र क्षमता प्रदान गरेको छ, र यसै क्षमता एवं योग्यताको आधारमा इस्लामले पुरुष र महिलाको कार्यक्षेत्रलाई विभाजन गरिदिएको छ । यसले घर बाहिरका जिम्मेवारी पुरुषलाई र घरभित्रका जिम्मेवारी महिलालाई सुम्पेको छ । प्रकृतिले उनीहरूलाई जुन कार्यको लागि बनाएको छ, इस्लामले त्यसै अनुरूप उनीहरूको काँधमा जिम्मेवारी सुम्पेको छ । पुरुषको काम हो परिवारको लागि जिविकोपार्जन गर्नु र त्यसको सुरक्षा गर्नु । जबकि नारीको काम हो घर एवं सन्तानको हेरचाह गर्नु । इस्लामले दुबैको कार्यलाई समान महत्व दिएको छ । पश्चिमी समाजले स्वतन्त्रता र समानताको नाममा नारीलाई दोब्बर, तेब्बर जिम्मेवारी निभाउन बाध्य पारेको छ । एकातिर नारीले घरबाहिर पुरुषले गर्ने सम्पूर्ण काम गर्नु परिरहेको छ भने अर्कोतिर घरभित्रको सबै काम पनि उसैको भागमा आउँछ । पुरुषको इच्छा भयो भने त्यसले घरभित्रको काममा नारीलाई अलि-अलि सघाई दिन्छ । इच्छा भएन भने घरको सबै काम नारीकै जिम्मामा हुन्छ । आज पश्चिमका नारीहरूले घरभित्रका कामदेखि लिएर घरबाहिरका सम्पूर्ण काम गर्ने गरेका छन् । अफिसको कामदेखि सुरक्षा फौजसम्मको काम नारीले गर्नु परिरहेको छ । साथै घरको र सन्तानको जिम्मेवारी पनि नारीले नै बोकिरहेका छन् । यसवाहेक पुरुषलाई मन लागेको बेलामा उसको कामवासनालाई पनि शान्त पार्नु पर्ने हुन्छ । एउटा सर्वेक्षण अनुसार 'महिलाहरूले दैनिक ११ घन्टा काम गर्दछन् भने पुरुषहरूले ७ घन्टा मात्र' (नेपाल, १६ असोज २०६२) । यो कस्तो समानता र स्वतन्त्रता हो ? यहाँ त नारीलाई पुरुषभन्दा दोब्बर, तेब्बर काम गर्नु पर्दछ । तर यस्तै समानताको लागि आज हाम्रो नेपाली समाज संघर्षरत छ किनभने हामीहरू पश्चिमका सबै राम्रा एवं नराम्रा कुरालाई ईश्वरको वरदान ठान्दछौं र आँखा चिम्लेर त्यसको अनुसरण गर्दछौं । के यो नारीमाथि अत्याचार होइन कि एकातिर उसले सन्तान पनि जन्माओस्, त्यसको पालन-पोषण गरोस्, घरको रेखदेख गरोस्, अनि अर्कोतिर जिविकोपार्जनको लागि ती सबै दुःखहरू पनि भ्रेलोस् जुन पुरुषले भ्रेल्नु पर्ने थियो ?



पश्चिमी समाजले महिलालाई जुन समानता र स्वतन्त्रता दिएको छ त्यो महिलाको हैसियतले होइन बरु तिनीहरूलाई पुरुष बनाएर दिएको छ । आज पनि उनीहरूको दृष्टिमा पत्नी, सन्तानकी आमा वा घरकी रानीको कुनै इज्जत छैन । इज्जत त त्यसको छ जसको शरीर नारीको होस् तर काम त्यसले पुरुषसंगै पुरुषको जस्तै गरोस् र प्रत्येक क्षेत्र एवं ठाउँमा उसको कामवासनाको तृप्ति गरोस् । यस कारण महिलाहरू पुरुष सरह बन्नुमा नै आफ्नो इज्जत ठान्दछन् । यसले महिलाहरूमा हीनभावनाको विकास हुँदै गइरहेको छ । यसको प्रस्ट प्रमाण हो महिलाहरूले पुरुष जस्तो लुगा लगाउनमा आफूलाई गौरवान्वित ठान्नु, जबकि पुरुषहरू महिला जस्तो लुगा लगाउन मन पराउँदैनन् । महिलाहरू पुरुषले गर्नु पर्ने काम गरेर आफूलाई पुरुष सरह देखाउनमा आफ्नो इज्जत ठान्दछन्, तर पुरुषहरू महिलाले गर्नु पर्ने काम गर्न मन पराउँदैनन्, गर्नै पर्‍यो भने बाध्यतावश गर्दछन् । लाखौं पश्चिमी महिलाहरू पत्नी बन्नुमा आफ्नो अपमान ठान्दछन् तर कुनै पनि पुरुष पति बन्नु अपमानजनक कुरा मान्दैन । अतः यो कुरा स्वतः स्पष्ट हुन्छ कि पश्चिमी समाजले नारीलाई नारीको हैसियतले कुनै इज्जत दिएको छैन । मात्र इस्लाम धर्म हो जसले महिलालाई महिलाको हैसियतले समानताको हक प्रदान गरेको छ । इस्लामले महिलालाई जिविकोपार्जनको दायित्व सुम्पेको छैन, असामान्य परिस्थिति बाहेक । परिवारको भरण-पोषण र सम्पूर्ण खर्चको जिम्मा पुरुषको काँधमा राखेको छ । महिलाहरूलाई जिविकोपार्जनको लागि पुरुषहरूसंग संघर्ष गर्नु पर्दैन र पुरुषहरूको वासनायुक्त दृष्टिको तथा यौन शोषणको शिकार हुनु पर्दैन । इस्लामले नारीलाई जिविकोपार्जनको संघर्षबाट यस कारणले

मुक्त गरेको छ जसले गर्दा उसले आफ्नो सम्पूर्ण ध्यान र समय आफ्नो घर र सन्तानलाई दिन सकोस् र घरलाई स्वर्गतुल्य बनाउन सकोस् । इस्लाम धर्म अनुसार घर एवं सन्तानको हेरचाह गर्नुका साथै पारिवारिक जीवनलाई सुखमय बनाउने प्रयत्न गर्नु नारीको कर्तब्य हो । सन्देशवाहक (Prophet) मुहम्मद (स.) द्वारा भनिएको छः-

"सबभन्दा असल पत्नी त्यो हो जसलाई देखेपछि तिमीलाई प्रसन्नताको अनुभूति होस् र तिम्रो आदेशको पालन गरोस् । तिम्रो अनुपस्थितिमा उसले तिम्रो सम्पत्ति र आफ्नो सतीत्वको रक्षा गरोस् ।" (हदीसको संग्रह- बुखारी तथा अबूदाऊद)

## १.१ इस्लाम धर्ममा नारीको हैसियतः-

घरमा नारीका तीन स्पष्ट हैसियतहरू छन्: छोरी, पत्नी र आमा । इस्लामले यी तीनवटै हैसियतमा तिनीहरूलाई सम्मानजनक स्थान प्रदान गरेको छ जसको वर्णन तल गरिएको छ ।

### १.१(क) नारी आमाको रूपमा

इस्लाममा आमा-बुबाको स्थान उच्च रहेको छ। कुरआनमा भनिएको छः-

"तिम्रो पालनकर्ता (अल्लाह) ले आदेश दिएको छ कि त्यस बाहेक अरु कसैको उपासना नगर, तथा मातापिताप्रति दयापूर्ण व्यवहार गर । यदि तिनीहरूमध्ये एकजना वा दुबैजना तिम्रो उपस्थितिमा बृद्धावस्थामा प्रवेश गर्दछन् भने तिनीहरूसित घृणाभाव प्रकट गर्ने शब्द कदापि प्रयोग नगर, न त तिनीहरूलाई गाली गर, बरु उनीहरूलाई आदरपूर्ण शब्दहरूद्वारा सम्बोधन गर्ने



गर । तथा उनीहरूलाई विनयपूर्वक दयाको पखेटाले ढाकेर राख । र (अल्लाहसित) प्रार्थना गर्ने गरः हे मेरो पालनकर्ता ! तिनीहरूमाथि त्यसरी नै दया गर जसरी उनीहरूले बाल्यावस्थामा मेरो पालन-पोषणमा गरेका थिए ।" (सूरह - १७:२३ र २४)

कुरआनका अन्य सूरहहरूमा अल्लाहद्वारा यस प्रकार आदेश भएको छः-

"हामीले मानिसलाई उसका माता-पिताका सम्बन्धमा विशेष आदेश दिएका छौं- उसको आमाले उसलाई गर्भमा बोकेर दुःखमाथि दुःख वहन गर्दछे, र उसको स्तनपानको अवधि दुई वर्ष रहेको छ, मेरो र आफ्ना आमा-बुबाको धन्यवाद ज्ञापन गर ।" (सूरह - ३१:१४)

"हामीले मानिसलाई उसका माता-पिताप्रति सद्भावपूर्ण व्यवहार गर्ने आदेश दिएका छौं । उसकी आमाले उसलाई कष्ट सहन गरी गर्भमा वहन गर्दछे र अति कष्ट सहन गरी उसलाई जन्माउँछे ।" (सूरह - ४६:१५)

इस्लाम धर्ममा आमाको दर्जा बुबाभन्दा तीन गुणा बढी छ । अर्थात् मानिसले आमाको सेवा बुबाभन्दा तीन गुणा बढी गर्नु पर्दछ । सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

"आमाको पैताला मुनि स्वर्ग छ ।" (हदीसको संग्रह - निसाई)

अर्थात् आमाको सेवाले मानिस स्वर्ग प्राप्त गर्न सक्छ । यस्तै अर्को हदीस यस प्रकार रहेको छः-

"अल्लाह र सन्देशवाहक पछि सबभन्दा बढी इज्जत र राम्रो व्यवहारको हकदार तिम्री आमा हुन् ।" (हदीसको संग्रह- बुखारी)

पश्चिमी समाजमा आमा-बुबासंग कस्तो व्यवहार गरिन्छ, यहाँ भनिरहनु पर्दैन । तापनि उदाहरणको लागि म एकजना अमेरिकी महिलाको भनाई जसले इस्लाम धर्म अँगाली सकेकीछिन्, उद्धृत गर्न चाहन्छु । उनी भन्छिन्, "इस्लाम धर्म स्वीकार गर्नुभन्दा अगाडि मैले दुई पटक विवाह गरें, तर दुबै विवाह पारपाचुकेमा नै आएर टुङ्गिए । मेरा दुईटा छोराहरू पनि थिए जो वयस्क भइसकेका थिए । एकजना बेग्लै आफ्नो घरमा बस्थ्यो भने अर्को मसंगै बस्थ्यो । एक समय यस्तो पनि आयो कि मेरो नोकरी छुट्यो र मसंग घरको भाडा तिर्ने पैसा पनि भएन । यो देखेर मसंगै बस्ने छोरो मेरो मद्दत गर्नुको सट्टा मलाई छोडेर आफ्नो साथीसंग बस्न गयो । मेरो दोस्रो छोरोले मलाई आफ्नो घरमा त लग्यो तर उसले मलाई आफ्नो घरको पछिल्लो भागमा रहेको एउटा कोठामा बस्ने अनुमति दियो । त्यसै कोठामा उसले काम नलाग्ने कुडा-कबाडहरू पनि ल्याएर थुपाऱ्यो । उसले त्यस कोठा र घरको बीचमा रहेको ढोकालाई पनि बन्द गरिदियो र साथै उसको घरको कुनै पनि खानेकुरा नखानु भन्ने मलाई आदेश दियो जबकि उसलाई थाहा थियो मसंग खानेकुरा छैन ।" यो हो पश्चिमी समाजमा आमा-बुबाको स्थान, जसलाई हाम्रो नेपाली समाज अँगाल्न सँधै तत्पर रहन्छ । इस्लाम धर्ममा यस्तो कुराको कुनै स्थान छैन । इस्लामले त यस्तो कुरालाई अवैध ठहराएको छ । मुहम्मद (स.) द्वारा भनिएको छः-

> "अल्लाहले तिमीहरूको लागि आफ्नो आमासंग सम्बन्ध टुटाउने कुरालाई अवैध गरिदिएको छ ।" (हदीसको संग्रह-बुखारी)

१.१(ख) **नारी पत्नीको रूपमा**

इस्लामले नारीको व्यक्तित्वलाई पुरुष सरह पूर्ण व्यक्तित्वको रूपमा स्वीकार गर्दछ । विवाह पश्चात पत्नीको व्यक्तित्व पतिको व्यक्तित्वमा विलीन हुँदैन, न त ऊ त्यसको दासी नै हुन्छे । आज पश्चिमी समाज र हाम्रो नेपाली समाजमा विवाहपछि नारीले आफ्नो



नामसंगै पतिको नाम/थर पनि जोड्नु पर्ने हुन्छ तर इस्लाम धर्म यसलाई स्वीकार गर्दैन । इस्लामले पत्नीको उसको आफ्नै अस्तित्वलाई स्वीकार गर्दछ । यसलाई आफ्नो नामसंग पतिको नाम/थर जोड्नु पर्दैन । यहाँ म एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छु । पाकिस्तानकी भूतपूर्व प्रधानमन्त्री बेनजीर भुट्टोले आसिफ जर्दारीसंग विवाह गरेपछि आफ्नो नामसंग जर्दारी जोडिनन् र आज पनि उनी बेनजीर जर्दारीको सट्टा बेनजीर भुट्टोको नामले नै चिनिन्छिन् । विवाह पछि पनि बी.बी.सी. (B.B.C.) ले आफ्नो समाचारमा उनलाई सुश्री बेनजीर भुट्टो भनेर नै सम्बोधन गऱ्यो । यसमा धेरै श्रोताहरूले आपत्ति प्रकट गरे र उनको नाम अगाडि 'सुश्री' को सट्टा 'श्रीमती' भन्नु पर्ने सुझाव दिए । तर बी.बी.सी. ले यसको जवाफमा भन्यो, "उनको नाम अगाडि 'श्रीमती' जोड्दा बेनजीर जर्दारी भन्नु पर्ने हुन्छ र बेनजीरले आफ्नो नामबाट भुट्टो हटाएर जर्दारी नराखेसम्म उनलाई श्रीमती भनेर सम्बोधन गर्न मिल्दैन ।" अर्थात् पतिको नाम/थरलाई आफ्नो नामसंग नजोडेसम्म विवाहित महिलालाई विवाहित भनाउने अधिकार छैन । यो हो पश्चिमी समाजमा नारीको समानता ।

यो कुरा सर्वविदित छ कि हिन्दू धर्ममा 'सती प्रथा' को उन्मूलन भइसकेको छ । तर आज पनि भारतका केही ठाउँमा महिलाहरू पतिको चितासंगै सती गएको समाचार संचार माध्यमहरूमा फाट्टफुट्ट रूपमा आइरहेका छन् । केही वर्ष अगाडि भारतको राजस्थानमा यस्ता केही घटनाहरू घटेका थिए । हालै "भारतको गया भन्ने ठाउँमा एकजना महिलाले आफ्नो पतिको चितासंगै सती गइन् । उनी सती जानेछिन् भन्ने कुरा घरका मानिसहरूलाई पहिलेदेखि नै थाहा थियो तर कसैले पनि उनलाई रोक्ने प्रयास गरेन" (जी न्यूज टि.भि. च्यानल, 25 April 2006) । यसबाट के प्रस्ट हुन्छ भने केही मानिसहरू आज पनि 'सती प्रथा' लाई प्रोत्साहन दिइरहेका छन् र यसै आरोपमा राजस्थानको अदालतमा केही मानिसहरूमाथि मुद्दा पनि चलिरहेको छ । हाम्रै नेपाली

समाजको कुरा गर्ने हो भने महिलाहरू पतिको दीर्घायुका लागि व्रत बस्ने गर्दछन् तर पुरुषहरू पत्नीको लागि व्रत बस्दैनन् । 'पतिको पूजाबाट मात्र नारीले मोक्ष पाउँछे' भन्ने कुरा पनि हाम्रो नेपाली समाजमा विद्यमान छ । इस्लाम धर्ममा अल्लाह बाहेक अन्य कोही पनि पूजनीय छैन किनभने अल्लाह नै यस सृष्टिका स्रष्टा हुन् । मानिस उनको सृष्टिको सर्वश्रेष्ठ प्राणी हो । सृष्टिका सम्पूर्ण सजीव तथा निर्जीव प्रत्यक्ष वा परोक्ष रूपले मानिसको फाइदाका लागि नै अल्लाहद्वारा सृजना गरिएका हुन् । कुरआनमा भनिएको छः-

"त्यो (अल्लाह) नै जसले तिमीहरूका निम्ति पृथ्वीमा रहेका सम्पूर्ण कुराहरूको सृष्टि गरेको छ ।" (सूरह-२:२९)

यसै प्रकार कुरआनका अन्य सूरहहरूमा भनिएको छः-

"आकाशमण्डल र पृथ्वीमा रहेका सम्पूर्ण वस्तुहरूलाई अल्लाहले तिमीहरूको सेवामा लगाएको छ भन्ने कुरा तिमीहरूले देखेका छैनौ र ?" (सूरह - ३१:२०)

"आकाशमण्डल र पृथ्वीमा रहेका सम्पूर्ण वस्तुहरूलाई त्यस (अल्लाह) ले आफ्नो तर्फबाट तिमीहरूको सेवामा खटाएको छ । निस्सन्देह चिन्तन-मनन गर्ने व्यक्तिहरूका निम्ति यसमा धेरै चिनोहरू रहेका छन् ।" (सूरह - ४५:१२)

उपरोक्त कुराहरूबाट के प्रस्ट हुन्छ भने सर्वश्रेष्ठ प्राणीको नाताले मानिसले मानिसको वा सृष्टिका अन्य कुनै वस्तुको पूजा गर्नु हुँदैन । पूजा त त्यसको मात्र गर्नु पर्दछ जो मानिसभन्दा पनि श्रेष्ठ होस् र त्यो एक अल्लाह बाहेक अरु कोही हुन सक्दैन । इस्लामले आफूभन्दा ठूला-बडाको आदर तथा आज्ञा पालनको आदेश त दिन्छ तर पूजाको अनुमति दिँदैन । मानिसभन्दा श्रेष्ठ अल्लाह मात्र हो, अतः अल्लाह मात्र उपासना योग्य छ । जुन व्यक्तिहरू अल्लाह बाहेक अरुलाई उपास्य



बनाउँछन् उनीहरूलाई सम्बोधन गर्दै कुरआनमा भनिएको छः-

"तिमीहरू अल्लाह बाहेक जसलाई गुहार्दछौ उनीहरू पनि तिमीहरू जस्तै अल्लाहकै दास हुन् ।" (सूरह - ७:१९४)

अतः एउटा दासले अर्को दासलाई उपास्य बनाउनु कदापि उचित हुन सक्दैन । इस्लामले पतिलाई पूजनीय ठान्दैन । त्यसले पति र पत्नीबीच प्रेम र दयाको भावलाई महत्व दिन्छ । इस्लाम पति पत्नीलाई एक अर्काको सहयोगी ठान्दछ । कुरआनमा भनिएको छः-

"अल्लाहका निशानीहरूमध्ये एउटा यो पनि हो कि उसले तिमीहरूबाटै तिमीहरूका निम्ति जीवनसाथीहरूको सृष्टि गऱ्यो जसलेगर्दा तिमीहरू उनीहरूको साथमा आराम र शान्ति पाउन सक, तथा उसले तिमीहरूको बीचमा प्रेम र सहानुभूतिको सम्बन्ध राखिदिएको छ ।" (सूरह - ३०:११)

पति-पत्नीकै सन्दर्भमा कुरआनको अर्को सूरहमा भनिएको छः-

"तिनीहरू (पत्नीहरू) तिमीहरूका निम्ति परिधान स्वरूप हुन्, तथा तिमीहरू (पतिहरू) उनीहरूका निम्ति परिधान स्वरूप हौ ।" (सूरह - २:१८७)

अर्थात् जसरी वस्त्रले हाम्रो शरीरलाई ढाक्दछ र हाम्रो सुन्दरता बढाउँछ, त्यस्तै पति, पत्नी एक अर्काका इज्जत र श्रृंगार हुन् । यसै प्रकार अर्को सूरहमा भनिएको छः-

"निष्ठावान पुरुषहरू र निष्ठावान महिलाहरू परस्पर एक अर्काका सहयोगी हुन् । तिनीहरू एक अर्कालाई पुण्यकार्यको आदेश दिन्छन् तथा दुष्कार्यबाट रोक्दछन् ।" (सूरह - ९:७१)

यस्तै पत्नीको सम्बन्धमा सन्देशवाहक (Prophet) मुहम्मद

(स.) द्वारा भनिएको छः-

> "संसारका राम्रा कुरामध्ये असल पत्नीभन्दा राम्रो कुरा केही छैन ।" (हदीसको संग्रह - इब्ने माजह)

अर्को हदीस यस प्रकार छः-

> "तिमीहरूमध्ये सर्वश्रेष्ठ त्यो हो जो आफ्नो पत्नीको लागि श्रेष्ठ छ र म आफ्ना पत्नीहरूका निम्ति तिमीहरू सबैभन्दा श्रेष्ठ हुँ ।" (हदीसको संग्रह - बुखारी)

यस्तै एउटा अवसरमा सन्देशवाहक मुहम्मद (स.) द्वारा आदेश भएको छः-

> "कुनै निष्ठावान पतिले कुनै निष्ठावान पत्नीसित घृणा नगरोस् । यदि उसको एउटा बानी राम्रो लाग्दैन भने अर्को राम्रो लाग्न सक्छ ।" (हदीसको संग्रह - मुस्लिम)

१.१(ग) **नारी छोरीको रूपमाः-**

इस्लामभन्दा पहिले अरब मुलुकहरूमा नारीको कुनै हैसियत थिएन । छोरीको जन्ममा मानिसहरू आफूलाई अपमानित ठान्दथे । केही कठोर मुटुका मानिसहरूले आफ्ना निर्दोष छोरीलाई जिउँदै जमीनमा गाडिदिन्थे । यसै कुराको चित्रण गर्दै कुरआनमा भनिएको छः-

> "जब उनीहरूमध्ये कसैलाई छोरी जन्मिएको खबर दिइन्छ तब उसको मुख कालो हुन्छ र त्यो मनमनै दुःख एवं रिसले मुरमुरिन थाल्छ । यस शुभसमाचारका कारण त्यो अन्य मानिसहरूबाट लुक्दै हिड्दछ । सोच्दछ, 'अपमान सहेर त्यसलाई जीवित राख्ने अथवा त्यसलाई माटो मुनि पुर्ने ?' उफ ! उनीहरू जुन निर्णय गर्दछन् त्यो अति नै निकृष्ट रहेको छ ।" (सूरह - १६:५८ र ५९)



आज पनि हाम्रो नेपाली समाजमा इस्लामभन्दा पहिलेका कुरा विद्यमान छन् । छोरीको जन्ममा मानिसको अनुहार कालो हुन्छ । अशिक्षितहरूका त कुरै छाडौं, धेरै शिक्षितहरू छोरो जन्मेकोमा गुलियो मन बनाउने र छोरी जन्मेकोमा अमिलो मन बनाउने रोगबाट ग्रसित छन् । 'पितृ ऋणबाट मुक्ति पाउन छोरा अनिवार्य चाहिन्छ' भन्ने मान्यता अझै पनि हाम्रो नेपाली समाजमा पाइन्छ ।

'काठमाडौं' को प्रसूतिगृहमा एकजना महिलाले तेस्रो सन्तान पनि छोरी नै जन्माएपछि प्रसूतिगृहकै शैयाबाट आफ्नो पीडा यसरी पोख्दै थिइन्: "डाक्टर साहेब, मलाई मर्ने सुई लगाइदिनुस्, म मर्न चाहन्छु ।" तीन छोरीकी आमा बनिसकेकी कौशिला नाम बताउने ती महिला राजधनीकै थापाथलीस्थित प्रसूतिगृहमा यसरी विलाप गर्दै थिइन मानौं छोरा वा छोरी जन्माउनु उनकै इच्छाको कुरा हो । उनका पतिले विगतमा पनि छोरा नजन्माएको भन्दै कुटपिट गरेका थिए र सुत्केरी अवस्थामा राम्रो खाना र हेरचाह गरेका थिएनन् । यस पटक उनलाई यो डरले झन् बढी सताएको छ' (गोरखापत्र, २०६३/४/१०) । सहरी क्षेत्रमा यो स्थिति छ भने गाउँको स्थिति कस्तो होला ? सजिलै अनुमान गर्न सकिन्छ । यस्तै तराई भेगका एकजना शिक्षित युवक (नगेन्द्र मण्डल) श्रीमतीले छोरी पाइदिएकोले विवाहमा दिनु पर्ने दाइजो सम्झेर बेहोस् भएका थिए (साप्ताहिक, २०६१/८/४) । इस्लाम धर्ममा दाइजोको कुनै स्थान छैन तर आजभोलि यो विकृति अन्य समुदायबाट मुस्लिम समुदायमा पनि सर्दै गइरहेको छ । विशेष गरी भारतीय, पाकिस्तानी, बङ्गलादेशी र नेपाली मुसलमानहरूमा यो विकृतिले जरा गाड्दै गइरहेको छ । सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

> "सबभन्दा आदर्श विवाह त्यो हो जसमा विवाहका दुबै पक्षले एक अर्कामाथि कमभन्दा कम भार राखुन् ।" (Haythami, Kitab-un-Nikah)

आज नेपाली समाजमा छोरीको हत्या उसको जन्मपछि त गरिँदैन तर छोरीको भ्रूण हत्या तीव्र गतिमा बढिरहेको छ । भिडियो एक्सरेको मद्दतले गर्भको भ्रूण छोरा हो वा छोरी भन्ने कुरा पत्ता लगाएर आमा-बुबाले छोरीको भ्रूणलाई गर्भमै तुहाई दिने गरेका छन् । गर्भपतनले कानूनी मान्यता पाएपछि यसमा झन् बृद्धि भएको पाइन्छ । गोरखापत्रको एक समाचार अनुसार 'नेपालमा गर्भपतनले कानूनी मान्यता पाएपछि बिगत एक वर्षको अवधिमा ७ हजार ४ सय ६२ महिलाले गर्भपतन गराएका छन्' (गोरखापत्र - २०६२/१/११) । यस्तै हाम्रो छिमेकी मुलुक भारतमा पनि छोरीको भ्रूण हत्याको क्रम बढ्दै गइरहेको छ । त्यहाँका विज्ञहरूको भनाई अनुसार, "केही वर्षयता भारतमा दसौं लाख महिलाहरूले भ्रूणहत्या गरिसकेका छन् । लिङ्ग निर्धारण गर्ने प्रविधि गाउँ-गाउँसम्म पुगेपछि आगामी दुई दशकभित्र छोरीको भ्रूणहत्या गर्नेको संख्या सात करोड पुग्ने देखिन्छ" (राजधानी - २०६१/१०/११) । एक अर्को सर्वेक्षण अनुसार, "२० वर्षयता भारतमा १ करोड बालिकाको भ्रूणहत्या भएको छ । वर्षेनी ५ लाख गर्भस्त बालिकाको छोरा पाउने बाबु-आमाको चाहनाका कारण जन्मपूर्व नै मृत्यु हुने गर्दछ" (नेपाल - ९ माघ २०६२) । यस्तै 'भारतको दिल्लीमा गोपाल नाम गरेको एक व्यक्तिले आफ्नो ५ हप्ताकी छोरीको घाँटी थिचेर हत्या गर्‍यो । उसको चाहना छोरा थियो तर छोरी जन्मिएको कारण त्यो निराश भयो र छोरीको नै हत्या गरिदियो' (आजतक टि.भी. न्यूज च्यानल, १४ डिसम्बर २००५) ।

यसै प्रकार "भारतको बुन्देलखण्ड क्षेत्रमा गरीबीका कारण मानिसहरूले आफ्ना नवजात छोरीहरूलाई जिउँदै जमीनमा गाड्ने गरेका छन् । करीब एक दर्जन नवजात छोरीहरूलाई जिउँदै जमीनमा पुरिएका घटनाहरू सामुन्ने आइसकेका छन् । यस्तो घटना छोरीलाई दिइने दाइजोको डरले घटित भइरहेका छन्" (जी न्यूज टि.भि. च्यानल, २० जूलाई २००६) । अब अर्को छिमेकी मुलुक चीनलाई हेरौं । एउटा



समाचार अनुसार, "चीनले 'एक मात्र सन्तान' को नीति अघि सारेपछि त्यहाँ पनि भ्रूणहत्या गर्ने मानिसहरूको संख्या बढ्दै गइरहेको छ । उदाहरणको लागि चीनको जोङ्पो गाउँलाई लिन सकिन्छ । चीनको गुआङजी प्रान्तमा अवस्थित जोङ्पो गाउँका अधिकाँश किसानहरू छोरीको 'छ' पनि सुन्न चाहँदैनन् । छोरी हुने निश्चित भएपछि गर्भमै तुहाई दिने होस् वा जन्मेपछि त्यागी दिने वा अरुलाई दिने वा कहिलेकाहिँ मारिदिनेसम्मको निर्णय गर्न पनि उनीहरू हच्किँदैनन्" (राजधानी - २०६१/१०/१८) । के यही हो नारी समानता ? इस्लाम धर्ममा यस्ता कुराको कुनै स्थान छैन । हत्या होस् वा भ्रूणहत्या यसले दुबैलाई ठूलो अपराध ठान्दछ । कुरआनमा भनिएको छः-

> "दरिद्रताको डरले आफ्ना सन्तानको हत्या नगर । हामी (अल्लाह) नै उनीहरूलाई जीविका प्रदान गर्दछौं र तिमीहरूलाई पनि । निस्सन्देह तिनीहरूको हत्या गर्ने कार्य ठूलो पाप हो ।" (सूरह - १७:३१)

यस्तै अर्को सूरहमा भनिएको छः-

> "निस्सन्देह ती व्यक्तिहरू घाटामा छन् जसले सोच-विचार नगरी मूर्खतापूर्वक आफ्ना सन्तानको हत्या गर्दछन् ।" (सूरह - ६:१४०)

सन्देशवाहक मुहम्मद (स.) ले छोरीको महत्व दर्शाउँदै भन्नुभएको छः-

> "छोरीको जन्ममा दुःखी नहोऊ र त्यसको पालन-पोषणमा कन्जुस्याँई नगर । छोरीको राम्रो पालन-पोषणले तिमीलाई स्वर्गको हकदार बनाउँछ ।" (हदीसको संग्रह - बुखारी)

यस्तै अर्को हदीसमा भनिएको छः-

> "जुन व्यक्तिकहाँ छोरीहरू जन्मिएका हुन्छन् र उसले

> तिनीहरूको पालन-पोषण राम्रोसंग गर्दछ भने तिनै छोरीहरू उसको निम्ति नरकबाट बचाउने साधन हुनेछन् ।" (हदीसको संग्रह - मुस्लिम)

इस्लाम धर्ममा आमा र छोरीलाई जुन दर्जा दिइएको छ त्यो पिता र छोरालाई दिइएको छैन । अतः इस्लामले नारीलाई कस्तो स्थानमा राखेको छ स्वतः स्पष्ट हुन्छ ।

## १.२ नारी अन्य समाजमाः–

हाम्रै नेपाली समाजको कुरा गर्ने हो भने देशका कयौं भागमा बोक्सीको आरोप लगाएर नारीमाथिको दुर्व्यवहार निकै चर्चित विषय बनेको छ । यस्ता महिलाहरूलाई कुट्नु र मानव मल-मूत्र खुवाउनु सामान्य कुरा हो । 'सल्यान जिल्लाको थारमारेमा बोक्सी पत्ता लगाउने अन्धविश्वासमा एक झाँक्रीले थारमारेका ४५ महिलाको जिब्रो तातो पन्युले डामेको थियो । त्यसरी जिब्रो डामिनेहरूमा थारमारे -९, खालीमा गाउँका १४ देखि ६० वर्ष उमेर समूहका महिलाहरू थिए । झाँक्रीको भनाई के थियो भने जसको डामिएको जिब्रो पाक्छ त्यो नै बोक्सी हो । तर डामिएपछि सबै महिलाहरूको जिब्रो पाकेको थियो' (नेपाल, १२ मङ्सीर २०६२) । हाम्रै देशको कयौं मन्दिरहरूमा महिलाको प्रवेश निषेध गरिएको पाइन्छ । उदाहरणको लागि 'ओखलढुङ्गाको रानीबन गा.वि.स. - १ स्थित अन्नपूर्ण कालिका देबीको मन्दिरलाई लिन सकिन्छ । यस मन्दिरमा महिला र दलितलाई प्रवेश निषेध छ' (स्पेसटाइम, २०६०/१०/५) । 'डोटी जिल्लाको सिद्धेश्वर माध्यमिक विद्यालय नजीकै मसानी देवीको मन्दिर रहेकोले महिनावारी भएको बेला छात्राहरू प्रत्येक महिनामा ५ दिन स्कूल जान पाउँदैनन् । महिनावारीका बेला मन्दिर नजिक गए अनिष्ट हुन्छ भन्ने मान्यता रहेकोले छात्राहरूलाई स्कूल जान दिइन्न' (कान्तिपुर, २०६१/९/१७) । रजस्वला भएकी



महिलाले पकाएको खाना अपवित्र हुन्छ भन्ने कुराको मान्यता आज पनि हाम्रो नेपाली समाजका उच्च जातिका शिक्षित व्यक्तिहरूमा पनि विद्यमान छ, अशिक्षित व्यक्तिका त कुरै छाडौं । 'काठमाडौं र पोखराका केही बिस्कुट फैक्ट्रीमा रजस्वला भएकी महिलाहरूलाई अपवित्र ठानी बिदा दिने गरिन्छ' (गोरखापत्र, २०५७/६/१६) । यो विदा उनीहरूप्रति सहानुभूतिले गर्दा दिइएको होइन बरु उनीहरूले बनाएको बिस्कुट अपवित्र ठानी मानिसहरूले किन्दैनन् भन्ने कुराको डरले यसो गरिएको हो । 'महिलाहरूमा महिनावारी भएको बेला खाना पकाउन नहुने, अरु मानिसलाई छुनु नहुने, एउटै बेन्चमा बस्न नहुने जस्ता क्रियाकलाप छुई प्रथा अन्तर्गत गरिँदै आइएको छ । विराटनगरको एक मन्दिरका पण्डित इन्द्र देवताको पाप पखाल्न महिलाहरूले छुई बार्नुपरेको बताउँछन्' (संगालो, वैशाख-जेष्ठ २०५९) । कस्तो अचम्मको कुरा ! पाप गर्ने इन्द्र देवता र उहाँको पाप पखाल्ने महिलाहरू । दोस्रो कुरा इन्द्र देवता त पुरुष थिए, यदि उहाँको पाप पखाल्नु पर्ने नै थियो भने यो भार पुरुषहरूलाई किन दिइएन ? इस्लाम धर्ममा महिनावारी भएको बेला महिलाले धार्मिक कार्य (नमाज पढ्नु, व्रत बस्नु) र पतिसंग यौन सम्पर्कबाहेक अन्य सबै कार्य गर्न सक्छे । उसले पकाएको वा छोएका कुरा अपवित्र हुँदैनन् । ऊ परिवारसंग उठ्-बस् गर्न सक्छे र संगै बसेर खाना खान सक्छे ।

हाम्रो देशको सुदूर पश्चिमका पहाडी भेगमा छाउपडी प्रथा अझै विद्यमान छ । 'यस प्रथामा महिनावारी र सुत्केरी हुँदा महिलाले घर छाडेर असुरक्षित र फोहोर ओडार वा गोठमा बस्नु पर्दछ । यस्तो अवस्थामा उनीहरूलाई रोग, बलात्कार र मृत्युसमेतको सामना गर्नु परिरहेको छ । छाउपडी प्रथामा नारीलाई पुरुषको अनुहार हेर्न, नुहाउन, कपाल कोर्न एवं दूध र फलफूल जस्ता पोषिला खानेकुरा खान निषेध गरिएको हुन्छ' (कान्तिपुर, २०६१/८/११) ।

नारीको शोषणमा नारीहरू पनि पछि छैनन् । छोराछोरीको भेदभावमा, दाइजोको लेनदेनमा, बुहारीलाई सताउनमा महिलाहरू नै बढी अग्रसर देखिन्छन् । नारीहरू सबै समाज र समुदायमा पीडित र शोषित छन् । तर संचार माध्यमहरूमा मुस्लिम महिलाहरूलाई संसारका सबैभन्दा बढी पीडित र शोषित महिलाको रूपमा चित्रण गरेको पाइन्छ विशेष गरी पश्चिमी संचार माध्यमहरूमा । हाम्रै देशमा तुलना गर्ने हो भने मुस्लिम समुदायका महिलाहरूभन्दा पहाडी भेगका महिलाहरू कयौं गुणा बढी पीडित र शोषित छन् । सभ्य भनाउँदा अमेरिका र युरोपमा पनि महिलाहरू शोषित र पीडित छन् । आज पनि पश्चिमी समाजमा कयौं यस्ता संस्थाहरू छन् जो समान कार्यको लागि महिलाहरूलाई पुरुषभन्दा कम पारिश्रमिक दिने गरेका छन् । यस्तो असमानता पूर्वी समाजमा पनि विद्यमान छन् । यसै सन्दर्भमा म एउटा उदाहरण भारतबाट प्रस्तुत गर्न चाहन्छु । '१६ जनवरी, २००५ मा भारतको मुम्बईमा म्याराथन दौडको आयोजना गरिएको थियो । यस म्याराथनमा पुरुष विजेताको लागि ३० हजार अमेरिकी डलरको पुरस्कार राखिएको थियो भने महिला विजेताको लागि मात्र २० हजार अमेरिकी डलर पुरस्कारको व्यवस्था गरिएको थियो' (भारतका विभिन्न टि.भी., न्यूज च्यानलहरू - जनवरी, २००५) । हाम्रै देशका कयौं ठाउँमा समान कार्यको लागि नारीहरूलाई पुरुषभन्दा कम ज्याला दिइन्छ । उदाहरणस्वरूप यस समाचारलाई लिन सकिन्छ - "समान काममा समान ज्याला नपाएपछि सिद्देश्वर (पाल्पा जिल्ला) का महिलाहरूले काम वहिष्कार गरेका छन् । महिलाको ज्याला पुरुषको भन्दा आधा छ । पुरुषले एक सय पाउँछन् भने महिलाले ५० रुपैयाँ मात्र" (कान्तिपुर, २०६३/३/४) । 'रुसमा दिनहुँ ३६ हजार महिलाहरूलाई तिनका पतिले कुट्ने गरेका छन् र यो क्रियाकलाप निकै लामो समयदेखि चलिरहेको अनुमान गरिएको छ । वर्षेनी १४ हजार महिलाको उनका पति वा उनीसंगै बस्ने पुरुषको हिंसात्मक क्रियाकलापका कारण मृत्यु हुने गरेको



छ' (कान्तिपुर, २०५९/११/२४) । यस्तै वर्तमान अमेरिकी नारीको बयान गर्ने क्रममा बार्बरा रबर्टस् लेख्छिन्, "प्रत्येक १२ सेकेण्डमा लोग्नेहरू स्वास्नीलाई पिटिरहेका हुन्छन् र प्रत्येक दिन पिटिने नारीहरूमध्ये चारजना मृत्युवरण गर्दछन्" (हिमाल, १६ असोज - १५ कार्तिक, २०६२) ।

हाम्रो देशमा पनि महिलाहरूप्रति घरेलु हिंसा बढ्दै गइरहेको छ । तराई भेगमा दाइजोको कारणले निकै अघिदेखि महिलाहरू हिंसाको शिकार बन्दै आइरहेका छन् । तर अब पहाडी भेगमा पनि दाइजोको विष फैलिन थालेको छ । उदाहरण स्वरूप रोल्पा जिल्लाको एउटा घटनालाई लिन सकिन्छ । 'रोल्पाको तालावङ गा.वि.स., वडा नं. ९ बस्ने एकजना खड्का थरका मानिसले विदेश जानको लागि माइतीबाट ५० हजार रुपैयाँ नल्याएका कारण आफ्नै गर्भवती पत्नीको जीउमा मट्टितेल खन्याएर आगो लगाई दिएका थिए । हारगुहार गरेर उनी आगो निभाउन त सफल भइन् तर महिनौंसम्म उनको शरीरको घाउ निको नभएकोले उनले निकै नै दु:ख भोल्नु पर्‍यो' (हिमाल, १६-३० मङ्सीर २०६१) । यस्तै गरीबी र हिंसाका कारण आत्महत्या गर्नेहरूको संख्या पनि नेपालमा बढ्दै गइरहेको छ । यहाँ प्रत्येक एक लाख मानिसमा १० जनाले आत्महत्या गरेको विभिन्न अध्ययनले देखाएका छन् । आत्महत्या गर्नेहरूमा पुरुषभन्दा महिलाहरू बढी रहेका छन् । अध्ययनले के देखाउँछ भने आत्महत्या गर्नेहरूको संख्या मुस्लिम समुदायभन्दा अन्य समुदायमा बढी छ । '२०६० सालमा रुपन्देही जिल्लामा आत्महत्या गर्ने १०८ जना मध्ये ४२ जना दलित (३८.९%), २४ जना ब्राह्मण (२२.२%), २० जना थारु (१८.५%), १२ जना पहाडिया जनजाति (११.१%), ८ जना क्षेत्री (७.४%) र २ जना मुसलमान (१.८%) थिए । कपिलवस्तुमा आत्महत्या गरेका कुल ५१ जनामध्ये २३ जना थारु (४५%), १२ जना बाहुन (२३.५%), ५ जना क्षेत्री (९.८%), २ जना मुसलमान (३.९%), १ जना मगर (१.९%) र बाँकी (१५.६%) मधेसी मूलका विभिन्न जातिका

थिए । यस्तै नवलपरासीमा १६ महिनाभित्र आत्महत्या गर्ने कुल ११३ जनामध्ये २७ जना बाहुन (२३.९%), २० जना दलित (१७.७%), १९ जना थारु (१६.८%), १२ जना क्षेत्री (१०.६%), ९ जना पहाडिया जनजाति (७.९%), ३ जना यादव (२.६%), १ जना मुसलमान (०.९%) र बाँकी (१९.४%) अन्य जातिका थिए' (हिमाल, १६-३० मङ्सीर २०६१) । अतः उक्त तथ्यांकबाट स्वतः प्रस्ट हुन्छ कि घरेलु हिंसा मुस्लिम समुदायभन्दा अन्य समुदायमा बढी छ ।

नारी समानताकै सन्दर्भमा म यहाँ एकजना यस्ती अमेरिकन महिलाको भनाई उद्धृत गर्न सान्दर्भिक ठान्दछु जसले क्रिश्चियन धर्मलाई छाडेर इस्लाम धर्म स्वीकार गरिसकेकी छिन् । उनी भन्छिन्, "पश्चिमी समाजमा महिलाहरूको जीवन बडो संघर्षपूर्ण छ । सबैजना उनीहरूसंग के आशा राख्दछन् भने तिनीहरू एउटा असल पत्नी, असल आमा, असल गृहणी, असल कर्मचारी, असल प्रहरी एवं असल सैनिक आदि बनुन् । त्यहाँ नारी स्वतन्त्रताको सम्बन्धमा धेरै कलेजहरू स्थापित भएका छन् र सबैले नारीका विभिन्न काम-कर्तब्यको बारेमा ध्यान दिने गर्दछन् । नारी यी सबै कार्यहरूबीच अल्मलिएर आश्चर्यचकित हुन्छे । त्यहाँ नारीलाई नारी होइन पुरुष बनाउने गरिन्छ ।" उनी अगाडि भन्छिन्, "इस्लाम धर्म स्वीकार गर्नुभन्दा पहिले मेरो विचार के थियो भने महिलाहरू कुनै पनि हालतमा पुरुषहरूभन्दा कमजोर छैनन् । पुरुषले गर्ने सबै काम महिलाले गर्न सक्छे । तर जब म कुनै काममा पुरुषभन्दा पछाडि हुन्थें, त्यसबेला म पुरुषलाई आफ्नो शत्रु ठान्दथें । म आक्रोशले छट्पटाई रहन्थें र मेरो सुख-चैन हराएर जान्थ्यो । जब मैले इस्लामको अध्ययन गरें तब मलाई थाहा भयो, नारी हुनु र आमा बन्नु त गर्वको कुरा हो । नारीको वास्तविक स्वतन्त्रता मैले इस्लाम धर्ममा पाएँ जहाँ नारी र पुरुष आफूलाई एक अर्काको प्रतिद्वन्दी ठान्दैनन् ।"

एउटा कुरा म के स्पष्ट गर्न चाहन्छु भने मेरो भनाईको तात्पर्य



यो होइन कि मुस्लिम समुदायमा महिलाहरू पीडित र शोषित छैनन् । अवश्य छन्, तर ती शोषणहरू अज्ञानता, अशिक्षा र सामाजिक कुप्रभावले गर्दा भएका हुन् । अपवादको रूपमा कसै-कसैले इस्लाम धर्मको आडमा पनि नारीको शोषण गर्ने गरेका छन् । तर इस्लाम धर्मको भावना यसको विपरीत छ । यदि हामीले गहिरिएर विचार गऱ्यौं भने इस्लाममा नारीको हैसियत घरकी रानी जस्तो छ किनभने घर चलाउनका लागि सम्पूर्ण कुराको जोहो पुरुषले गर्नु पर्छ, नारीले त नपुग कुराको लागि मात्र अह्राउने काम गर्दछे । यहाँ प्रतिद्वन्दिताको भावनाले होइन, माया र कर्तब्यको भावनाले काम गरेको हुन्छ ।

## २. पैतृक सम्पत्तिमा अधिकार

पैतृक सम्पत्तिमा महिलाको अधिकार स्थापित गराउन आज हाम्रो नेपाली समाज संघर्षरत छ । विभिन्न गैरसरकारी संस्था (NGO), अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (INGO) तथा महिला संघ, संगठनहरू यसको लागि कार्यरत छन् तर अपेक्षित रूपमा सफलता प्राप्त गर्न सकिराखेका छैनन् । इस्लाम धर्मले १४ सय वर्ष अगाडि नै पैतृक सम्पत्तिमा महिलाको हक-हितलाई सुरक्षित गरिदिएको छ । कुरआनमा भनिएको छः-

> "आमा-बाबु तथा नातेदारहरूले आफू पछाडि जुन कुरा छाडेर जान्छन्, चाहे त्यो थोरै होस् वा धेरै त्यसमा पुरुषहरूको भाग छ र महिलाहरूको पनि भाग रहेको छ, एउटा निर्धारित भाग ।" (सूरह - ४:७)

आज हाम्रो समाज यस दोबाटोमा अलमलिएको छ कि नारीलाई पैतृक सम्पत्तिमा र पतिको सम्पत्तिमा कुन हिसाबले अधिकार प्रदान गर्ने । इस्लामले यस समस्याको समाधान पनि दिएको छ, जसअनुसार पैतृक सम्पत्तिमा छोराले २ भाग र छोरीले एक भाग पाउने प्रावधान

रहेको छ तथा छोरा नभएको खण्डमा सबै छोरी २/३ (दुई तिहाइ) भागमा सहभागी हुनेछन् । यस्तै लोग्नेको सम्पत्तिमा पत्नीले सन्तान भएको खण्डमा १/८ र सन्तान नभएको खण्डमा १/४ को हिसाबले सम्पत्ति पाउने व्यवस्था गरेको छ । यसो हेर्दा महिलाको सम्पत्ति पुरुषभन्दा निकै कम देखिन्छ तर पुरुषको सम्पत्तिसंग तुलना गर्दा यो बढी नै हुन आउँछ किनभने इस्लाम धर्ममा घरको सम्पूर्ण जिम्मेवारी पुरुषको काँधमा राखिएको छ । परिवारको सम्पूर्ण खर्च लोग्नेमानिसले नै वहन गर्नु पर्दछ । महिलाले आफ्नो सम्पत्तिबाट केही पनि खर्च गर्नु पर्दैन । पुरुषको सम्पत्तिमा पत्नी, छोरा, छोरी, दाजु-भाइ, दिदी, बहिनी सबैको हक लाग्दछ । तर महिलाको सम्पत्ति उसको निजी सम्पत्ति हो । उसको सम्पत्तिमा जीवित अवस्थासम्म कसैको हक लाग्दैन । उसले आफ्नो सम्पत्ति आफ्नै हिसाबले खर्च गर्न सक्दछे वा कुनै आम्दानी हुने काममा लगाउन सक्छे। यस सम्बन्धमा उसलाई पति वा अन्य कुनै व्यक्तिले दबाउ दिन सक्दैन । यति हुँदा-हुँदै पनि महिलाको हक-हितका कुरा चल्दा मुस्लिम महिलाको उदाहरण नकारात्मक रूपले प्रस्तुत गरेको पाइन्छ ।

## ३. विवाह एवं पारपाचुके (तलाक) को अधिकार

इस्लाम धर्मले नारीलाई आफ्नो पति छान्ने पूर्ण अधिकार प्रदान गरेको छ । नारीको इच्छा विपरीत कसैलाई उसको विवाह गर्ने अधिकार प्राप्त छैन । विवाह नारीको जीवनको सबभन्दा महत्वपूर्ण कुरा हो । यस कारण विवाह हुने बेलामा नारीको स्वीकृतिलाई इस्लामले अनिवार्य गरेको छ ।

### ३.१ विधवा विवाहः-

हाम्रो देशको कानूनले बन्देज नलगाए पनि विधवा विवाह हाम्रो नेपाली समाजमा मान्य छैन । पतिको मृत्युपछि सबै श्रृङ्गार त्यागेर



सेतो वस्त्रमा सीमित बस्न तथा 'पोइटोकुवा' जस्ता अमर्यादित लाञ्छनासमेत सुन्न बाध्य छन् विधवा महिलाहरू । एक गैरसरकारी संस्थाको सर्वेक्षण अनुसार 'नेपालमा करीब ५ लाख विधवा महिलाहरू रहेका छन् । द्वन्द्वका कारण विधवा बन्नेहरूमा युवा महिलाहरूको संख्या बढी छ । सामाजिक र सांस्कृतिक काममा अशुभ मानिने, हरेक गतिविधिमा शंका र चरित्रमाथि बारम्बार प्रश्न उठाइने, धेरै पुरुषहरूले यौनाशक्त दृष्टिले हेर्ने लगायतका दर्जनौं समस्या भोग्नु पर्दछ एक विधवा महिलाले' (हिमाल, १-३० कार्तिक २०६१) । यस्तो अवस्थामा एक्लै जीवन बिताउनु निकै कठिनपूर्ण हुन्छ । तापनि हाम्रो नेपाली समाजमा विधवा विवाहलाई मानिसहरू अपराध ठान्दछन् । केही वर्ष अगाडि महोत्तरी जिल्लामा एकजना भूमिहार ब्राह्मणले विधवासंग विवाह गरेको कारण जातीय समुदायबाट वहिष्कृत हुनु परेको थियो । इस्लाम धर्मले विधवा महिलालाई सेतो वस्त्रमा सीमित पारेको छैन । यसले विधवा एवं सम्बन्ध विच्छेद भइसकेका महिलाहरूलाई ससम्मान अर्को विवाह गर्ने अधिकार प्रदान गरेको छ । मुस्लिम समुदायमा यस्ता विवाहका एउटा, दुईटा होइन सयौं उदाहरणहरू देख्न सकिन्छ । इस्लामले विधवा एवं कुमारी महिलाबीच कुनै प्रकारको भेदभाव गरेको छैन । विवाहको मामलामा दुबैको इच्छालाई नै सर्वोपरि राखेको छ । सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

"कुनै विधवाको विवाह उसको सल्लाह बिना नगरियोस् र कुनै कुमारीको विवाह उसको इच्छा बिना नगरियोस् । कुमारीको स्वीकारात्मक संकेत उसको मौनता हो ।" (हदीसको संग्रह - बुखारी तथा मुस्लिम)

### ३.२ बहु-पत्नी विवाहः-

इस्लाम धर्मले बहु-पत्नी विवाहको स्वीकृति पनि दिएको छ । यसलाई लिएर अन्य धर्मावलम्बीहरूले खुब आलोचना गर्ने गरेका

छन् । यो सत्य हो, इस्लाममा चारवटासम्म पत्नी राख्न सक्ने व्यवस्था छ तर यो अनिवार्य होइन । एकभन्दा बढी विवाह गर्ने पुरुषलाई इस्लामले के कुरामा बाँधेको छ भने उसले सबैसंग समानरूपले न्यायपूर्ण व्यवहार गर्नु पर्दछ । यदि उसले सबैसंग न्यायपूर्ण व्यवहार गर्न सक्दैन भने एक पत्नीमै सीमित रहनु पर्दछ । कुरआनमा भनिएको छः-

"तिमीहरूलाई मन परेका महिलाहरूमध्ये दुई वा तीन अथवा चारवटीसंग विवाह गर, तथा यदि तिमीहरूलाई भय छ कि तिनीहरू माझ न्याय गर्न सक्दैनौ भने एउटै पत्नीमा सीमित बस ।" (सूरह - ४:३)

आज संसारका धेरै मुलुकहरूले वेश्यावृतिलाई कानूनी मान्यता प्रदान गरिसकेका छन् र यो पेशा पुरुषहरूको चरित्रहीनताले नै चलेको छ । हाम्रो देशमा यसले कानूनी मान्यता नपाए पनि यो पेशा फस्टाउँदै गइरहेको छ । 'काठमाडौंमा मात्रै २५ देखि ३० हजार महिला यौन व्यवसायीहरू छन्' (हिमाल, १-१५ माघ २०५९) । यस पेशामा बालयौन व्यवसायीहरू पनि संलग्न छन् । 'काठमाडौं उपत्यकाको भक्तपुरमा मात्रै ९ सयभन्दा बढी बालयौन व्यवसायीहरू रहेका छन्' (गोरखापत्र, ०६२/११/७) । काठमाडौं उपत्यकामा गरिएको एक सर्वेक्षण अनुसार 'यौन व्यवसायीहरूको ग्राहकमा प्रायःजसो सबै वर्गका मानिसहरू पर्दछन् । सर्वेक्षण अनुसार उनीहरूको ग्राहकमा प्रहरी/सैनिक ३५%, कर्मचारी २३%, ब्यापारी १७%, चालक/लेबर १२%, विदेशी ११% र विद्यार्थी २% रहेका छन् । विदेशी ग्राहकमध्ये भारतीय पहिलो र बङ्गाली दोस्रो नम्बरमा पर्दछन् भने तेस्रोमा पश्चिमाहरू पर्दछन् । यौनकर्मीका पेशा बारे उनीहरूका परिवारमध्ये ७८% परिवारलाई यो कुरा थाहा भएकै हुन्छ" (नेपाल, १२ मङ्सीर २०६२) ।

'जातीय समूहको आधारमा हेर्ने हो भने मुख्यरूपले काठमाडौंका यौन व्यवसायीहरूमध्ये तामाङ्ग २५%, नेवार २७%, बाहुन २५% र क्षेत्री २३% रहेका छन्' (देशान्तर,



२०५७/४/१) । एड्स जस्तो भयानक रोग तीब्र गतिमा फैलिरहेको छ र 'प्रत्येक दिन ३० जना नेपाली एड्सबाट संक्रमित भइरहेका छन्' (हिमाल, १-१५ पुस २०५९) । एक अर्को समाचार अनुसार 'अहिले नेपालमा एक लाखभन्दा बढी मानिसहरू एच.आई.भी./एड्सबाट प्रभावित छन्' (कान्तिपुर, २०६१/८/१६) । 'आज संसारमा एड्सबाट संक्रमित मानिसहरूको संख्या ४ करोड छ जसमध्ये ५० प्रतिशत महिलाहरू छन् । दश वर्ष अगाडि संक्रमित मानिसहरूमध्ये महिलाहरू २५ प्रतिशत मात्र संक्रमित थिए । तर आज अफ्रीका महादेशमा त संक्रमित मानिसहरूमध्ये महिलाहरूको प्रतिशत ६० रहेको छ' (बी.बी.सी. समाचार, ०६१/८/१६) । विश्व स्वास्थ्य संगठन (WHO) अनुसार पुरुषभन्दा महिलामा एच.आई.भी. (HIV = Human Immunodeficiency virus) संक्रमणको खतरा दोब्बरभन्दा बढी छ । यस्तो भयावह स्थितिमा पनि सम्पूर्ण संसार एउटै कुरामा जोड दिइरहेको छ, त्यो के भने आफ्नो पत्नीबाहेक अरुसंग यौन सम्पर्क गर्दा 'कण्डम' को प्रयोग अवश्य गर्नुस् । तर कसैले यो भन्दैन कि आफ्नो पत्नी बाहेक परस्त्रीसंग यौन सम्पर्क गर्दै नगर्नुस् । मात्र इस्लाम धर्म परस्त्रीगमनको कडा विरोध गर्दछ र कुनै पनि हालतमा यसको अनुमति दिँदैन । अन्य धर्ममा पनि परस्त्रीगमनको अनुमति त छैन तर अन्य धर्मावलम्बीहरू बिस्तारै यसलाई स्वीकार गर्दै गइरहेका छन् । पश्चिमी समाजमा त परस्त्रीगमन र परपुरुषगमन त्यहाँको सभ्यता नै बनिसकेको छ । यस कारण राजीखुशीले परस्त्रीसंग यौन सम्पर्क र वेश्यावृत्तिलाई

उनीहरूले नराम्रो ठान्दैनन्, र आज हाम्रो नेपाली समाज पनि यसै बाटोतिर पाइला सार्दैछ । म यहाँ के भन्न चाहन्छु भने एड्स जस्तो भयावह रोगबाट सत प्रतिशत बच्ने एउटै उपाय छ, त्यो हो परस्त्रीगमनबाट टाढा बस्नु । कण्डमको प्रयोग गरी परस्त्रीसंग यौन सम्पर्क गर्दै हिड्नु एक त चरित्रहीनताको प्रमाण हो, दोस्रो यो सत प्रतिशत सुरक्षित पनि छैन । यसको प्रमाणमा म राजधानीकी एउटी शिक्षित यौनकर्मीको भनाई उद्धृत गर्न चाहन्छु जो अहिले एच.आई.भी.बाट संक्रमित छिन् । ती स्नातकोत्तर महिला भन्छिन्, "किशोरावस्थादेखि नै ममा कण्डम लगाएपछि केही हुन्न भन्ने सोच बस्यो ।" 'कण्डम लगाउँ एड्स भगाउँ' जस्ता विज्ञापनकै कारण म पूर्णरूपले ढुक्क थिएँ। तर कण्डमको प्रयोगमा भर पर्दा नै म आज एच.आई.भी. संक्रमित छु" (कान्तिपुर, २०६१/८/१६) ।

यो कुरा सबैलाई थाहा छ कि एच.आई.भी./एड्स संक्रमणमा अवैध यौन सम्बन्ध र वेश्यावृत्तिको मुख्य भूमिका रहेको छ । अब यहाँ के प्रश्न उठ्दछ भने परस्त्रीगमनको सट्टा एकभन्दा बढी पत्नी राख्नु अनुचित हो त ? आज पश्चिमी समाजका धेरैजसो पुरुषहरू आफ्नो पत्नी बाहेक अन्य स्त्रीहरूसंग पनि शारीरिक सम्बन्ध राख्दछन् । परोक्ष रूपले यो पनि एक किसिमको बहु-पत्नी प्रथा नै हो तर अवैध रूपले । यस अवैध र वैध प्रथामा के फरक छ भने पश्चिमी समाजका पुरुषहरूको आफ्नो दोस्रो, तेस्रो, चौथो, पाँचौं आदि रखौटीहरूप्रति र तिनीहरूबाट जन्मिएका सन्तानहरूप्रति कुनै उत्तरदायित्व हुँदैन जबकि इस्लामले पुरुषहरूलाई कानूनी रूपले आफ्ना पत्नीहरू र तिनका सन्तानहरूप्रति पूर्णतः उत्तरदायी ठहराएको छ । इस्लामले आफ्ना पत्नी बाहेक अन्य स्त्रीहरूसंग शारीरिक सम्बन्ध राख्न अवैध गरेको छ र यसको दण्ड पनि निकै नै कठोर राखेको छ । कुरआनमा भनिएको छः-



"व्यभिचारिणी महिला तथा व्यभिचारी पुरुषमध्ये प्रत्येकलाई सय कोर्रा लगाऊ ।" (सूरह - २४:२)

इस्लामले मानवता, व्यक्ति र समाज सबैलाई ध्यानमा राखेर नै बहु-पत्नी विवाहलाई वैध गरेको हो । कहिलेकाहीँ यस्तो अवस्थाको सृजना पनि हुनसक्छ जसमा पत्नी बच्चा जन्माउन असक्षम हुन्छे वा पत्नीलाई निको नहुने रोग लागेको छ वा युद्धमा मारिएर पुरुषहरूको संख्या नारीभन्दा कम हुन गएको छ । यी सबै परिस्थितिलाई हेरेर नै इस्लामले बहु-पत्नीको अनुमति दिएको छ तर अनिवार्य गरेको छैन । हामी एकछिनका लागि विचार गरौं । मानौं कुनै कारणले समाजमा महिलाहरूको संख्या पुरुषहरूभन्दा बढी हुन गएको छ । यस्तो अवस्थामा अविवाहित नारीले जीवन बिताउने निम्न तीन अवस्थाहरू हुन सक्छन्:-

(क) सम्पूर्ण जीवन वैराग्य वा निराशामा बिताउने ।

(ख) वा आफ्नो यौन इच्छाको पूर्तिको लागि पुरुषहरूद्वारा यौन शोषणको शिकार हुँदै जीवन बिताउने ।

(ग) अथवा विवाहित पुरुषहरूसंग विवाह गरेर पारिवारिक जीवन बिताउने ।

निस्सन्देह उपरोक्त अवस्थाहरूमध्ये तेस्रो अवस्था महिलाहरूको निम्ति मर्यादित जीवन बिताउने सर्वोत्तम उपाय हो ।

म यहाँ एउटा कुरा के उल्लेख गर्न चाहन्छु भने केही वर्ष अगाडि भारतमा गरिएको एउटा सर्वेक्षण अनुसार बहु-पत्नी विवाह मुस्लिमहरूभन्दा अन्य धर्मावलम्बीहरूमा बढी पाइएको थियो । २०५८ सालमा 'साथी' नामक एउटा गैरसरकारी संस्थाले नेपालमा पनि यस सम्बन्धमा एउटा सर्वेक्षण गरेको थियो, जसअनुसार 'बहु-पत्नी प्रथा दलितमा १६%, नेवारमा ९%, पहाडी मूलका मानिसमा १७% र तराई मूलका मानिसमा २०% पाइएको थियो' (देशान्तर साप्ताहिक, १४ असोज २०५८) । नेपालमा पनि बहु-पत्नी विवाह मुस्लिम समुदायभन्दा

अन्य समुदायमा बढी छ । उदाहरणका लागि 'भोजपुरका लाल बहादुर बिष्टलाई लिन सक्छौं । उनका सात पत्नी र ३२ छोराछोरीहरू छन्' (स्पेसटाइम, २०६०/३/२२) । यस्तै 'रोल्पाका कुरेली गा.वि.स. का पूर्व अध्यक्ष शेर बहादुर रोकाका पाँच पत्नी र झण्डै दुई दर्जन छोराछोरीहरू छन्' (नेपाल समाचार पत्र, २०६१/९/३) । यसै प्रकार 'तनहुँको दक्षिणवर्ती भीमादका करुणानिधि सुवेदीका तीन पत्नी र ९ छोराछोरी छन्' (कान्तिपुर, २०६२/१२/२) । विकसित मुलुकको उदाहरण हेर्ने हो भने 'अमेरिकाका टौम ग्रीन नामक व्यक्तिका पाँच पत्नी र २९ सन्तान छन् । अमेरिकामा बहु-पत्नी विवाह वैध छैन । यस कारण टौम ग्रीनले कानूनको शिकन्जाबाट बच्न चारजनालाई कागजी रूपले पारपाचुके दिए पनि आफूसंगै पत्नीको रूपमा राखेका छन् र एकजनालाई वैवाहिक रूपमा' (भारतबाट प्रकाशित 'सरस सलील' बाट उद्धृत) । यस्तै 'अफ्रीकी मुलुक स्वाजील्याण्डका राजा मास्वाटी तृतीयका ११ पत्नी र २५ सन्तान छन् । मास्वाटीका पिता सोभुजा द्वितीयका ७० वटी पत्नी थिए' (कान्तिपुर, २०६२/२/१८) । यसबाट प्रस्ट हुन्छ कि बहु-पत्नी विवाह मुसलमानहरूभन्दा अन्य समुदायका मानिसहरूमा बढी छ तर मात्र आलोचनाको लागि इस्लाम धर्म र मुसलमानहरूको आलोचना गरेको पाइन्छ । मुसलमानहरूले वैध रूपमा एकभन्दा बढी विवाह गरेमा आलोचनाका पात्र बन्छन् तर अन्य समुदायका मानिसहरू अवैध रूपले बहु-पत्नी राखेर महिलाका मुक्तिदाता कहलाउँछन् ।

## ३.३ हिन्दू धर्ममा बहु-पत्नी विवाहः-

यदि हामीले हिन्दू धर्मको वैदिककालतिर फर्केर हेऱ्यौं भने कयौं महापुरुषहरूलाई एकभन्दा बढी पत्नीहरूसंग विवाह गरेको पाउँछौं । उदाहरणका लागि रामका पिता राजा दशरथका तीन पत्नीहरू कौशल्या, सुमित्रा र कैकेयी थिए । हस्तिनापुरका नरेश सन्तनुका दुई पत्नी सत्यवती र गंगा थिए । सन्तनुका छोरा विचित्रवीरका दुई पत्नी अम्बिका र



अम्बालिका थिए । यसैप्रकार पाण्डलका पिता पाण्डुका दुई पत्नी कुन्ती र माद्री थिए । कृष्णका पिता वासुदेवका चार पत्नी देवकी, भद्रा, रोहिणी र मंदिरा थिए । स्वयं कृष्णका पाँच पत्नी रुक्मिणी, गंधारी, शैव्या, हेमवती र जांबवती थिए । यसबाट के प्रस्ट हुन्छ भने हिन्दू धर्ममा पनि बहु-पत्नी विवाह वैध छ । यदि अवैध भएको भए यी महापुरुषहरू एकभन्दा बढी विवाह गर्दैनथे ।

## ३.४ बहु-पति विवाहः-

संसारका केही गन्तीका ठाउँमा बहु-पति प्रथा पनि पाइन्छ । हिन्दू धर्म अनुसार द्रौपदीका पाँच पति युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव थिए । हाम्रै देश नेपालका केही भागमा पनि बहु-पति प्रथा पाइन्छ । "हुम्ला जिल्लाको केही गा.वि.स. मा यो प्रथा विद्यमान छ । ती ठाउँमा एकजना महिलाको ३ देखि ८ जनासम्म पतिहरू देखिएका छन् । यी सबै दाइ, भाइ हुन्छन् । दाजुको पत्नीसंग सबै भाइहरूको विवाह हुन्छ" (कान्तिपुर, २०५४/४/१९; आजको समाचारपत्र, २०५५/२/२९; हिमालय टाइम्स, २०५५/३/६) ।

यहाँ यो प्रश्न पनि उठ्न सक्छ कि यदि पुरुषले एकभन्दा बढी पत्नी राख्न सक्छ भने महिलाले किन एकभन्दा बढी पति राख्न नसक्ने ? यसको जवाफमा के भन्न सकिन्छ भने इस्लाम धर्मले बहु-पति प्रथालाई स्वीकार्दैन किनभने यसमा धेरै समस्याहरू छन् । पहिलो कुरा त उत्तराधिकारीको आउँछ । जन्मिएको सन्तान कुन पतिको हो प्रमाणित गराउनु पर्ने समस्या सन्तान जन्मिने बित्तिकै आइरहनेछ । सन्तान जुन पतिको प्रमाणित हुन्छ त्यो त खुशीले नाच्दछ तर बाँकी पतिहरू दुखित एवं निराश हुनेछन् । अर्को सन्तान जन्मिँदा पनि यही प्रक्रिया दोहरिनेछ । कुनै जरुरी छैन कि दोस्रो, तेस्रो वा अरु सन्तान बाँकी पतिहरूका नै हुनेछन्, ती सन्तानहरू पनि पहिले प्रमाणित भएका पतिका हुन सक्छन् ।

सबै पतिहरूका सन्तान जन्माउनका लागि पत्नीले केही महिनादेखि केही वर्षसम्म एक पतिसंग मात्रै शारीरिक सम्बन्ध राख्नु पर्ने हुन्छ । यस अवधिमा बाँकी पतिहरू पत्नी सुखबाट वञ्चित हुनेछन् जसले गर्दा उनीहरूलाई आफ्नो वासना तृप्तिको लागि व्यभिचारको सहारा लिनु पर्ने वाध्यता त हुन्छ नै, साथै पति-पतिबीच कलह उत्पन्न हुने कारण पनि बन्छ । मानिसको चाहना के हुन्छ भने उसले कमाएको सम्पत्ति उसको सन्तानको पालन-पोषणमा खर्च होस् । सन्तान नभएको पतिले आफूले कमाएको सम्पत्ति अर्काको सन्तानमाथि खर्च गर्न चाहँदैन । यस भावनाले पनि बहु-पति प्रथामा पति-पतिबीच कलहको बीऊ रोप्ने काम गर्नेछ ।

इस्लाम धर्म अनुसार बहु-पत्नी प्रथामा पतिले आफ्ना सबै पत्नी र सन्तानको भरण-पोषणको जिम्मा लिनु पर्ने तथा सबैसंग न्यायपूर्ण व्यवहार गर्नु पर्ने अनिवार्य छ । यस कारण पत्नी-पत्नीबीच कलह उत्पन्न हुने सम्भावना कम हुन्छ, र उत्पन्न भए पनि पतिले यसलाई नियन्त्रण गर्न सक्दछ । यदि कुनै महिलाका एकभन्दा बढी पतिहरू छन् भने उसले पतिहरूबीच कलह उत्पन्न नहोस् भन्ने कुराको लागि उनीहरूको भरण-पोषणको जिम्मा लिनुका साथै सबैका लागि सन्तान जन्माउने जिम्मेवारी पनि वहन गर्नु पर्ने हुन्छ । तर यी सबै कुरा एक महिलाका लागि असम्भव जस्तै छन् किनभने एक त महिलाहरू शारीरिक रूपले पुरुषभन्दा कमजोर हुन्छन् भने महिनावारी, गर्भावस्था तथा सुत्केरीका बेलामा उनीहरूलाई बढी आरामको आवश्यकता पर्दछ । दोस्रो कुरा सामाजिक संरचनाको आउँछ । बहु-पति प्रथाले संसारका सामाजिक संरचना पूर्णरूपले ध्वस्त हुनेछ । तेस्रो कुरा प्रत्येक मानिसलाई सन्तानको चाहना हुन्छ चाहे त्यो पुरुष होस् वा नारी । यदि पुरुषसंग एकभन्दा बढी पत्नीहरू छन् भने उसबाट सबैजना गर्भवती हुन सक्छन् तर एकभन्दा बढी पति भएकी महिलाले चाहेर पनि आफ्नो गर्भमा सबै



पतिहरूको सन्तान बोक्न सक्दैन । एक पटकमा एक पतिको मात्र सन्तान बोक्न सक्छे र त्यो कुन पतिको हो उसलाई थाहा पनि हुँदैन । उपरोक्त कारणहरूले गर्दा इस्लाम धर्मले बहु-पति प्रथाको स्वीकृति दिँदैन ।

### ३.५ पारपाचुके (तलाक):-

इस्लाम धर्ममा पारपाचुकेको व्यवस्था पनि गरिएको छ । यसको अधिकार नारी र पुरुष दुबैलाई प्राप्त छ । इस्लामभन्दा पूर्व नारीलाई यो अधिकार न त कुनै धर्मले दिएको थियो, न त कुनै देशको कानूनले नै । युरोपमा नारीलाई यो अधिकार इस्लामभन्दा धेरैपछि प्राप्त भएको थियो तर त्यसबेला यसलाई प्राचीन परम्परा विरुद्ध नारीको एउटा ठूलो जीत भनियो । आज पनि मानिसहरूको सोचाई के छ भने नारीलाई जुन अधिकार र समानता प्राप्त छ त्यो फ्रेन्च क्रान्ति (French Revolution) को देन हो । फ्रेन्च क्रान्ति इस्लामको आगमनभन्दा धेरैपछि भएको थियो भन्ने कुरा उनीहरूलाई थाहा छैन । म यहाँ केही विद्वानहरूको भनाई उद्धृत गर्न चाहन्छु । पश्चिमका विद्वान पियरे क्राबाइट्स (Pierre Crabites) को भनाई यस प्रकार छः-

> "Muhammad (Peace be upon him) thirteen hundred years ago, assured to the mothers, wives and daughters of Islam, a rank and dignity, not yet generally assured to women by the laws of the west." (Muslim World League Journal, October 1979).

(अर्थात् मुहम्मद (स.) ले १३ सय वर्ष अगाडि इस्लाममा आमा, पत्नी र छोरीहरूको लागि जुन दर्जा र प्रतिष्ठा स्थापित गर्नुभएको छ त्यो कुरा अहिले पनि पश्चिमका कानूनले सामान्यतया निश्चित गर्न सकेको छैन ।) पैराग्राफ चेन्ज यस्तै कोलकता विश्वविद्यालयका इतिहासका भूतपूर्व प्राध्यापक डा. हीरालाल चोपडा लेख्नु हुन्छः-

"Modern history attributes liberty, equality and fraternity to be the outcome of the French Revolution. But the first person to proclaim it was Muhammad (Peace be upon him) fourteen centuries ago." (Illustrated Weekly of India, 15 April 1973).

(अर्थात् आधुनिक इतिहासले के ठान्दछ भने स्वतन्त्रता, समानता र भातृत्व फ्रेन्च क्रान्तिको देन हो । तर १४ शताब्दी अगाडि यस कुराको घोषणा गर्ने प्रथम व्यक्ति मुहम्मद (स.) हुनुहुन्थ्यो ।)

इस्लाम धर्मले पारपाचुकेको अनुमति दिए पनि यसलाई अन्तिम विकल्पको रूपमा लिएको छ । यस सम्बन्धमा सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

> "वैध कुराहरूमध्ये अल्लाहलाई सबभन्दा अप्रिय कुरा तलाक (पारपाचुके) हो ।" (हदीसको संग्रह - अबुदाऊद)

यदि पति-पत्नी एक अर्कासंग कुनै पनि हालतमा बस्नै सक्दैनन् भने जीवनभरि पिल्सिएर बस्नुको सट्टा पारपाचुके लिन सक्दछन् । संचार माध्यमले यसलाई पनि नकारात्मक रूपमा प्रस्तुत गरी खुब आलोचना गरेको पाइन्छ जबकि मुस्लिम समुदायमा पारपाचुकेका घटनाहरू नगन्य रूपमा मात्र भेटिन्छन् । यसको विपरीत सभ्य भनाउँदो पश्चिमी समाजमा यसले विकराल रूप लिइसकेको छ । तर यसलाई स्वतन्त्रताको नाम दिएर संचार माध्यमहरू पन्छिने गरेका छन् । 'एक प्रमाणित तथ्यांक अनुसार सन् २००० मा मात्र युरोपमा १ लाख ९४ हजार दम्पतिहरूले सम्बन्ध विच्छेद गरेका थिए' (मधुर सन्देश, फागुन २०६१) । 'बेलायतको म्यानचेस्टर शहरमा एउटा दम्पतिले विवाह गरेको डेढ घन्टाभित्रै सम्बन्ध विच्छेद गरी सबैलाई आश्चर्यचकित पारेका थिए । यसलाई बेलायतको सबैभन्दा असफल विवाह ठानिएको थियो'



(पुनर्जागरण, मङसीर २२, २०६१) । पहिले नै वर्णन गरिसकिएको छ कि इस्लामले सम्बन्ध विच्छेदलाई अन्तिम विकल्पको रूपमा लिएको छ । सकेसम्म पारपाचुकेको अवस्था नै नआओस् भन्ने इस्लाम धर्मको मर्म रहेको छ । इस्लामले पत्नीसंग राम्रो व्यवहारको लागि निकै नै जोड दिएको छ । कुरआनमा भनिएको छः-

> "तिनीहरू (पत्नीहरू) संग न्यायोचित व्यवहार गर, तथा यदि तिमीहरूले तिनीहरूलाई मन पराउँदैनौ भने (पनि) सम्भव छ जुन कुरा तिमीहरूलाई मन पर्दैन अल्लाहले त्यसमा प्रशस्त असल कुराको सृजना गरेको होस् ।" (सूरह-४:१९)

यसै सम्बन्धमा सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

> "कुनै निष्ठावान पतिले कुनै निष्ठावान पत्नीसित घृणा नगरोस । यदि उसको एउटा बानी अप्रिय छ भने अर्को प्रिय हुनसक्छ ।" (हदीसको संग्रह - मुस्लिम)

इस्लाम धर्म अनुसार पारपाचुके तीन पटकमा दिनु पर्दछ । यस प्रकारको व्यवस्था गरेर इस्लामले पुरुषहरूलाई आफ्नो निर्णयमाथि पुनर्विचार गर्ने अवसर प्रदान गरेको छ । दुई पटकसम्म दिइएको पारपाचुकेलाई पुरुषले फिर्ता लिन सक्छ तर तेस्रो पटक पारपाचुके दिएपछि यसलाई फिर्ता लिन सक्दैन । पारपाचुके दिई सकिएकी महिलाले स्वतन्त्र हुनका लागि केही अवधिसम्म प्रतिक्षा गर्नुपर्ने हुन्छ । यो अवधि (म्याद) महिलाको तीन महिनावारी (रजस्वला) सम्मको हुन्छ । यस अवधिमा महिलाको सुरक्षा र जीविकाको पूर्ण जिम्मेवारी पारपाचुके दिने पुरुषमाथि नै हुन्छ । यसको मुख्य उद्देश्य महिला गर्भवती छ वा छैन भन्ने कुराको जानकारी हासिल गर्नु हो, तथा यस अवधिमा पति, पत्नीको रिस शान्त हुनसक्छ र उनीहरूको पुनर्मिलाप पनि हुनसक्छ । साथै यस अवधिमा पति, पत्नीका घरवाला वा नातेदारहरू उनीहरूलाई

सम्झाई, बुझाई उनीहरूबीच सम्झौता गराउन सक्दछन् र उनीहरूबीच पुनर्मिलन हुनसक्छ । यदि पति, पत्नीबीच सम्बन्ध विच्छेदको सम्भावना छ भने इस्लाम धर्म अनुसार उनीहरूको पुनर्मिलन गराउने प्रयास गर्नु आफन्तहरूको कर्तव्य हो । कुरआनमा भनिएको छः-

> "यदि तिमीहरूलाई पति-पत्नीबीच सम्बन्ध विच्छेदको आशङ्का छ भने एक मध्यस्थकर्ता पुरुषका परिवारबाट तथा एक मध्यस्थकर्ता महिलाका परिवारबाट नियुक्त गर । यदि ती दुबै (पति, पत्नी) सुधार चाहन्छन् भने अल्लाहले तिनीहरूबीच अनुकूल परिस्थितिको सृजना गर्नेछ ।" (सूरह - ४:३५)

तर पारपाचुके पछि पति, पत्नीमा पुनर्मिलन दुई चोटि पारपाचुके दिएको अवस्थासम्ममा मात्र हुनसक्छ । यदि पतिले तीन पटक पारपाचुके दिइसकेको छ भने पति, पत्नीको पुनर्मिलन हुन सक्दैन । यस अवस्थामा पत्नी तीन रजस्वला पछि स्वतन्त्र हुनेछ र उसले आफ्नो इच्छा अनुसार दोस्रो विवाह गर्न सक्छे । तर यदि पत्नी गर्भवती छ र उसलाई तीन पटक पारपाचुके दिइसकिएको छ भने उसको प्रतिक्षा अवधि प्रसव नभएसम्म हुनेछ । पारपाचुकेको सम्बन्धमा कुरआनका केही श्लोकहरूको वर्णन गर्नु यहाँ सान्दर्भिक देखिन्छ । कुरआनमा भनिएको छः-

> "पारपाचुके प्राप्त महिलाहरूले तीन पटक रजस्वलाको अवधिसम्म प्रतिक्षा गरुन् । तथा यदि तिनीहरूलाई अल्लाह र प्रलयको दिनप्रति निष्ठा छ भने जुन कुरा अल्लाहले तिनीहरूको गर्भमा सृष्टि गरेको छ त्यस कुरालाई लुकाउनु तिनीहरूका निम्ति न्यायोचित हुने छैन । तथा यस अवधिमा यदि तिनीहरूका पति सम्बन्धमा सुधार गर्ने इच्छा राख्दछन् भने तिनीहरूलाई पुनर्ग्रहण गर्ने पूर्ण अधिकार तिनीहरूका पतिहरूलाई प्राप्त छ ।" (सूरह - २:२२८)



यसै सम्बन्धमा अर्को श्लोकमा भनिएको छः-

> "पारपाचुके दुई पटक रहेको छ, अतः (त्यसपश्चात) या त तिनीहरूलाई उचित ढङ्गले रोकेर राख्नु पर्दछ अथवा सद्व्यवहारका साथ विदा गर्नु पर्दछ ।" (सूरह - २:२२९)

अर्थात् पुनर्मिलन हुन सक्ने अवस्था दुई पटक पारपाचुकेसम्म मात्र छ । पहिलो पटक पारपाचुके दिएपछि पनि पुनर्मिलन हुन सक्छ र दोस्रो पटक पारपाचुके दिएपछि पनि पुनर्मिलन हुन सक्छ, तर तेस्रो पटक पारपाचुके दिएपछि पुनर्मिलन हुन सक्दैन ।

तर यदि पतिले आफ्नो पत्नीलाई दुःख दिनको लागि पुनर्मिलनको इच्छा राख्दछ भने यस कुराको अनुमति इस्लामले दिएको छैन । कुरआनको अर्को श्लोकमा भनिएको छः-

> "जब तिमीहरूले आफ्ना पत्नीहरूलाई पारपाचुके दिन्छौ र तिनीहरू आफ्नो निर्धारित म्याद (तीन पटक रजस्वला) को अन्ततिर पुग्दछन्, तब या त तिनीहरूलाई उचित रूपमा रोकेर राख अथवा तिनीहरूलाई न्यायसंगत रूपमा विदा गर । तथा तिनीहरूलाई कष्ट दिने अभिप्रायले अन्यायपूर्वक रोकेर नराख । तथा जसले यसो गर्दछ त्यसले निश्चय नै आफ्नै ज्यान माथि अन्याय गर्दछ ।" (सूरह - २:२३१)

यसै प्रकार इस्लाम धर्म अनुसार यदि पत्नीले आफ्नो पतिको इच्छा विपरीत पारपाचुके लिन चाहन्छे भने उसले न्यायिक निकायमा गएर सम्बन्ध विच्छेद गर्न सक्दछे । यसको कारण के हो भने महिलाहरू बढी भावुक हुन्छन् र भावनामा बगेर गलत निर्णय लिन सक्छन् । यस कारण तिनीहरूलाई सम्बन्ध विच्छेदको लागि न्यायिक निकायसम्म पुग्नु पर्ने प्रावधान राखिएको छ ।

यो हो इस्लाम धर्ममा पारपाचुकेको तरीका । तीन रजस्वलासम्मको म्याद निर्धारित गरेर सकेसम्म यसलाई रोक्ने प्रयास गरिएको छ । तर यदि पुनर्मिलन अथवा एकसाथ बस्न असम्भव छ भने इस्लामले पति, पत्नीलाई जीवनभरि कलहका साथ बस्नुभन्दा पारपाचुके लिएर नयाँ जीवनको शुरुवात गर्ने अनुमति दिन्छ । जस्तो कि माथि वर्णन भइसकेको छ कि तलाक (पारपाचुके) तीन पटकमा दिनु पर्दछ र यसको अवधि पत्नीको तीन रजस्वलासम्म रहेको छ । यस अवधिभित्र यदि पतिले आफ्नो पत्नीलाई विभिन्न समयमा (सरदर एक-एक महिनामा) तीन पटक तलाक दिन्छ भने त्यो सम्बन्ध विच्छेदको वैध तरीका हो । एकै समयमा तीन पटक “तलाक” शब्दको उच्चारण गरेको पारपाचुके दिनु इस्लाम धर्मले वर्जित गरेको छ । बुझ्नु पर्ने कुरा के हो भने यदि एकै सासमा तीन पटक “तलाक” शब्द भन्ने बित्तिकै सम्बन्ध विच्छेद हुन्थ्यो भने तीन पटकमा तलाक दिनु पर्ने प्रावधान राख्नुको तात्पर्य नै के थियो र ? तर आजभोलि मुस्लिम समुदायका केही मानिसहरू आवेशमा आएर एकै सासमा तीन पटक ‘तलाक’ शब्दको उच्चारण गरेर आफ्ना पत्नीसंग सम्बन्ध विच्छेद गर्दछन् र केही मौलानाहरू (धर्मगुरुहरू) ले इस्लाम धर्मको मर्म नबुझी कुरआन एवं हदीसको अपव्याख्या गरी यस्ता पारपाचुकेलाई वैधता प्रदान गर्ने गरेका छन् । वास्तवमा एकै समयमा जति पटक ‘तलाक’ शब्दको उच्चारण गरे पनि त्यसलाई एक तलाक मात्र सम्झनु पर्दछ । यसलाई हामी यसरी पनि बुझ्न सक्दछौं, मानौं कुनै डाक्टरले रोगीलाई औषधि दिएर त्यसलाई २४ घन्टामा तीन पटक खाने सल्लाह दिन्छ तर रोगीले त्यस औषधिलाई २४ घन्टामा तीन पटक खानुको सट्टा एकै पटकमा खाइदिन्छ भने उसले तीन पटक औषधि खाएकै हो भन्न मिल्छ र ? कदापि मिल्दैन । यस प्रकारको औषधि सेवनले फाइदाको सट्टा नोक्सान मात्र गर्दछ । एकै पटकमा तीन तलाक दिनु इस्लाम धर्मको विपरीत छ र जसले इस्लाम धर्मको विपरीत कार्य गर्दछ त्यो सच्चा मुसलमान हुन सक्दैन, तथा उसका कार्य अल्लाहलाई स्वीकार्य हुने छैन ।



यस्तै यदि कुनै व्यक्तिले इस्लाम धर्म अनुसार आफ्नो पत्नीलाई तीन पटक पारपाचुके (तलाक) दिइसकेको छ भने यस्तो अवस्थामा ती दुबैबीच सम्बन्ध विच्छेदले वैधता प्राप्त गर्नेछ । यसपछि उसको पत्नी उसको लागि अन्य महिला सरह अवैध हुनेछ अर्थात् अब त्यस व्यक्तिले पारपाचुके दिइसकेकी पत्नीसंग शारीरिक सम्बन्ध स्थापित गर्न सक्दैन र पारपाचुके पछि तुरुन्तै ऊसंग दोस्रो पटक निकाह (विवाह) पनि गर्न सक्दैन । तर यदि त्यस महिलाले कुनै अन्य व्यक्तिसंग विवाह गर्दछे र पछि गएर कुनै कारणवस उनीहरूबीच पनि सम्बन्ध विच्छेद हुन्छ वा दोस्रो पतिको मृत्यु हुन्छ भने यस अवस्थामा त्यसको पहिलो पतिले त्यससंग दास्रो चोटि विवाह गर्न सक्दछ तर त्यस महिलाको इच्छाले मात्र । यस प्रकारको व्यवस्थाको कारण के हो भने सम्बन्ध विच्छेदले वैधता प्राप्त गर्नुभन्दा अगाडि पुरुषलाई पुनर्मिलनको लागि तीन महिनाको समय दिइएको हुन्छ तर यस अवधिमा उसले आफ्नो पत्नीसंग पुनर्मिलापको विचार गरेन तथा जब सम्बन्ध विच्छेदले वैधता प्राप्त गर्दछ उसलाई पुनर्मिलन वा पुनर्विवाहको विचार आउँछ भने यसमा पुरुषको स्वार्थ लुकेको हुनसक्छ र उसले पत्नीलाई दुःख दिनको लागि यस्तो गर्न खोजेको हुनसक्छ । तर जब सम्बन्ध विच्छेद भएकी महिलाले अर्को व्यक्तिसंग विवाह गर्दछे र कारणवस फेरि सम्बन्ध विच्छेद हुन्छ वा दोस्रो पतिको मृत्यु हुन्छ भने यस अवस्थामा यदि उसको पहिलो पति र ऊ (पारपाचुके दिई सकिएकी पत्नी) दोस्रो पटक विवाह गर्न सहमत हुन्छन् भने यसमा पक्कै ती दुबैले आफ्नो पहिलेका गल्तीहरूमाथि पश्चाताप गरेर पुनर्विवाहका लागि सहमत भएका होलान् भन्ने कुराको सम्भावना एकदम बढी हुन्छ ।

तर यसको विपरीत मुस्लिम समुदायका केही मानिसहरू आफ्नो पत्नीलाई पारपाचुके दिइसकेपछि उसको निकाह (विवाह) आफ्नो चिनेजानेका मानिससंग गर्न लगाउँछन् र फेरि त्यस चिनेको मानिसबाट

तलाक (पारपाचुके) दिलाएर आफै विवाह गर्ने गर्दछन् र यसलाई 'हलाला' को नाम दिएर वैध ठहराउँछन् । यस प्रकारको विवाहलाई इस्लाम धर्मले अवैध ठहराएको छ। सन्देशवाहक मुहम्मद (स.) ले 'हलाला' गर्ने र गराउने दुबैलाई धिक्कार्नु भएको छ तथा यसलाई व्यभिचारको संज्ञा दिनु भएको छ। व्यभिचार गर्नेहरूको लागि इस्लाम धर्मले के दण्ड निर्धारण गरेको छ यसको वर्णन पहिले नै आइसकेको छ। यस्ता मानिसहरू व्यभिचारका सहभागी त हुन्छन् नै इस्लाम धर्मलाई पनि बदनाम गर्दछन् । यस प्रकार केही इस्लाम धर्मावलम्बीहरूले पनि इस्लामको मर्म नै नबुझी तलाक (पारपाचुके) को अनुचित उपयोग गरिरहेका छन् र इस्लामको आड लिएर आफ्ना पत्नीलाई दुःख दिने काम गर्दछन् जसको अनुमति इस्लाम धर्मले कुनै पनि हालतमा दिँदैन । यस्ता मानिसहरूले गर्दा नै आज इस्लाम धर्म बदनाम भइरहेको छ र इस्लामका आलोचकहरूलाई आलोचना गर्ने मौका प्राप्त भइरहेको छ ।

## ४. यौन शोषणबाट संरक्षण

इस्लाम धर्मले नारी र पुरुषको चरित्र माथि निकै नै जोड दिएको छ । चरित्रवान नारी एवं पुरुष इस्लामका गहना हुन् । पश्चिमी समाज जस्तो स्वतन्त्रताको नाममा अश्लील र अनैतिक अङ्ग प्रदर्शनको इस्लाममा कुनै स्थान छैन । इस्लामले त घरका पुरुषहरूलाई पनि बिना सूचना घरभित्र पस्न मनाही गरेको छ, जसले गर्दा उनीहरूले महिलाहरूलाई त्यस्तो अवस्थामा नदेखुन् जुन अवस्थामा पुरुषले महिलालाई देख्नु हुँदैन । कुरआनमा भनिएको छः-

> "जब तिमीहरूका बालकहरू यौनावस्थामा पुग्दछन्, तिनीहरूले (पनि) त्यसैगरी अनुमति लिएर (घरभित्र) पसुन् जसरी तिनीहरूका ठूला-बडा तिनीहरूभन्दा पहिले अनुमति लिने गर्दथे ।" (सूरह - २४:५९)



यसै प्रकार परपुरुषहरूलाई पनि अर्काको घरभित्र पस्नुभन्दा अगाडि अनुमति लिनु अनिवार्य गरिएको छ । यस सम्बन्धमा कुरआनमा भनिएको छः-

> "ओ निष्ठावानहरू हो ! आफ्नो घरबाहेक अरुको घरमा अनुमति बिना तथा त्यहाँ निवास गर्ने व्यक्तिहरूलाई सलाम नगरिकन प्रवेश नगर ।" (सूरह - २४:२७)

उपरोक्त श्लोकमा आफ्नो घर बाहेक भनिएको छ तर यदि आफ्नै घरमा आफ्नो पत्नी बाहेक अरु महिलाहरू बस्दछन् वा उपस्थित छन् भने आफ्नो घरमा पनि अनुमति लिनु अनिवार्य छ ।

इस्लाममा यौन इच्छा जागृत गराउने खालका लुगा लगाउन नारी र पुरुष दुबैलाई मनाही गरिएको छ । इस्लामले त पुरुषलाई नारी जस्तो र नारीलाई पुरुष जस्तो लुगा लगाउनमा पनि रोक लगाएको छ किनभने यसबाट पनि मानिसहरूमा भ्रम तथा समलिङ्गकामी भावना उत्पन्न हुन्छ । सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

> "ती महिलाहरू हामीमध्ये होइनन् जसले आफूलाई पुरुष जस्तो देखाउन खोज्दछन् र न त ती पुरुषहरू हामीमध्ये हुन् जसले आफूलाई महिला जस्तो देखाउन खोज्दछन् ।" (अर्थात् यस्ता महिला एवं पुरुष मुसलमान हुन सक्दैनन्) । (हदीसको संग्रह - अबूदाऊद)

त्यसो त हिन्दू धर्ममा पनि पुरुषलाई नारी जस्तो लुगा लगाउन र नारीलाई शरीर देखिने खालका लुगा लगाउन वर्जित छ तर हिन्दू धर्मावलम्बीहरू आधुनिकताको नाममा यस्ता कुरालाई महत्व दिँदैनन् । ऋगवेदमा भनिएको छः-

> "यदि पतिले पत्नी जस्तो लुगा लगाउँछ भने उसप्रति जादू जस्तो शक्ति राख्ने (ईश्वर) को प्रकोप हुनेछ ।" (ऋगवेद, १०-८५-२३)

यस्तै ऋगवेदको अर्को श्लोकमा नारीलाई सम्बोधन गर्दै भनिएको छः-

> "ब्रह्माले तिमीलाई नारी बनाएको हो, यस कारण आफ्नो दृष्टिलाई तल राख, आफ्ना खुट्टाहरूलाई छोपेर राख र यस्तो लुगा लगाऊ जसबाट तिम्रो शरीरलाई कसैले देख्न नसकोस् ।" (ऋगवेद, ८-३३-१९)

इस्लामले पति-पत्नी बाहेक अरु कसैसित यौन सम्बन्ध राख्न अनुमति दिँदैन चाहे त्यो आफू खुशीले होस् वा बलजफ्ती । तर आज पश्चिमी समाज यति अगाडि बढिसकेको छ कि यस्ता कुरा त्यसलाई बकवास लाग्दछन् र हाम्रो नेपाली समाज पनि त्यसलाई नै पछ्याइरहेको छ । पश्चिमी मुलुकहरूमा स्वतन्त्रताको नाममा महिलाहरूको यौन शोषण यति बढिसकेको छ कि त्यसको वर्णन गर्नु साध्य छैन । आज त्यहाँ कुमारी आमाहरूको संख्या तीब्र गतिमा बढिरहेको छ । घरदेखि अफिससम्म, स्कूलदेखि कलेजसम्म, व्यापारदेखि उद्योगसम्म सबै ठाउँमा महिलाहरू यौन शोषणबाट पीडित छन् । अमेरिकाका तत्कालीन राष्ट्रपति बिल क्लिन्टन र उनकी सेक्रेटरी मोनिका लिवेन्सीको यौन प्रकरण त संसारभरि नै चर्चाको विषय बनेको थियो । 'हङकङमा ५० प्रतिशत महिला कार्यस्थलमै यौनजन्य दुर्व्यवहारबाट पीडित हुने गरेका छन् र बहुसंख्यकले यस्ता पीडा नोकरी गुम्ने त्रासमा सहने गरेका छन्' (स्पेसटाइम, २०५९/११/२६) । यस प्रकारको दुर्व्यवहार हङ्कङ्मा मात्रै होइन संसारका यस्ता सबै मुलुकहरूमा धेर-थोर हुने गरेका छन् जहाँ स्त्री र पुरुषसंगसंगै काम गर्दछन् । 'जापानमा १९६ शिक्षकहरूलाई आफ्नै छात्राहरूमाथि यौन दुर्व्यवहार गरेको आरोपमा कारवाही गरिएको थियो' (गोरखापत्र, २०६१/८/२७) । अङ्ग प्रदर्शन, ब्लु फिल्म, यौनजन्य पत्र-पत्रिका, साइबर क्याफे, डान्स रेस्टुरेन्ट, केबिन रेस्टुरेन्ट आदि कुराहरूले पुरुषहरूको यौन उत्तेजनालाई भड्काउने काम गर्दछन् जसले गर्दा बलात्कारका घटनाहरू त्यत्तिकै भइरहेका छन् । हाम्रै देशमा दुई



वर्षे बालिकादेखि ५० वर्षे वृद्धा समेत बलात्कृत भइरहेका छन् । 'झापाको सनिश्चरे गा.वि.स. मा एकजना २५ वर्षे युवकले २ वर्षकी बालिकालाई बलात्कार गरेको थियो' (कान्तिपुर, २०५७/१/३) । यस्तै 'झापाको डुडाँमारीमा ५० वर्षीया एक विधवा महिलाको सामूहिक बलात्कार गरी हत्या गर्ने प्रयास गरिएको थियो' (कान्तिपुर, २०६२/१२/१) । शिक्षकहरूद्वारा आफ्नै शिष्याहरूको यौन शोषणका घटनाहरू, प्रहरीद्वारा प्रहरी कार्यालयमा (काठमाडौंको कमलपोखरी प्रहरी कार्यालय) महिला बलात्कृत भएको समाचार हाम्रै देशका घटना हुन् । चेलि-बेटि बेच-बिखनको समस्या हाम्रो देशमा त्यत्तिकै विद्यमान छ । 'अचेल नारीको खरीद बिक्री खुला बजारमा हुन थालेको छ, त्यो पनि देहव्यापारको लागि । अहिले ७५ मध्ये २६ जिल्ला यस समस्याबाट पीडित छन् । प्रत्येक वर्ष ५ देखि ९ हजार चेली भारत र अन्य देशमा बेच-बिखन हुने गर्दछन्' (कान्तिपुर, २०६२/१०/२२) । चेलि-बेटि बेच-बिखन र बलात्कारका घटनामा आफन्त र चिनजान भएका मानिसहरूको संलग्नता बढी पाइएको छ । सभ्य भनाउँदो पश्चिमी समाजमा पनि महिलाहरू बलात्कृत भइरहेकै छन् । 'अमेरिकाको वासिङ्गटनमा एउटा १४ वर्षीय किशोरले ८० वर्ष नाघेकी वृद्धामाथि बलात्कारको दुष्प्रयास गरेको थियो' (स्पेसटाइम, २०६०/२/३) । अब विचार गर्नुहोस् जहाँ ८० वर्षकी वृद्धा समेत सुरक्षित छैनन् त्यहाँ किशोरीहरूको अवस्था के होला ? 'एउटा रिपोर्ट अनुसार संयुक्त राज्य अमेरिकामा वर्षेनी २ लाख जति बलात्कारका घटनाहरू दर्ता हुन्छन् र लगभग त्यति नै घटनाहरू दर्ता हुँदैनन्' (Muslim Youth, June 2005) । अर्थात् नारी समानता र मानव अधिकारको दुहाई दिने राष्ट्रमा वर्षेनी ४ लाख महिलाहरू बलात्कृत हुन्छन् । यस्तै 'एउटा अर्को रिपोर्ट अनुसार संयुक्त राज्य अमेरिकाको जेलमा ई.स. २००४ मा करीब २१०० बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरू घटेका थिए' (The Rising Nepal, 31 July 2005) । पहिले नै वर्णन भइसकेको छ कि इस्लाम धर्म व्यभिचारलाई

जघन्य अपराध ठान्दछ चाहे त्यो राजी-खुशीले होस् वा बलजफती। इस्लाममा यसको दण्ड पनि निकै नै कठोर छ। यस दण्डको बारेमा कुरआनमा भनिएको कुरा म यहाँ एक पटक फेरि उद्धृत गर्न चाहन्छु:-

> "व्यभिचारिणी महिला तथा व्यभिचारी पुरुषमध्ये प्रत्येकलाई सय कोर्रा लगाऊ।" (सूरह - २४:२)

यो दण्ड हो अविवाहित पुरुष एवं अविवाहित नारीको लागि जो व्यभिचारका दोषी ठहरिन्छन्। तर विवाहित पुरुष र विवाहित नारीको लागि व्यभिचारको सजाय ढुङ्गा हानी मृत्युदण्ड दिनु रहेको छ त्यो पनि चोकमा सबैले देख्ने ठाउँमा यस्तो दण्ड दिनु पर्दछ जसले गर्दा त्यसबाट अरु मानिसहरूले शिक्षा प्राप्त गरुन् र व्यभिचारको नजिक नजाउन्। यस किसिमको दण्डलाई पश्चिमी समाजले निकै आलोचनात्मक दृष्टिकोणले हेर्ने गर्दछ किनभने राजी-खुशीले हुने शारीरिक सम्बन्धलाई पश्चिमका मानिसहरूले व्यभिचार ठान्दैनन्। उनीहरू यसलाई शरीरको भोक मेटाउने मनोरञ्जनको एउटा साधन ठान्दछन् र नारीहरू पनि स्वतन्त्रताको नाममा आफ्नो अस्मिताको ख्यालै नगरी पुरुषहरूको मनोरञ्जनका साधन बनिदिन्छन्। पश्चिमी समाजमा नारी र पुरुषको सहमतिमा परपुरुषगमन तथा परस्त्रीगमनलाई नराम्रो दृष्टिले हेरिँदैन। यस मान्यताले त्यहाँका वैवाहिक जीवनमा निकै विखण्डन आइरहेको छ। 'ब्रिटेनमा गरिएको एउटा सर्वेक्षण अनुसार त्यहाँ सम्बन्ध विच्छेदको प्रमुख कारण परस्त्री र परपुरुषगमन रहेको पाइएको छ' (The Kathmandu Post, 25.1.2005)। कहिलेकाहीँ त गैर बैवाहिक सम्बन्धको परिणाम निकै नै भयावह हुन्छ। उदाहरणको रूपमा बेलायतका युवराज चार्ल्स र युवराज्ञी डायनाको घटनालाई लिन सकिन्छ। दुबै पति-पत्नी हुँदा हुँदै पनि उनीहरूको सम्बन्ध परस्त्री र परपुरुषसँग थियो र यही अवैध सम्बन्ध उनीहरूबीच सम्बन्ध विच्छेदको कारण बन्यो। त्यति बेला यो कुरा संचार माध्यमहरूमा निकै चर्चाको विषय



बनेको थियो। पछि युवराज्ञी डायनाको कार दुर्घटनामा दु:खद निधन भयो। इस्लाम धर्म नारीलाई इज्जत र सम्मानको दृष्टिले हेर्दछ। नारीसित व्यभिचारका त कुरै छाडौं उसको सतीत्वमाथि टिका-टिप्पणी गर्नु र उसमाथि चरित्रहीनताको झुठो दोषारोपण गर्नु पनि इस्लाममा ठूलो अपराध ठानिन्छ। यस्ता कुराको दण्ड पनि निकै कठोर छ। कुरआनमा भनिएको छ:-

> "जुन व्यक्तिहरूले पवित्र आचरण भएकी महिलामाथि आरोप लगाउँछन् परन्तु चारजना साक्षी प्रस्तुत गर्दैनन् भने उनीहरूलाई असी (८०) कोर्रा लगाऊ, तथा भविष्यमा कहिले पनि उनीहरूको साक्षी स्वीकार नगर।" (सूरह-२४:४)

यस्तै अर्को श्लोकमा भनिएको छ:-

> "ती व्यक्तिहरू जसले पवित्र आचरण भएकी अबोध, निष्ठावान महिलाहरूमाथि झुट्टा आरोप लगाउँछन् उनीहरू यस संसारमा र परलोकमा पनि अभिशापित हुनेछन् तथा उनीहरूको लागि ठूलो यातना रहेको छ।" (सूरह - २४:२३)

आजका सभ्य भनाउँदो समाजमा वेश्यावृतिलाई उद्योगका रूपमा लिन थालिएको छ। 'अष्ट्रेलियामा त वेश्यावृति गराउने 'द डेली प्लानेट' नामक एउटा कम्पनीले विक्रीको लागि आफ्नो सेयर पनि निष्कासित गरेको थियो। यो अष्ट्रेलियाको सबैभन्दा ठूलो वेश्यालय हो' (स्पेसटाइम, २०६०/२/३)। यस्तै 'जर्मनी र चेक गणराज्यको सीमा देह व्यापारको लागि युरोपकै सबभन्दा ठूलो अड्डाको रूपमा चिनिन थालिएको छ। त्यहाँ ८ वर्षकी बालिकालाई समेत देह व्यापार गर्दै रहेको देख्न पाइन्छ' (स्पेसटाइम, २०६०/७/१५)। आजभोलि पश्चिमी समाजमा कुनै कुराको विरोध जनाउनका लागि महिला तथा पुरुषहरूले निर्वस्त्र भएर प्रदर्शन

गर्ने परम्परा पनि शुरु गरिसकेका छन् । युरोपका कतिपय देशहरूले समलिङ्गी विवाहलाई मान्यता दिइसकेका छन् । हाम्रो देशले समलिङ्गी विवाहलाई मान्यता त दिएको छैन तर यो विकृति यहाँ पनि भित्रिसकेको छ । विज्ञापनकर्ताहरूले आफ्नो विज्ञापनमा धेरैजसो महिलाहरूलाई नै साधन बनाउने गरेका छन् । हुँदा-हुँदै अब त गर्भवती महिलाको पेटलाई पनि विज्ञापनको माध्यम बनाउन थालिएको छ । 'ब्रिटेनकी एक २८ वर्षीय गर्भवती महिलाले आफ्नो पुक्लुक्क अगाडि निस्केको पेटलाई विज्ञापनका लागि भाडामा दिएकी थिइन् । उनको ८ महिनाको गर्भ रहेको पेटमा खेलौनाको विज्ञापन पोतिएको थियो र उनले त्यो विज्ञापन सबैले देख्ने गरी लण्डनको सडकमा डुल्नु परेको थियो । ती महिलाले आफ्नो हाँडी जस्तो पेटमा विज्ञापन 'होस्ट' गर्न पाएकोमा गर्व गरेकी थिइन् । उनको भनाई थियो, "मेरो सोचाईमा यो ज्यादै रमाइलो विचार हो, म आफ्नो नयाँ फिगर सबैलाई देखाउन इच्छुक छु" (स्पेसटाइम, २०६०/५/२४) । यसबाट के प्रस्ट हुन्छ भने एकातिर पश्चिमेली पुरुषहरू महिलाहरूको यौन शोषण गर्ने नयाँ-नयाँ तरीकाको खोजीमा रहन्छन् भने अर्कोतिर महिलाहरू स्वतन्त्रताको नाममा आफै यस्ता कार्यमा रमाई-रमाई गर्वका साथ भाग लिन्छन् र जानी नजानी यौन शोषणका शिकार बन्छन् ।

केही धार्मिक परम्पराहरूले गर्दा पनि महिलाहरूको यौन शोषण भइरहेको छ । म यहाँ केही उदाहरणहरू प्रस्तुत गर्न चाहन्छु । हाम्रै देशको सुदूर पश्चिमका केही पहाडी जिल्लाहरूमा देवकी प्रथा आज पनि विद्यमान छ । यस प्रथामा बालिकाहरूलाई मन्दिर र देवी-देवताको सेवाका लागि चढाइन्छ । यसरी चढाइएका बालिकाहरूलाई जीवनभरि विवाह गर्ने अनुमति हुँदैन । यस्ता बालिकाहरूलाई 'देवकी' भनिन्छ र देवकीसंग जो कोहीले यौन सम्पर्क राख्न सक्दछ भन्ने रुढिवादी मान्यता रहेको छ । यस्तै हाम्रो देशको केही हिमाली भेगमा 'झुमा' प्रथा पनि



विद्यमान छ । यस प्रथामा बालिकालाई बौद्ध गुम्बामा चढाइन्छ । हाम्रै देशको तराई क्षेत्रका केही भागमा खडेरी परेको बेला इन्द्र देवतालाई खुशी पार्न महिलाहरू निर्वस्त्र भएर हलो जोत्ने गर्दछन् । यसमा रात्रीको बेला नग्न महिलाहरू नै गोरु बन्छन र हलो तान्छन् । यसै प्रकार 'दक्षिण भारतको एउटा मन्दिरमा प्रत्येक वर्ष हजारौं महिलाहरू जम्मा भई नाङ्गै प्रार्थना गर्ने चलन रहेको पाइन्छ' (स्पेसटाइम, २०५९/११/२४) । भारतमा नै मनाइने अर्को पर्व हो 'गर्वा र डान्डिया' । 'यो पर्व पश्चिम भारतको गुजरात, उडीसा र मुम्बई आदि ठाउँमा मनाइने गरिन्छ । यो नौरात्रीको समयमा ९ दिनसम्म मनाइने नाच-गानको एउटा धार्मिक पर्व हो । यसमा युवा-युवतीहरू खूब सजिएर आउँछन् र अबेर रातिसम्म देवीको मूर्तिको अगाडि एक अर्कासंग मिलेर नाच-गान गर्दछन् । यसको माहौल यति उत्तेजक हुन्छ कि नाच-गान गर्दा गर्दै युवा-युवतीहरूभित्र रहेका धार्मिक भावना दबेर जान्छ र कामुकताको भावना बढेर आउँछ र कुरा यौन सम्पर्कसम्म पनि पुग्दछ । सर्वेक्षणमा १४ देखि २२ वर्ष उमेरका युवायुवतीहरूमा यौन सम्पर्क बढी पाइएको छ' (स्टार न्यूज टि.भी. च्यानल, 2 October 2003) । यसबाट के प्रस्ट हुन्छ भने धार्मिकस्थल होस् वा अन्य कुनै ठाउँ, जब महिला र पुरुष संगसंगै उठ्-बस् गर्दछन् तब एक अर्काप्रति आकर्षित हुनु स्वभाविकै हो । यदि यस स्वभाविक प्रक्रियामाथि नियन्त्रण गरिँदैन भने कुरा यौन सम्पर्क वा यौन शोषणसम्म पुग्दछ । यस कुरामाथि नैतिक मुल्य एवं मान्यताद्वारा मात्र नियन्त्रण गर्न सकिन्छ र मानिसभित्र नैतिक मुल्य एवं मान्यता धर्मद्वारा मात्र जगाउन सकिन्छ । महिलाको यौन शोषणमा प्रत्येक धर्मले रोक लगाएको छ तर इस्लाम धर्म बाहेक अन्य धर्महरूमा मानिसहरू आफ्नो इच्छा अनुसार परिवर्तन गर्दै गइरहेका छन् । जसले गर्दा आज फेशन र स्वतन्त्रताको नाममा अङ्ग प्रदर्शन गर्न, परपुरुषसंग उठ्-बस् र हिड्डुल गर्न तथा विवाहभन्दा अगाडि शारीरिक सम्बन्ध गाँस्न आदि कुराहरू स्वीकार्य हुँदै गइरहेका

छन् । मात्र इस्लाम धर्म यस्तो धर्म हो जस्को नियम कानून १४ सय वर्ष अगाडि जुन रूपमा थियो आज पनि त्यसै रूपमा नै विद्यमान छ । ईश्वरीय ग्रन्थ 'कुरआन' इस्लाम धर्मको मूल-भूत सिद्धान्त हो । यसलाई इस्लाम धर्मको अपरिवर्तनीय संविधान पनि भन्न सकिन्छ । १४ सय वर्ष बितिसक्दा पनि यस ग्रन्थमा एउटा शब्द त के एउटा मात्राको पनि परिवर्तन भएको छैन किनभने यो अपरिवर्तनीय छ र यसको सुरक्षाको जिम्मा अल्लाह (ईश्वर) द्वारा नै लिइएको छ । कुरआनमा अल्लाहद्वारा भनिएको छः-

"निस्सन्देह हामीले स्वयं कुरआनलाई अवतरित गरेका छौं, र निस्सन्देह हामीले नै यसको सुरक्षा गर्नेछौं ।" (सूरह - १५:९)

फलस्वरूप आज हामीले देख्न सक्छौं कि हजार, दुई हजार होइन, लाखौं मानिसहरूले समपूर्ण कुरआनलाई कण्ठस्थ गरेर आफ्ना हृदयभित्र सुरक्षित गरिसकेका छन् । यदि कसैले यसमा रत्तिभर पनि परिवर्तन गर्न खोज्दछ भने त्यो कहिले पनि सफल हुन सक्दैन किनभने कुरआनको संस्करण मात्र एउटै छ र लाखौं मानिसहरूलाई कण्ठस्थ पनि छ । कुरआन बाहेक संसारका अन्य कुनै पनि धार्मिक ग्रन्थ सम्पूर्ण रूपले मानिसहरूलाई कण्ठस्थ छैनन् तथा यी धार्मिक ग्रन्थहरूको संस्करण पनि एकभन्दा बढी छन् र प्रत्येक संस्करणमा केही न केही भिन्नता विद्यमान छन् । जसले स्वतः प्रमाणित हुन्छ कि मानिसहरूले यी ग्रन्थहरूमा परिवर्तन गरिसकेका छन् ।

अब यहाँ प्रश्न के उठ्न सक्छ भने के 'कुरआन' ईश्वरीय ग्रन्थ हो ? यस सन्दर्भमा म के भन्न चाहन्छु भने कुरआन एउटा ईश्वरीय ग्रन्थ हो र यसको प्रमाण कुरआनमा नै प्रशस्त ठाउँमा भेट्न सकिन्छ । ठाउँको कमीले उदाहरण स्वरूप म यहाँ एउटा प्रमाण मात्र प्रस्तुत गर्न चाहन्छु । कुरआन अल्लाह (ईश्वर) द्वारा अवतरित ग्रन्थ हो । यो जिब्राइल (Gabriel) फरिश्ता (ईशदूत) को माध्यमबाट सन्देशवाहक (Prophet)



मुहम्मद (स.) माथि अवतरित गरिएको हो । मनन् योग्य कुरा के हो भने मुहम्मद (स.) लाई न त पढ्न आउँथ्यो, न त लेख्न नै । के एउटा यस्ता व्यक्ति 'कुरआन' जस्तो महान ग्रन्थको रचना गर्न सक्दछन् ? कुरआन कुनै विज्ञानको किताब होइन तर यसमा विज्ञान सम्बन्धी यस्ता धेरै कुराहरूको वर्णन पाइन्छ जसको बारेमा वैज्ञानिकहरूलाई सयौं वर्षपछि आएर थाहा भयो । कुरआनको सूरह (अध्याय) नं. २३ को श्लोक नं. १८ मा भनिएको छः-

"हामीले आकाशबाट निर्धारित परिमाणमा पानी वर्सायौं तथा त्यसलाई धरतीमा सञ्चित गरि दियौं ।"

उपरोक्त श्लोकमा अल्लाहद्वारा के भनिएको छ भने उसले वर्षाको पानीलाई धरतीमा सञ्चित गरि दिन्छ । अर्थात् धरतीको भूमिगत पानी वर्षाको पानी नै हो । यस कुरालाई आज हामी राम्ररी बुझ्दछौं तर जुन बेला कुरआन अवतरित भएको थियो त्यसबेला मानिसहरूको दृष्टिकोण यसबाट भिन्न थियो जुन आज आएर गलत सिद्ध भइसकेको छ । त्यसबेला विभिन्न विचारहरू प्रतिपादित थिए जसमध्ये एउटा यो पनि थियो कि 'माटोभित्र पानी वाफको रूपमा रहन्छ तथा पहाडका चिराहरूमा पुगेपछि चिसो भएर धरतीमुनि तालको रूप लिन्छ र झरनाहरू (Springs) लाई यसैबाट पानी प्राप्त हुन्छ ।' भूमिगत पानी वर्षाको पानी हो भन्ने दृष्टिकोण ई.स. १५८० मा सामुन्ने आयो र यसै कुराको पुष्टि आजका वैज्ञानिकहरूले पनि गर्दछन् । अब यहाँ विचार गर्नु पर्ने कुरा के हो भने कुरआन ईस्वी सम्बतको सातौं शताब्दीमा अवतरित भएको हो । यदि यो अल्लाह (ईश्वर) को वाणी होइन भने मुहम्मद (स.) जो न त लेख्न जान्दथे न त पढ्न, यस कुराको वर्णन कसरी गर्न सक्दथे जसको बारेमा त्यसबेलाका पढेलेखेका मानिसहरूले सोच्न पनि सक्दैनथे । जुन कुरा ९ सय वर्ष पछि आएर प्रमाणित हुन्छ त्यस कुराको कल्पना एउटा अनपढ व्यक्तिले कसरी गर्न सक्दथे ।

कुरआनमा यस्ता धेरै कुराहरू छन् जुन शताब्दीयौं पछि आएर प्रमाणित भएका छन् । यसबाट के प्रस्ट हुन्छ भने 'कुरआन' कुनै मानिसद्वारा रचिएको ग्रन्थ होइन बरु यो अल्लाहद्वारा अवतरित एउटा ईश्वरीय ग्रन्थ हो ।

## ४.१ प्राकृतिक धर्मः-

वास्तवमा इस्लाम एउटा प्राकृतिक धर्म हो । यो कहिले पनि प्रकृति विरुद्ध कुरा गर्दैन तर एउटा मर्यादा अवश्य कायम राख्दछ । मानिसको प्राकृतिक भावनालाई स्वस्थ र पवित्र ठहराउनमा इस्लाम जति उदार छ, संसारका अरु कुनै पनि धर्म त्यति उदार छैन । कुरआनमा भनिएको छः-

> "मानिसका निम्ति मनोवाञ्छित वस्तुहरू, स्त्रीहरू, पत्रहरू, सुन-चाँदीका थुप्रो, उत्तम घोडाहरू, पशुहरू र कृषि भूमि आदि प्रिय बनाइएका छन् ।" (सूरह - ३:१४)

इस्लाम मानिसलाई जीवनको आनन्ददेखि वञ्चित गर्दैन तर सीमा अवश्य निर्धारण गर्दछ । यसले व्यक्तिमाथि प्रतिवन्ध यस कारणले लगाउँछ कि उसले आफ्नो स्वतन्त्रताको अनुचित उपयोग गरेर अरुलाई हानि नपुऱ्याओस् । एक अवसरमा मुहम्मद (स.) ले भन्नुभएको थियो, "पतिलाई आफ्नो पत्नीकहाँ जाँदा (शारीरिक सम्बन्ध राख्दा) पनि पुण्य प्राप्त हुन्छ ।" यस कुराप्रति आश्चर्य मान्दै उहाँका साथीहरूले प्रश्न गरे, 'के मानिसलाई आफ्नो वासना-तृप्तिमा पनि पुण्य प्राप्त हुन्छ ?' यसको जवाफमा मुहम्मद (स.) ले भन्नुभयोः-

> "के तिमीहरूले विचार गरेनौ, यदि उसले आफ्नो वासनालाई अवैध तरीकाले पूरा गरेको भए त्यो अपराध हुने थियो । तर जब उसले वैध तरीकाले आफ्नो इच्छाको पूर्ति गर्दछ, त्यति बेला उसले पुण्य कमाउँछ ।" (हदीसको संग्रह - मुस्लिम)



इस्लामले महिला र पुरुष दुबैको चरित्रमाथि निकै जोड दिएको छ । यसले परस्त्रीगमन र परपुरुषगमनलाई अवैध ठहराएको छ चाहे त्यो बलजफती होस वा राजी-खुशीले । कुरआनमा भनिएको छः-

> "व्यभिचारका निकट कदापि नजाऊ, निश्चय नै त्यो एउटा अश्लील कार्य हो र अति नै घृणित मार्ग हो ।" (सूरह - १७:३२)

इस्लामले सन्यास र ब्रह्मचर्यको जीवन बिताउन निषेध गरेको छ । व्यभिचारबाट बच्नका लागि यसले विवाहको बाटो खोलिदिएको छ । इस्लामले प्रत्येक व्यक्तिलाई विवाह गर्न प्रोत्साहित गर्दछ र यसलाई पुण्य कार्य ठान्दछ । आफ्नो विवाह मात्र होइन यसले आफ्नो संरक्षणमा रहेका अन्य व्यक्तिहरूको विवाह गराउन पनि प्रोत्साहित गर्दछ । कुरआनमा भनिएको छः-

> "तिमीहरूमध्ये जुन पुरुष र महिला अविवाहित छन् उनीहरूको विवाह गराई देऊ, तथा आफ्ना (विवाह योग्य) दास एवं दासीहरूको पनि ।" (सूरह - २४:३२)

पति-पत्नीलाई एक अर्कामा मनको शान्ति प्राप्त हुन्छ । यस कारण वैवाहिक जीवन विताउनमा इस्लामले निकै जोड दिएको छ । कुरआनमा भनिएको छः-

> "अल्लाहले तिमीहरूबाट तिमीहरूका निम्ति जीवनसाथीहरूको सृष्टि गरेको छ जसलेगर्दा तिमीहरूलाई तिनीहरूमा मनको शान्ति प्राप्त होस, तथा त्यस (अल्लाह) ले तिमीहरूको बीचमा प्रेम र दयालुता राखिदिएको छ ।" (सूरह - ३०:२१)

यसै सन्दर्भमा सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

> “तिमीहरू विवाह गर किनभने यसले आँखाहरूलाई कुदृष्टिबाट रोक्दछ र यो गुप्ताङ्गको सुरक्षा गर्न सबभन्दा उत्तम उपाय हो । र जुन व्यक्ति तिमीहरूमध्ये विवाहको सामर्थ्य राख्दैन उसले व्रत बसोस् किनभने व्रतले कामवासनालाई दबाउँछ ।” (हदीसको संग्रह - तिर्मिजी)

यसै प्रकार व्यभिचारबाट बच्न अर्को ठाउँमा मुहम्मद (स.) ले भन्नुभएको छः-

> “जब तिमीहरूमध्ये कुनै व्यक्तिले कुनै स्त्रीलाई देखेर त्यसको सुन्दरताबाट प्रभावित हुन्छ भने त्यो आफ्नो पत्नीकहाँ जाओस् किनभने उसको पत्नीसंग त्यही कुरा छ जुन त्यस स्त्रीसंग छ ।” (हदीसको संग्रह - तिर्मिजी र मुस्लिम)

तर आज पश्चिमी समाज यौन स्वतन्त्रताको नाममा यति अगाडि बढिसकेको छ कि त्यसलाई यस्तो कुरा हास्यास्पद लाग्दछ । त्यसले स्वतन्त्रताको नाममा नारीलाई नाङ्गो पारिदिएको छ । पुरुष आफ्नो फाइदाको लागि नारीको शरीरलाई विज्ञापनको एउटा साधन ठान्दछ र नारी आफ्नो नारित्वलाई बिर्सेर यसलाई सहर्ष स्वीकार गरिरहेकी छे । पुरुष हरेक ठाउँमा नारीको यौन शोषण गरिरहेको छ तर नारी स्वतन्त्रताको नाममा यसलाई सहेर बस्न बाध्य भइसकेको छ ।

## ४.२ पर्दा प्रथाः-

आज हाम्रो नेपाली समाज पनि पश्चिमी समाजको बाटोमा हिड्न आफूलाई गौरवान्वित ठान्दछ । तर इस्लाम नारीलाई विज्ञापनको साधन ठान्दैन र उसलाई यौन शोषणबाट बचाउन परपुरुषसंग हिड्डुल र उठ्-बस् गर्नमा रोक लगाएको छ । यसको निम्ति इस्लामले पर्दा प्रथाको व्यवस्था गरेको छ । यस प्रथालाई लिएर पश्चिमी समाजका साथै हाम्रो नेपाली समाजले पनि आलोचनात्मक दृष्टिकोण अपनाउने



गरेको छ । उनीहरू पर्दामा बस्ने महिलाहरूलाई संसारका सबभन्दा बढी पीडित र शोषित महिलाहरूको रूपमा चित्रण गर्ने गरेका छन् । तर यस कुरामाथि विचार गर्दैनन् कि पर्दामा बस्ने महिलाहरूलाई अगाडि बच्चा र पछाडि डोको बोकेर घाँस-दाउरा गर्नु पर्दैन, खेतमा गएर काम गर्नु पर्दैन, उद्योग-धन्दा, अफिस, पसल र अन्य ठाउँमा पुरुषसंगै पसिना चुहाउनुका साथै उनीहरूको कामवासनाको शिकार हुनु पर्दैन । यसै सन्दर्भमा डोटी जिल्लाको ग्रामीण महिलाहरूको बारेमा गोरखापत्रमा यस प्रकार लेखिएको छ, “हाम्रो नेपाली समाजमा महिलाहरू घरकी दासी जस्तै चौबिसै घन्टा काममा जोतिइरहेका हुन्छन् अझै त्यस माथि जति काम गरे पनि जस पाउँदैनन् । घरको कामदेखि बनको काम समेत श्रीमतीले नै गर्ने गरेको र त्यति गर्दा पनि बेलुकी श्रीमान्को रजाइमा गाली तथा कुटाई खाँदा मानसिक तनाव थेग्न नसकी रोएर बस्नुबाहेक केही गर्न सकेका छैनन्” (गोरखापत्र, २०६२/१२/३०) । पर्दामा बस्ने महिलाहरूलाई मानिसहरू पिंजडाको चरा जस्तो ठान्दछन्, तर यो सत्य होइन । पर्दामा बस्ने महिलाहरूले पनि काम परेको बेला जीउलाई छोप्ने गरी लुगा लगाएर घर बाहिर जान सक्छन्, शिक्षा प्राप्त गर्न सक्छन र नोकरी पनि गर्न सक्छन् ।

सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

> “निस्सन्देह अल्लाहले तिमी (महिलाहरू) लाई आफ्नो जरुरतको लागि घरबाट बाहिर निस्कने अनुमति प्रदान गरेको छ ।” (हदीसको संग्रह - बुखारी)

वास्तवमा पर्दा प्रथाको तात्पर्य समाजलाई चारित्रिक रूपले सफा-सुघर राख्नु र महिलाहरूलाई यौन शोषणबाट बचाउनु मात्र हो । पर्दा बाहेक नारीलाई यौन शोषणबाट बचाउने अरु कुनै उपाय छैन । नारीको लागि पर्दाको व्यवस्था कुनै मानवीय कानून होइन, यो त अल्लाहद्वारा बनाइएको व्यवस्था हो । अल्लाहद्वारा सन्देशवाहक मुहम्मद

(स.) का पत्नीहरूलाई सम्बोधन गर्दै कुरआनमा भनिएको छः-

> "आफ्ना घरभित्र बस्ने गर, तथा पहिलेका अज्ञानका दिनहरूमा जस्तै आफ्नो श्रृङ्गारलाई प्रदर्शन नगर ।" (सूरह - ३३:३३)

मानिसहरू मुहम्मद (स.) का पत्नीहरूलाई अत्यन्त आदरका दृष्टिले हेर्दथे र आदर पनि गर्दथे । जब उहाँहरूको बारेमा अल्लाहको यस्तो आदेश छ भने साधारण मुस्लिम महिलाहरू यसबाट कसरी बच्न सक्दछन् । यो कुरा सम्पूर्ण मुस्लिम महिलाहरूको हकमा लागू हुन्छ । महिलाहरूलाई घरबाट बाहिर जानु पर्ने अवस्थाको लागि कुरआनमा भनिएको छः-

> "हे मुहम्मद (स.) ! तिमी आफ्ना पत्नीहरू र आफ्ना छोरीहरू तथा निष्ठावान (मुसलमान) का स्त्रीहरूलाई भनिदेउः तिनीहरू (घरबाट बाहिर निस्किँदा) आफूमाथि आफ्नो चादर (Shawl) को घुम्टो हाल्ने गरुन् । यसबाट सम्भवतः तिनीहरू चिनिनेछन् र सताइने छैनन् ।" (सूरह - ३३:५९)

यो कुरा सबैले अनुभव गरेकै होलान् कि आफ्नो जीउलाई छोपेर हिड्ने महिलाहरूप्रति पुरुषहरू आकर्षित हुँदैनन् र तिनीहरूसित छेडछाड पनि गर्दैनन् । यसको विपरीत अङ्ग प्रदर्शन गर्ने महिलाहरूप्रति पुरुषहरू आकर्षित पनि हुन्छन्, जिस्काउँछन् पनि र तिनीहरूको यौन शोषण पनि गर्दछन् । साँचो भन्ने हो भने नारीहरू अङ्ग प्रदर्शन पुरुषहरूको ध्यान आफूतिर तान्नका निम्ति नै गर्ने गर्दछन् । यसै सम्बन्धमा अमेरिकाका प्रसिद्ध पप गायक माइकल जैक्सन (Michael Jackson) का भाइ जरमैन जैकसन (Jermaine Jackson) जो इस्लाम धर्म अँगाली सकेका छन्, भन्नुहुन्छ, "अमेरिकी महिलाहरू पुरुषहरूलाई लोभ्याउने खालका लुगा लगाउँछन् र उनीहरूलाई हैरानीमा पार्छन" (Dawah



Highlight, Jan./Feb. 2005) ।अब यस्तो अवस्थामा नारीहरू यौन शोषणबाट कसरी बच्न सक्दछन् ? यदि कसैले यो सोच्दछ कि महिलाहरू अङ्ग प्रदर्शन गर्दै बाटोमा हिडुन् तथा पुरुषहरू आँखा चिम्लि दिउन् र महिलाहरू यौन शोषणबाट सुरक्षित रहुन् भन्ने कुरा त्यस व्यक्तिको कल्पनामा मात्र सम्भव छ । महिलाहरूलाई यौन शोषणबाट बचाउने हो भने पर्दा प्रथा अपनाउनै पर्दछ ।

पुरुषहरूले नारीहरूलाई नङ्ग्याउने र तिनीहरूको यौन शोषण गर्ने थरी-थरीका तरीकाहरू अपनाउने गर्दछन् । कहिले मिस वर्ल्ड प्रतियोगिताको नाममा, कहिले मिस युनिभर्स, कहिले मिस एसिया, मिस युरोप, मिस अमेरिका आदि प्रतियोगिताहरूको नाममा, त कहिले मोडलिङ्ग आदिको नाममा । अब त हाम्रो देश पनि यस्ता कुरामा पछाडि छैन । यहाँ पनि मिस नेपाल आदि प्रतियोगिताका नाममा महिलाहरूको यौन शोषण गर्ने काम शुरु भइसकेको छ । डान्स र क्याबिन रेस्टूराँहरू तथा मसाज केन्द्रहरू देशभरि छ्यापछ्याप्ती खुलिसकेका छन् । यस्ता रेस्टूराँ तथा मसाज केन्द्रहरू पनि महिलाहरूको यौन शोषणका साधन बनेका छन् । यसै सन्दर्भमा केही समय अगाडि 'समय' पत्रिकामा एउटा विश्लेषणात्मक लेख छापिएको थियो । त्यसको केही अंश म यहाँ उद्धृत गर्न सान्दर्भिक ठान्दछु । लेखमा भनिएको थियो, "अर्धनग्न युवतीहरू कामुक मुद्रामा नाच्छन्, त्यसको मजा लिन बसेका हुन्छन् डान्स रेस्टूराँमा किशोरहरूदेखि बृद्धसम्म । बीच-बीचमा टेबुलमा संगै बसेका वेट्रेसहरू ती ग्राहकहरूलाई शारीरिक र मानसिक 'आनन्द' पनि दिइरहेकै हुन्छन् । उता क्याबिनमा डान्स त हुँदैन, तर त्यहाँ हुन्छन् ग्राहकहरूलाई आनन्द दिन शारीरिक रूपमा पूर्ण समर्पित हुने युवतीहरू । रक्सी, पैसा र उन्मुक्त युवतीहरूको यो खेलमा कमाउनेहरू धेरै छन्, तर गुमाउने चाहिँ केवल दुई थरी छन् - त्यहाँ कार्यरत युवती र ग्राहकका परिवार । मुलुकका डान्स र क्याबिन रेस्टूराँहरू

यौनका खुला पसलमा परिणत भएका छन् । राजधानीका यस्ता रेस्टूराँहरूमा काम गर्ने युवतीहरूको संख्या २५ हजारभन्दा माथि रहेको विभिन्न संस्थाले अनुमान गरेका छन्” (समय, ७ माघ २०६१) ।

यस्तै ‘एउटा गैरसरकारी संस्था ‘मुक्ति नेपाल’ द्वारा गरिएको अध्ययन अनुसार ७५ प्रतिशत मसाज केन्द्रमा यौनवृति हुन्छ’ (नेपाल, २०६१/४/३१) । महिलाहरूको यौन शोषण प्राचीनकालदेखि नै हुँदै आएको छ । पहिले पनि हुन्थ्यो आज पनि भइरहेकै छ, रूप मात्र फेरिएको छ । केही दशक अगाडि मात्र मानिसहरू ‘मुजरा’ हेर्न र सुन्नको लागि मुजरा हुने ठाउँमा लुकि-छुपी जाने गर्दथे । तर आज यसको रूप फेरिएको छ । सभ्य भनाउँदो समाजले यसलाई डान्स रेस्टूराँको नाम दिएर सबैको लागि महिलाको यौन शोषण गर्ने लाइसेन्स प्रदान गरिदिएको छ । यो सबैले थाहा पाएको एउटा गोप्य कुरा (Open Secret) हो कि डान्स रेस्टूराँ महिलाहरूको यौन शोषण गर्ने आधुनिक तरीका हो । यस्ता रेस्टूराँमा मानिसहरू लुकि-छुपि जाँदैनन् बरु गर्वका साथ जान्छन् । एक किसिमले यस्ता ठाउँमा जानु सभ्यताको प्रतीक बनिसकेको छ । स्वतन्त्रताको नाममा आज महिलाहरूको यौन शोषण खुल्लम-खुल्ला रूपमा भइरहेको छ र हाम्रो नेपाली समाजले पनि यसलाई सहर्ष स्वीकार गर्दै गइरहेको छ । म यहाँ ‘मिस जम्मू’ (भारत) रहिसकेकी अनारा गुप्ताको भनाई पनि उद्धृत गर्न सान्दर्भिक ठान्दछु जो मोडलिङ्गको काम पनि गर्दथिइन् । रैम्पको संसार हुँदै ब्लु फिल्मसम्म पुगेको आरोप गुप्तामाथि लागेको थियो । गुप्ताको भनाई अनुसार स्क्रीन टेस्टको नाममा उनको विभिन्न कोणबाट फोटो खिचियो र पछि त्यही फोटोहरू उनको ब्लैकमेलिङ्गका कारण बने । गुप्ताको दाबी छ कि फैशन शोमा भाग लिने ८० देखि ८५ प्रतिशत महिलाहरूको शारीरिक एवं मानसिक शोषण गरिन्छ । यस्तै केही समय अगाडि ‘मिस बङ्गलोर’ (भारत) लाई दिल्ली प्रहरीद्वारा वेश्यावृतिको आरोपमा समातिएको



थियो (भारतीय पत्र-पत्रिका एवं विभिन्न टि.भी. न्यूज च्यानलहरूबाट उद्धृत) । त्यसो त फिल्ममा बढ्दै गइरहेको अङ्ग प्रदर्शन यस कुराप्रति संकेत गर्दछ कि महिलाहरू जुनसुकै मुल्य एवं मान्यतामा ग्लैमरको संसारमा प्रवेश गरी छिटोभन्दा छिटो धन र प्रसिद्धि प्राप्त गर्न चाहन्छन् र यस प्रतियोगितामा धेरैजसो महिलाहरू दलदलको यस्तो भुमरीमा फँस्दछन् जहाँबाट निस्कन निकै गाह्रो हुन्छ । हाम्रै देशकी मोडल रचना महत भन्नुहुन्छ, “नग्नतामा पनि कला देखिन सक्छ । नग्नता भनेको मान्छेको नजरमा भर पर्ने कुरा हो” (नेपाल, ३ माघ २०६१) । उनको भनाई ठीक हो तर उनलाई यो पनि थाहा हुनु पर्दछ कि पुरुषहरू नग्नतामा कला भन्दा सेक्स (Sex) बढी देख्छन् । दोस्रो कुरा के भने नग्नताभन्दा बढी कला यौनक्रीडामा देखिन सक्छ तर कलाको नाममा बाटोमा यौनक्रीडा देखाउँदै हिड्नुलाई कदापि उचित ठहराउन सकिँदैन । अब त सेक्सी लेग्स (Sexy Legs) प्रतियोगिताको आयोजना पनि हुन थालेको छ । यस्ता प्रतियोगिता भारतको दिल्ली र मुम्बईमा आयोजित भइसकेका छन् (जी न्यूज टि.भी. च्यानल, 21 Nov. 2004) ।

भारतका कयौं शहरहरूमा पत्नी साटासाट (Wife Swapping) र सामूहिक यौनक्रीडा (Group Sex) को प्रचलन पनि आइसकेको छ । ‘इन्टरनेट तथा मोबाइल फोनको माध्यमबाट मानिसहरू कुनै रेस्टूराँमा भेट्ने समय मिलाउँछन् र तोकिएको ठाउँमा पुगेर मोज-मस्तीका लागि आफ्ना पत्नी साटासाट गरी यौनक्रीडा गर्ने गर्दछन् । यस्तै सामूहिक यौनक्रीडाका लागि पनि जोडीहरू (Couples) समय तोकेर कुनै एक जोडीको घरमा जम्मा हुन्छन् र एउटै कोठामा सामूहिक रूपले यौनक्रीडाको आनन्द लिन्छन्’ (जी न्यूज टि.भी. च्यानल, 2 and 9 Jan. 2005) । यी अश्लील कार्यहरूमा पत्नीहरू चाहेर वा नचाहेर पुरुषहरूका साथ दिइरहेका हुन्छन् । केही समय अगाडि भारतको आगरामा प्रहरीले यस्ता किशोर-किशोरीहरूको समूह (Group) लाई समातेको थियो जो

संगै बसेर ब्लु फिल्म हेरिरहेका थिए। यी सबै असभ्य र अश्लील कार्यहरू पश्चिमी समाजका देन हुन् जसलाई हाम्रो नेपाली समाज आफ्नो आदर्श ठान्दछ। हुँदा-हुँदै अब मानिसहरू 'विश्व यौनक्रीडा प्रतियोगिता' गर्न पनि हिच्किचाउँदैनन्। 'पोल्याण्डको वार्सा नगरमा यस्तो प्रतियोगिताको आयोजना चार वर्षदेखि हुँदै आईरहेको छ। यस प्रतियोगितामा एउटी महिलाले कतिजना पुरुषहरूसंग यौनक्रीडा गर्न सक्छे भन्ने विषयको प्रतिस्पर्धा गराइन्छ र सबभन्दा बढी पुरुषहरूसंग यौनक्रीडा गर्ने महिलालाई विजयी घोषित गरिन्छ' (गोरखापत्र, २०६१/६/२४)। विडम्बना त के छ भने एकातिर नारी समानता र स्वतन्त्रताको नाममा नारीहरू नै यस्ता प्रतियोगिताका लागि तयार हुन्छन् भने अर्कोतिर उनीहरू नै नारीको यौन शोषणको गुहार लगाउँछन्। केही वर्ष अगाडि क्यानाडामा गर्मीका कारण पुरुषहरू आफ्ना शर्ट फुकाली नाङ्गै छाती बाटोमा हिड्न थाले। यो देखेर त्यहाँका केही महिलाहरू पनि आफ्ना शर्ट र ब्रा फुकालेर नाङ्गो छाती भएर बाटोमा निस्किन थाले। ती महिलाहरूलाई पुलिसले समातेर लग्यो र छाती देखाउँदै बाटोमा हिड्न निषेध गऱ्यो। यसको विरोधमा अर्को दिन सयौं महिलाहरूले आफ्ना शर्ट र ब्रा फुकालेर जुलुस निकाले। तिनीहरूको तर्क के थियो भने यदि पुरुषलाई नाङ्गो छाती हिड्ने अधिकार छ भने महिलाले त्यो अधिकार किन नपाउने ? यस कुरालाई लिएर अदालतमा मुद्दा पनि हालियो र अदालतले महिलाहरूको पक्षमा नै फैसला दियो। यदि गहिरिएर विचार गर्ने हो भने यस्तो अवस्थामा पर्दाको सान्दर्भिकता झन बढेर आउँछ। तर जहाँ महिलाहरू नाङ्गोपनमा रमाउन थालेका छन् त्यहाँ पर्दालाई रुढिवादिताको नै संज्ञा दिइन्छ।

यहाँ यो प्रश्न पनि उठ्न सक्दछ कि पर्दा मात्र महिलाहरूको लागि किन ? पुरुषहरूका लागि पर्दा प्रथा किन लागु हुनसक्दैन ? यसको उत्तरमा के भन्न सकिन्छ भने इस्लाम धर्मले नारी र पुरुष



दुबैको लागि पर्दाको व्यवस्था गरेको छ तर यसमा भिन्नता छ। पहिलो कुरा इस्लामले नारीको सम्पूर्ण शरीरलाई यौन आकर्षणको केन्द्र मान्दछ। उदाहरणको लागि हाम्रै नेपाली समाजमा नारी अङ्गको बारेमा प्रचलित केही उखानहरूको वर्णन गर्न चाहन्छु। जस्तै- स्याउ जस्तो गाला, पीपलपाते ओँठ, मृगनयनी, गाजलु आँखा, बारुले कम्मर, रेशम जस्तो कपाल, सुराहीदार गर्दन (Goblet Shaped Neck) आदि। यसै सन्दर्भमा म हिन्दी साहित्यको एउटा कविता पनि उद्धृत गर्न चाहन्छु। कविता यस प्रकार छः-

गढु नितम्ब, गज गामिनी, भवँहें तीर कमान।
कनक छडी सी कामनी, मारत चितव वान॥

अर्थात् सुन्दर स्त्री त्यो हो जसको नितम्ब (Hip) ठूलो होस्, हात्ती जस्तो मस्त चाल होस्, आँखी भौँ धनुषमा वाण राखेर तानिएको जस्तो होस्, जीउ सुनको छडी जस्तो तथा आँखा यस्तो होस् कि हेर्ने वित्तिकै वाण हानेको जस्तो अनुभव होस्। यसबाट प्रस्ट हुन्छ कि नारीको प्रत्येक अङ्गमा आकर्षण हुन्छ। यस कारण इस्लाम धर्मले नारीलाई घरभित्र बस्ने एवं सन्तानको हेरविचार गर्ने आदेश दिन्छ र घरबाट बाहिर जानु परेमा पुरै जीउलाई छोप्ने गरि लुगा लगाएर निस्किने आदेश दिन्छ। इस्लामले पुरुषलाई नाइटोदेखि घुँडासम्मको भागलाई छोप्ने आदेश दिन्छ। यस भागलाई पुरुषहरूको गुप्ताङ्ग मानिएको छ। यसलाई देख्ने र देखाउने दुबै निषेध गरिएको छ। सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

"कुनै पुरुषले अर्को पुरुषको गुप्ताङ्ग नदेखोस् र न त कुनै स्त्रीले अर्को स्त्रीको गुप्ताङ्ग देखोस्।" (हदीसको संग्रह - मुस्लिम)

यस्तै अर्को हदीसमा भनिएको छः-

> “कुनै पुरुषले अर्को पुरुषसंग एउटै कपडामा नबसोस र न त कुनै स्त्रीले अर्को स्त्रीसंग एउटै कपडामा बसोस् ।”
> (हदीसको संग्रह - मुस्लिम)

जब पुरुषले पुरुषको र स्त्रीले स्त्रीको गुप्ताङ्ग हेर्नु हुँदैन भने पुरुष एवं स्त्रीले एक अर्काको गुप्ताङ्ग हेर्ने त कुरै उठ्दैन (पति, पत्नी बाहेक) । तर बिरामी अवस्थामा चेक-अपको लागि पुरुष डाक्टरले पुरुषका र महिला डाक्टरले महिलाका गुप्ताङ्ग हेर्न सक्छन् । यसै प्रकार इस्लामले पुरुषहरूलाई बिना अनुमति घरभित्र पस्न मनाही गरेको छ जसको वर्णन यसै शीर्षकको शुरुमा आईसकेको छ । वयस्क त वयस्क इस्लामले बच्चाहरूको लागि पनि निर्देशन दिएको छ । मुहम्मद (स.) द्वारा भनिएको छः-

> “बच्चाहरू दश वर्ष पुगेपछि उनीहरूको बिछ्यौना एक अर्काबाट अलग गरि देऊ ।” (हदीसको संग्रह - अबूदाऊद)

इस्लाम धर्म अनुसार पुरुषले परस्त्रीलाई बारम्बार हेर्नु हुँदैन । यो कुरा त विदित नै छ कि बाटोमा हिँड्दा कसैले पनि आँखा छोपेर हिँड्दैन । यस कारण परस्त्रीमाथि पहिलो दृष्टि बाहेक दोस्रो दृष्टि हाल्ने अनुमति इस्लामले दिँदैन । हदीसमा भनिएको छः-

> “पहिलो दृष्टिपछि दोस्रो दृष्टि नहाल । पहिलो दृष्टिको लागि त क्षमा छ तर दोस्रो दृष्टिको लागि छैन ।”
> (हदीसको संग्रह - तिर्मिजी)

बारम्बारको हेराईले पुरुषभित्र कामवासना उत्पन्न गराउँछ र महिलाका यौन शोषणको कारण बन्छ । अल्लाहद्वारा कुरआनमा महिला र पुरुष दुबैको बारेमा भनिएको छः-

> “(हे मुहम्मद !) निष्ठावान पुरुषहरूलाई भनि देउ, ‘उनीहरूले आफ्ना नेत्रहरूलाई नियन्त्रित राखुन् र आफ्ना



> गुप्ताङ्गको सुरक्षा गरुन् । यो उनीहरूका लागि अधिक पवित्रतास्वरूप रहेको छ ।” (सूरह - २४:३०)

यस्तै अर्को श्लोकमा भनिएको छः-

> “(हे मुहम्मद !) निष्ठावान महिलाहरूलाई भनि देउ, ‘तिनीहरूले आफ्ना नेत्रहरूलाई नियन्त्रित राखुन् र आफ्ना गुप्ताङ्गको सुरक्षा गरुन्, तथा स्वयं प्रकट हुने (अङ्गहरू) बाहेक आफ्नो श्रृंगार (र सौन्दर्य) प्रदर्शन नगरुन्, र आफ्ना छातीलाई शाल (Shawl) द्वारा ढाकेर राखुन् ।”
> (सूरह - २४:३१)

दोस्रो कुरा पुरुष र महिलाको स्वभावमा भिन्नता पाइन्छ र यो भिन्नता प्राकृतिक हो । महिलाहरूप्रति बढी आकर्षित हुने लोग्नेमानिसको प्राकृतिक स्वभाव हो । कुनै चीजलाई मन पराएपछि लोग्नेमानिस त्यसलाई प्राप्त गर्न छट्पटिन थाल्दछ । यसको विपरीत महिलाहरू पुरुषप्रति त्यति छिटो आकर्षित हुँदैनन् । यस मामिलामा महिलाहरूको स्वभावमा स्थिरता हुन्छ । भारतकी सिने नायिका दिया मिर्जाले एउटा अन्तर्वार्तामा भनेकी थिइन्, “यदि मैले स्कर्ट लगाएकी छु भने हरपुरुषमा त्यो स्कर्ट उठाएर हेर्ने चाहना हुन्छ“ (नेपाल समाचारपत्र, २०६१/६/२१) । यस भनाईमा एकदम सत्यता छ र यसले पुरुषहरूको स्वभावलाई दर्शाउँछ । यसै कारण इस्लामले महिलाहरूलाई घरभित्र बस्ने र पुरुषहरूलाई घर बाहिर मर्यादाका साथ जिविकोपार्जनको आदेश दिएको छ ।

तेस्रो कुरा यदि पुरुषहरू घरभित्र बस्दछन् र महिलाहरू घर बाहिर गएर जिविकोपार्जनका कार्य सम्हाल्छन् भने यसमा तिनीहरूलाई धेरै बाधा-अड्चनको सामना गर्नु पर्ने हुन्छ । महिलाहरू शारीरिक रूपमा पुरुषहरू जस्तो सबल हुँदैनन् । त्यसैले कठिन परिश्रमका काम तिनीहरूले पुरुषसरह गर्न सक्दैनन् । यस्तै प्रत्येक महिना महिनावारीको

बेलामा करीब एक हप्ता महिलाहरू सिथिल हुन्छन् र यस अवस्थामा गह्रुङ्गो कार्य महिलाहरूको लागि उपयुक्त हुँदैन । यसै प्रकार गर्भावस्थामा पनि महिलाहरूलाई बढी आरामको आवश्यकता पर्दछ । सुत्केरी हुनु भन्दा २-३ महिना अघिदेखि सुत्केरी भएको २-३ महिनापछिसम्म महिलाहरू शारीरिक रूपले कमजोर नै रहन्छन् । यी सबै अवस्थालाई हेरेर नै इस्लाम धर्मले घरभित्रको कार्य महिलालाई र घर बाहिरको कार्य पुरुषलाई सुम्पेको छ ।

## ४.३ पर्दा एवं हिन्दू धर्मः-

हिन्दू धर्मशास्त्रहरूमा पर्दाको सम्बन्धमा के कुराहरू भनिएका छन् त्यसको वर्णन गर्नु म यहाँ सान्दर्भिक ठान्दछु । ऋगवेदमा नारीलाई सम्बोधन गर्दै भनिएको छः-

> “ब्रह्माले तिमीलाई नारी बनाएका हुन्, यस कारण आफ्नो दृष्टिलाई तल राख, आफ्ना खुट्टाहरूलाई छोपेर राख र यस्तो लुगा लगाउ जसबाट तिम्रो शरीरलाई कसैले देख्न नसकोस् ।” (ऋगवेद, ८-३३-१९)

जब श्रीराम सीताका साथमा घरबाट निस्कनु भयो, मानिसहरू भन्न थाले, “कस्तो नराम्रो समय आएको छ, ती सीता जसलाई आकाशका देवताहरूले पनि देखेका थिएनन् आज उनलाई बजारका सबै मानिसहरू देखिरहेका छन् ।” (रामायण, अयोध्याकाण्ड, सर्ग - ३३)

रामायणको अर्को ठाउँमा यसरी भनिएको छः-

> “जब विभीषणले सीतालाई पालकीबाट ओरालेर श्रीरामकहाँ लान थाले त्यसबेला सीता पर्दा नभएका कारण लाजले खुम्चिएर आफ्नो जीउलाई आफूभित्रै लुकाउने प्रयास गर्दै थिइन् ।” (रामायण, युद्धकाण्ड, सर्ग - ११४)



यस्तै श्रीरामले विभीषणलाई वैदिक धर्मको कुरामाथि प्रकाश पार्दै भन्नुभएको छः-

> “सुन्नुस ! दुःखको बेलामा, असहायको अवस्थामा, युद्धमा, स्वयम्बरमा, बलि दिने बेलामा र विवाहमा महिलाहरूलाई पुरुषको सामुन्ने आइहाल्नु र पुरुषको दृष्टि नारीमाथि परिहाल्नुमा कुनै पाप छैन ।” (रामायण, युद्धकाण्ड, सर्ग - ११४)

अर्थात् उपरोक्त अवस्था बाहेक परस्त्रीलाई हेर्नु पाप हो ।

जुवामा हारेपछि जब द्रौपदीलाई सभामा तानेर ल्याइयो त्यसबेला द्रौपदीले भन्नुभएका कुरा यस प्रकार छन्ः-

> “हे महानुभावहरू हो ! राजा, महाराजाहरूले मलाई स्वयम्बरको बेला देखेका थिए । त्यसभन्दा अगाडि कसैले देखेको थिएन र सूर्य पनि मलाई देख्न पाउँदैनथ्यो । आज दुर्भाग्यले परपुरुषहरूको अगाडि आउनु पर्‍यो र सबैजनाले मलाई देखिरहेका छन् । म जस्तो पवित्र नारीलाई मानिसहरूको सामुन्ने आउनु पर्‍यो, यसभन्दा बढी बेइज्जतीको कुरा अरु के हुन सक्छ र ? अफसोचको कुरा त यो हो कि महाराजले आफ्नो सनातन धर्मलाई विर्सिसकेका छन् । हामीले त के सुनेका थियौं भने पहिलेका सभ्य मानिसहरू आफ्ना विवाहित पत्नीलाई सभामा लैजादैनथे । अफसोच, यस परिवारको धर्म समाप्त हुँदैछ ।” (महाभारत, सभा पर्व, अध्याय - ६९)

कल्युगको चिनोको बारेमा ब्रह्म पुराणमा भनिएको छः-

> “अन्तिम युगमा नारीहरूमा विकृति उत्पन्न हुनेछ । पर्दा नगरिकन सबैका अगाडि दुबै हातले आफ्नो कपालको

श्रृंङ्गार गर्नेछन् । कसैको परवाह गर्दैनन् ।" (ब्रह्म पुराण, अध्याय-२, श्लोक-३९)

यस्तै हिन्दू धर्म शास्त्रमा व्यभिचारको सम्बन्धमा भनिएको छः-

"परस्त्रीसित सम्बन्धित कुरा सुन्नु, उसको बारेमा कुरा गर्नु, उसको साथमा खेल्नु, उसलाई देख्नु, गोप्य रूपले कुरा गर्नु, उसको बारेमा सोच्नु, उसलाई प्राप्त गर्ने कोशिश गर्नु, उसको शरीरको स्पर्श गर्नु - यी आठ प्रकारका व्यभिचार हुन् ।"

उपरोक्त कुराहरूबाट के प्रस्ट हुन्छ भने हिन्दू धर्ममा पनि पर्दा प्रथाको व्यवस्था थियो । यसको केही अंश कुनै-कुनै ठाउँमा केही हिन्दू परिवारका महिलाहरूले अपनाउने गरेका घुम्टो प्रथाको रूपमा आज पनि देख्न सकिन्छ ।

## ४.४ पर्दा एवं पश्चिमी समाजः-

हामी एकछिनका लागि क्रिश्चियन धर्मलाई पनि हेरौं जसको सबभन्दा बढी अनुयायी पश्चिमी समाजमा बसोबास गर्दछन् र पर्दामाथि सबभन्दा बढी आपत्ति उनीहरूले नै प्रकट गर्दछन् । पश्चिमी समाजले के आरोप लगाउने गरेको छ भने मुस्लिम समाजद्वारा महिलाहरूलाई पर्दामा राखेर उनीहरूमाथि निकै नै अत्याचार गरिन्छ र उनीहरूलाई टाउकोमा स्कार्फ (Scarf) बाँध्न र बुर्का लगाउन वाध्य पारिन्छ । तर ग्यालप संस्था (Gallup Organization) को सर्वेक्षणले यस कुरालाई निराधार प्रमाणित गरिदिएको छ । पश्चिमी समाजको यो धारणा पूर्वाग्रह र गलत बुझाइले गर्दा भएको हो । ग्यालप संस्थाका लीन ओल्सन (Lynn Olson) भन्नुहुन्छ कि पश्चिमाहरू हरेक कुरामा आफूलाई नै ठिक ठान्दछन्, यद्यपि उनीहरूलाई अन्य समाजका संस्कृतिको बारेमा थाहा नै हुँदैन, थाहा भए पनि निकै कम मात्रामा थाहा हुन्छ । मुस्लिम



राष्ट्रहरूमा ग्यालपद्वारा गरिएको सर्वेक्षणमा एकजना महिलाले पनि स्कार्फ र बुर्कालाई नराम्रो ठानेनन् तथा स्कार्फ र बुर्का लगाउन उनीहरूलाई वाध्य पारिन्छ भन्ने कुरा स्वीकार गरेनन् । (The Rising Nepal, 10 June 2006 तथा राष्ट्रिय सहारा (भारत), २ जूलाई २००६) ।

क्रिश्चियन धर्म र चर्चप्रति समर्पित नन् (महिला) हरूको लुगा निकै हदसम्म मुस्लिम महिलाहरूले लगाउने लुगासंग मिल्दोजुल्दो हुन्छ । नन्हरू आफ्नो टाउकोलाई स्कार्फ (Scarf) ले छोपेका हुन्छन् र पूरै जीउलाई छोप्ने गरी खुकुलो लुगा लगाउँछन् । नन्हरूको लुगाप्रति पश्चिमी समाजले कहिले पनि आपत्ति जनाएको छैन किनभने उनीहरूलाई थाहा छ कि नन्हरू क्रिश्चियन धर्मको मान्यता अनुरूप नै लुगा लगाउँछन् । पश्चिमी मुलुकहरूमा बस्ने मुस्लिम महिलाहरू पर्दाको रूपमा आफ्नो टाउकोमा नन्हरू जस्तै स्कार्फ बाँध्छन् र खुकुलो लुगा लगाउँछन् । तर नन्हरू र मुस्लिम महिलाहरूको लुगामा केही न केही भिन्नता अवश्य हुन्छ । जोसुकैले यस्ता लुगा लगाएकी महिलालाई नन् हो वा मुस्लिम महिला हो भन्ने कुरा सजिलैसित छुट्याउन सक्दछ । यहाँ बुझ्न नसकिएको कुरा के हो भने नन्हरूको स्कार्फप्रति कसैलाई आपत्ति छैन तर मुस्लिम महिलाको टाउकोमा स्कार्फ देखिने वित्तिकै पश्चिमी समाजलाई असह्य हुन्छ । फ्रान्सले त स्कूल, कलेज र अफिसहरूमा मुस्लिम छात्रा तथा महिलाहरूले लगाउने स्कार्फ माथि प्रतिबन्ध नै लगाइसकेको छ । अन्य पश्चिमी मुलुकहरूले प्रतिबन्ध त लगाएका छैनन् तर यस्तै सोच अवश्य बनाइरहेका छन् । फ्रान्सले त स्कार्फमा देशको धर्म-निरपेक्षतामाथि नै खतरा देख्छ । यस कारण त्यसलाई स्कार्फमाथि प्रतिबन्ध लगाउनु परेको हो भन्ने निरर्थक तर्क दिन्छ । यो कस्तो धर्म-निरपेक्षता हो जहाँ मानिसले आफ्नो इच्छानुसार लुगा लगाउन सक्दैन, जहाँ नग्नतालाई स्वतन्त्रता ठानिन्छ तर मर्यादित लुगालाई खतरा । यस किसिमको तर्कमा सत्यता छैन । वास्तवमा

पश्चिमी समाजले त आफ्ना नारीलाई स्वतन्त्रताको नाममा नाङ्गो पारिसकेको छ (नन्हबाहेक जो निकै कम संख्यामा छन्) र संसारका धेरैजसो महिलाहरूलाई आफ्नो बाटोमा ल्याइसकेका छन् । अर्थात् अन्य समुदाय एवं धर्मका महिलाहरू पनि पश्चिमी समाजको प्रभावले अङ्ग प्रदर्शनमा रमाउन थालेका छन् र नरमाउनेहरू पनि त्यसलाई नराम्रो ठान्दैनन् । तर मुस्लिम समुदायका महिलाहरूलाई नङ्ग्याउनमा पश्चिमी समाजले सोचे जस्तो सफलता पाउन सकेको छैन । हामी एकछिनका लागि विचार गरौं । मानौं दुईजना महिलाहरू छन् । एकजनाले आफ्नो जीउलाई छोप्ने खालको लुगा लगाउँछे, परपुरुषसंग हिड्डुल गर्न र उठ्-बस् गर्न मन पराउँदैन र आफ्नो कुमारित्वलाई जोगाएर राख्दछे । दोस्रो महिला आफूलाई सेक्सी देखाउन नाम मात्रको लुगा लगाउँछे, परपुरुषसंग हिड्डुल र उठ्-बस् गर्नमा आफूलाई गौरवान्वित ठान्दछे र उनीहरूसंग शारीरिक सम्बन्ध पनि गाँस्दछे । अब यस्तो अवस्थामा यदि एउटा पुरुषलाई ती दुई महिलाहरूमध्ये एकलाई आफ्नो जीवनसाथीको रूपमा छान्नु पर्‍यो भने उसले कुन महिलालाई प्राथमिकता दिन्छ ? यसको जवाफमा अधिकांश पुरुषहरूको एउटै भनाई हुन्छ, त्यो के भने त्यस पुरुषले आफ्नो कुमारित्वलाई जोगाएर राख्ने महिलालाई नै जीवनसाथी बनाउन मन पराउँछ । आज पश्चिमी समाजका नारीहरू स्वतन्त्रताको नाममा यति अगाडि बढिसकेका छन् कि तिनीहरूलाई सबैको अगाडि नाङ्गिनुमा र परपुरुषसंग शारीरिक सम्बन्ध राख्नुमा कुनै किसिमको आत्मग्लानिको अनुभूति हुँदैन, बरु उल्टै आफूलाई गौरवान्वित ठान्दछन् । पश्चिमी समाजले बुझिसकेको छ कि अब उसले आफ्ना नारीलाई पछाडितिर फर्काउन सक्दैन । मानिसको स्वभाव हो, ऊ आफू जस्तो छ अरुलाई पनि त्यस्तै बनाउन खोज्दछ । यस कारण पश्चिमी समाज मुस्लिम महिलाहरूलाई नङ्ग्याउन लागिपरेको छ जुन त्यसको बाटोमा सबभन्दा ठूलो अवरोधको रूपमा उभिएका छन् । नत्र भने नन्हरूले लगाएको लुगाबाट स्वतः स्पष्ट हुन्छ कि क्रिश्चियन



धर्मले पनि अङ्ग प्रदर्शनको अनुमति दिएको छैन, तर पश्चिमी समाजका पुरुषहरू आफ्नो वासना पूर्तिका लागि नारीहरूलाई स्वतन्त्रताको नाममा कमभन्दा कम लुगा लगाउन प्रेरित गरिरहेका हुन्छन् र नारीहरू यसलाई सहर्ष स्वीकार गरिरहेका छन् ।

अब हामी एकछिनका लागि दुईजना महिलाबीच तुलना गरौं । एकजना महिला पर्दामा बस्छिन्, घर र सन्तानको हेरविचार गर्छिन्, जिविकोपार्जन जस्तो कठिन एवं संघर्षपूर्ण कार्यको लागि उनलाई पसिना चुहाउनु पर्दैन र मानिसहरूको यौनाशक्त दृष्टिको सामना पनि गर्नु पर्दैन तथा यौन शोषणबाट पूर्ण रूपले सुरक्षित भएर मर्यादित जीवन बिताउँछिन् । अर्की महिला स्वतन्त्रताको नाममा घर र सन्तानको हेरचाह गर्नुका साथै जिविकोपार्जनको लागि पसिना पनि चुहाउँछिन्, मानिसहरूको कुदृष्टिको सामना पनि गर्छिन् र आफूलाई यौन शोषणबाट सुरक्षित पनि पाउँदिनन् तथा मनमा सँधै भय एवं त्रासको भावना लिएर तनावग्रस्त एवं कामको बोझले थकित भएर जीवन बिताउँछिन् । यस्तो अवस्थामा कुन महिलाको जीवन बढी सुरक्षित एवं सुखमय हुनसक्छ ? हामी सजिलै अनुमान लगाउन सक्छौं ।

## ५. मदिरा एवं जुवाका कारण उत्पन्न समस्याबाट संरक्षण

जाँड, रक्सी र जुवा आज हाम्रो नेपाली समाजका अभिन्न अंग भइसकेका छन् र यिनीहरूबाट हाम्रो देशमा धेरै समस्याहरू पनि उत्पन्न भइरहेका छन् । यी समस्याहरूबाट महिलाहरू सबभन्दा बढी पीडित र शोषित छन् । यसका विरोधमा तिनीहरू आवाज पनि उठाई राखेका छन् तर यस विरोधले समाजमा कुनै असर पारेको देखिँदैन । अब त कम उमेरका युवाहरू पनि मदिरा सेवनमा लिप्त हुन थालेका

छन् । एक सर्वेक्षण अनुसार '१२ देखि २० वर्ष उमेर समूहका ८० प्रतिशत नेपाली युवाहरू मदिरा सेवन गर्दछन् । यस्तै १२ वर्ष मुनिका २२ प्रतिशत बालक र ९ प्रतिशत बालिकाले समेत मदिरा सेवन गर्ने गरेका छन्' (स्पेसटाइम, २०६०/३/२२) । तापनि हाम्रो देशका नीति निर्माताहरूले जाँड, रक्सीबाट उत्पन्न समस्याहरूो निवारणका बारेमा सोच्न सकेका छैनन् । संसारमा नेपाल मात्र यस्तो मुलुक हो जहाँ फुटपाथको चिया पसलदेखि पाँच तारे होटलसम्म, साना-तिना किराना पसलदेखि ठूला-ठूला डिपार्टमेन्टल स्टोरसम्ममा जाँड, रक्सी बिना कुनै रोक-टोक सर्वसुलभ रूपमा उपलब्ध छन्, जबकि यिनीहरूबाट फाइदाभन्दा हानि नै बढी हुन्छ । मानसिक रोग विशेषज्ञ डा. ध्रुवमान श्रेष्ठ भन्नुहुन्छ, "लागू पदार्थको असरभन्दा बढी खतरनाक हुन्छ मदिराको असर । यसले नकारात्मक असर नपुऱ्याउने शरीरको कुनै अङ्ग नै छैन" (हिमाल, १-१५ चैत्र, २०५९) । यसको भयावह रूप हाम्रो देशको ग्रामीण भेगमा देख्न सकिन्छ जहाँ मदिरा सेवन गर्नु, जुवा खेल्नु र पत्नीलाई कुट्नु लोग्नेमानिसहरूको दिनचर्या बनिसकेको छ । यसै सन्दर्भमा गोरखापत्रमा एउटा समाचार छापिएको थियो । त्यसको केही अंश म यहाँ उद्धृत गर्न सान्दर्भिक ठान्दछु । समाचारमा भनिएको छ, 'डोटी जिल्लाको सलेना गाउँका महिलाहरू दाउरा खोज्न बिहान ९ बजे जंगलमा पस्छन् र बेलुकी ६ बजेतिर दाउराको भारी घर पुऱ्याउँछन् । अर्को दिन चार पाँच घन्टा पैदल हिँडेर दाउराको भारी दीपायल बजारमा पुऱ्याएर बेच्दछन् र दाउरा बेचेको पैसाले सबभन्दा पहिले श्रीमान्को लागि रक्सी किन्छन् । बचेखुचेको पैसाले छोराछोरीको मुखमा माड लगाउन चामल, नुन, तेल आदि किनेर घर लान्छन् । रक्सी किनेर लगिएन भने लोग्नेले बेलुकी घरमा पस्नै दिँदैनन्- एक महिला भन्छिन् । अर्की महिला भन्छिन्, "हामीले एक सीसी रक्सी लगेनौं भने बेलुकी कुटाई खानु पर्दछ, गाली त बोली नै हुन्छ ।" श्रीमान्हरू दिनभरि गाउँका जाँडभट्टीमा तथा पसलमा जुवातास खेल्दै र नभए चौतारीमा



बेफ्वाँकका गफ चुट्दै दिन काट्छन्, बेलुकी श्रीमतीले ल्याएको रक्सी धोकेर उनै श्रीमतीलाई कुट्छन, स्थानीय एक व्यापारीले बताउँछन्' (गोरखापत्र, २०६२/१२/३०) । 'गणेश बहादुर रैदास नामको एक व्यक्तिले त अत्याधिक मदिरा सेवन गरि आफ्नै छोरीलाई हातपात गर्न गएकोले छोरीले वंचरो प्रहार गर्दा उसको मृत्यु भएको थियो' (कान्तिपुर, २०५५/९/२८) ।

मदिरा कलह र अपराधको बिउ हो । 'बेलायतको म्यानचेस्टरमा एक जोडीले विवाह गरेको खुशियालीमा पार्टीको आयोजना गऱ्यो । यो कुरा त सबैलाई थाहा छ कि आजभोलि पश्चिमी समाजका साथै हाम्रो नेपाली समाजमा पनि मदिराबिना पार्टी नै अधुरो ठानिन्छ । परिणामस्वरूप नवविवाहित बेलायती जोडी मदिराको सुरमा मातिएर पार्टीमा नै झगडा गर्न थाले । कलह यति बढ्यो कि प्रणयसूत्रमा बाँधिएको ९० मिनटभित्रै सम्बन्ध विच्छेदमा गएर टुंगियो' (पुनर्जागरण, २०६१/८/२२) । 'संयुक्त राज्य अमेरिकामा वर्षेनी करीब ४ लाख महिलाहरू बलात्कृत हुन्छन् र यस्ता कुकर्म गर्ने अपराधीमध्ये दुई तिहाई अपराधीहरू मदिरा सेवन गरी यस्ता अपराध गर्ने गर्दछन्' (Muslim Youth, June 2005) ।

इस्लाम धर्मले जाँड, रक्सी र जुवालाई वर्जित गरेको छ । कुरआनमा अल्लाहद्वारा सन्देशवाहक मुहम्मद (स.) लाई सम्बोधन गर्दै भनिएको छ:-

> "(हे मुहम्मद !) मानिसहरू तिमीसंग मदिरा र जुवाका बारेमा सोध्छन् । तिमीले भनि देऊ - यी दुबैमा ठूलो पाप छ तथा मानिसहरूका निम्ति यिनीहरूमा केही फाइदाहरू छन् परन्तु यी दुबैमा रहेको हानि यिनीहरूको फाइदा भन्दा धेरै बढी छ ।" (सूरह - २:२१९)

यसै प्रकार कुरआनको सूरह (अध्याय) नं. ५ को श्लोक नं. ९०

र ९१ मा भनिएको छ कि मादक पदार्थ, जुवा र चिट्ठा इत्यादि सैतानका घृणित कार्यहरू हुन् । मादक पदार्थ र जुवाले मानिसहरूबीच शत्रुता र घृणाभाव उत्पन्न गराउँछ । यस कारण यी सबै कार्यहरूबाट बच्नु पर्दछ । सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

"प्रत्येक नशालु वस्तु अवैध गरिएको छ ।" (हदीसको संग्रह- मुस्लिम)

मुस्लिम समुदायमा मदिरा सेवन र जुवाबाट उत्पन्न हुने कुनै प्रकारका समस्याहरू छैनन् किनभने मुसलमानहरू मदिरा र जुवादेखि टाढै बस्दछन् । अपवादको रूपमा यदि कसैले मदिराको सेवन गर्दछ वा जुवा खेल्दछ भने त्यो आफ्नो क्रियाकलाप गोप्य राख्दछ किनभने यस्तो मानिसको मुस्लिम समाजमा कुनै इज्जत नै हुँदैन । सबैजना त्यस व्यक्तिलाई घृणाको दृष्टिले हेर्दछन् ।

हिन्दू धर्ममा पनि मदिरा र जुवा निषेधित छन् । मदिराको सम्बन्धमा ऋगवेदमा भनिएको छः-

"मदिरा सेवन गरेपछि त्यसको नशाले मदिरा सेवन गरेका व्यक्तिको मुटुभित्र आफ्नो ठाउँ बनाउनको लागि युद्ध गर्दछ ।" (ऋगवेद, ८-२-१२)

अर्थात् मदिरा सेवनपछि मदिराको नशाले मानिसको मुटुलाई नराम्रो कामतिर प्रेरित गर्न थाल्दछ । ऋगवेदको अर्को ठाउँमा यस प्रकार भनिएको छः-

"हे ईश्वर ! परिश्रम नगर्ने व्यक्तिहरू मदिरा सेवन गरी मस्त हुन्छन् र तिमीलाई दुःख दिने कार्यको पछि लाग्दछन् (अर्थात् नराम्रा काम गर्दछन्) । अतः तिमीले यस्ता व्यक्तिहरूको मद्दत गर्दैनौ ।" (ऋगवेद, ८-२१-१४)



यस्तै जुवाको बारेमा ऋग्वेदमा नै भनिएको छः-

"जुवा खेल्ने व्यक्तिको श्वासले त्यसलाई सराप्छ र उसको पत्नीले पनि उसलाई छोडेर जान्छे । जुवाडेलाई कसैले एउटा फुटेको कौडी पनि उधारो दिन चाहँदैन ।" (ऋगवेद, १०-३४-३)

यसपछि लगातार तेस्रो मन्त्रदेखि तेह्रौं मन्त्रसम्म जुवाको हानि र यसबाट समाजमा पर्ने नराम्रो असरको बारेमा वर्णन गरिएको छ र तेह्रौं मन्त्रको अन्तमा यसरी भनिएको छः-

"हे जुवाडे ! जुवा खेल्न छाडी कृषि पेशा अँगाल, यसमा जुन नाफा छ त्यसैमा सन्तुष्ट रहने गर ।" (ऋगवेद, १०-३४-१३)

आज हाम्रो देशमा मदिराबिना कुनै पनि भोज-भतेरलाई अधुरो ठानिन थालिएको छ । यदि यस्ता भोज-भतेरमा कुनै मुसलमान सम्मिलित हुन्छ र उसले मदिरा सेवन गर्दैन भने सबैजना उसलाई रुढिवादीको संज्ञा दिन्छन् र उपहास गर्दछन् कि मुसलमानहरू आधुनिकतासंग हिड्न सक्दैनन् । कसैले यो भन्दैन कि यिनीहरूले मदिरा सेवन नगरेर राम्रो काम गरेका छन् । यसको कारण इस्लाम धर्म र मुसलमानहरूप्रति नकारात्मक दृष्टिकोण राख्नु मात्र हो ।

## ६. शिक्षाको अधिकार

मानिसहरूमा के भ्रम परेको छ भने मुस्लिम समुदायमा महिलाहरूलाई पर्दामा राखेर तिनीहरूलाई शिक्षाबाट वञ्चित गराइन्छ । वास्तवमा यो कुरा सत्य होइन । इस्लाम धर्मले शिक्षाको मामलामा नारी र पुरुषबीच कुनै भेदभाव गरेको छैन । हाम्रो नेपाली समाजमा मुस्लिम समुदायमा मात्र होइन अन्य समुदायमा पनि अशिक्षित

महिलाहरूको प्रतिशत बढी छ। यो कुरा तल दिइएको तथ्यांकबाट प्रस्ट हुन्छ।

तालिकाः- महिला असाक्षरता (६ वर्षभन्दा माथि)

| क. सं. | जाति/प्रजाति | असाक्षर महिला प्रतिशत | क. सं. | जाति/प्रजाति | असाक्षर महिला प्रतिशत |
|---|---|---|---|---|---|
| १. | मुस्लिम | ८९ | २. | यादव | ८९ |
| ३. | धोबी | ९१ | ४. | कुर्मी | ९० |
| ५. | मल्लाह | ९६ | ६. | धानुक | ९२ |
| ७. | दुसाध | ९६ | ८. | चमार | ९७ |
| ९. | खत्वे | ९६ | १०. | केवट | ९१ |
| ११. | मुसहर | ९८ | १२. | दनुवार | ८९ |
| १३. | चेपाङ्ग | ९३ | १४. | राजी | ८९ |
| १५. | थारु | ८८ | १६. | कुश्मा | ८८ |
| १७. | कुम्हार | ८५ | १८. | तेली | ८२ |
| १९. | तामाङ्ग | ८५ | २०. | जिरेल | ८२ |
| २१. | माझी | ८८ | २२. | बोडे | ८८ |
| २३. | थामी | ८७ | २४. | भोटे | ८४ |
| २५. | कामी | ८६ | २६. | सार्की | ८७ |
| २७. | राउटे | ८२ | २८. | राजवंशी | ८० |
| २९. | शेर्पा | ७८ | ३०. | मगर | ७५ |
| ३१. | कलवार | ७४ | ३२. | बनिया | ७० |
| ३३. | क्षेत्री | ७२ | ३४. | ठकुरी | ७० |
| ३५. | ब्राह्मण(तराई) | ५४ | ३६. | बाहुन (पर्वते) | ५३ |
| ३७. | राजपूत | ६४ | ३८. | नेवार | ५२ |
| ३९. | कायस्थ | ४६ | ४०. | थकाली | ४९ |

*(स्रोतः नेपालको जातीय प्रश्न)*



उपरोक्त तथ्यांकले के दर्शाउँछ भने कुनै विशेष धर्म वा समुदायको कारणले अशिक्षित महिलाको प्रतिशत घटी, बढी भएको होइन, बरु यसको मुख्य कारण गरीबी र अज्ञानता हो। पर्दा प्रथा त मुस्लिम समुदाय बाहेक अन्य समुदायमा छैन, तापनि केही समुदायमा महिला असाक्षरता प्रतिशत मुस्लिम समुदायभन्दा पनि बढी छ। यस कारण इस्लाम धर्म वा पर्दा प्रथालाई दोष दिन मिल्दैन। इस्लामले त शिक्षामाथि निकै जोड दिएको छ। शिक्षाको महत्व दर्शाउँदै कुरआनमा भनिएको छः-

"भन त ! के शिक्षित र अशिक्षित व्यक्ति बराबर हुन सक्दछन् ?" (सूरह - ३९:९)

अर्थात् शिक्षित व्यक्ति र अशिक्षित व्यक्ति कुनै पनि हालतमा बराबर हुन सक्दैनन् तथा शिक्षित व्यक्तिसंग अशिक्षित व्यक्तिको तुलना गर्न मिल्दैन। यो कुरा पुरुष र नारीलाई छुट्याएर भनिएको होइन। नारी एवं पुरुष दुबैलाई समान रूपले शिक्षाको महत्व दर्शाइएको छ। यसै सम्बन्धमा सन्देशवाहक (Prophet) मुहम्मद (स.) द्वारा भनिएको छः-

"शिक्षा प्राप्त गर्नु प्रत्येक मुसलमान पुरुष एवं महिलाको लागि अनिवार्य छ।" (हदीसको संग्रह - इब्नेमाजह)

उपरोक्त कुराहरूबाट के प्रस्ट हुन्छ भने इस्लाममा शिक्षा प्राप्त गर्नु जुन प्रकार पुरुषको लागि अनिवार्य गरिएको छ त्यसै प्रकार नारीको लागि पनि अनिवार्य गरिएको छ। तर इस्लाम धर्ममा प्राथमिक तह बाहेक अन्य तहमा सहशिक्षा (Coeducation) को कुनै स्थान छैन, किनभने सहशिक्षाले पनि नारीको यौन शोषणमा अहम् भूमिका खेलेको पाइन्छ। उदाहरणको रूपमा दिल्लीको एउटा प्रतिष्ठित स्कूलमा घटित MMS (Multimedia Messaging Service) काण्डलाई लिन सकिन्छ। यस काण्डमा स्कूलको एउटा विद्यार्थीले आफ्नै सहपाठी छात्राको यौनक्रीडाको फोटो आफ्नो मोबाइलमा खिचेर अन्य साथीहरूको मोबाइल

फोनमा एम.एम.एस. (MMS) गरेको थियो । हुँदा-हुँदै यस अश्लील चित्रको सी.डी. (CD) तयार भएर बजारमा आई पुग्यो (भारतीय पत्र-पत्रिका एवं टि.भी. न्यूज च्यानलहरूबाट उद्धृत, December 2004) ।

आज पश्चिमी समाजमा स्कूल तहमा नै विद्यार्थीहरू केटा तथा केटी साथी (Boy and Girl Friend) बनाउनमा आफूलाई गौरवान्वित ठान्दछन् जसले गर्दा कुमारित्व (Virginity) को धारणा त्यहाँको समाजबाट हराउँदै गइरहेको छ । यो धारणा हाम्रो नेपाली समाजमा पनि शीघ्रताका साथ प्रवेश गरिरहेको छ । यहाँ म स्कूल तहका किशोर-किशोरीहरूको सम्बन्धमा गरिएका केही अध्ययनहरूको सार उल्लेख गर्न सान्दर्भिक ठान्दछु । 'अमेरिकास्थित ओहायो राज्यमा गरिएको एउटा अध्ययन अनुसार स्कूले किशोर-किशोरीहरू स्वभावैले अश्लील कुरा सुन्न, घुमफिर गर्न र यौन सम्बन्ध राख्न लालायित हुन्छन् । किशोरीभन्दा किशोरहरू अझ कलिलो उमेरमै सेक्सका लागि तम्सन्छन्, उनीहरू हरदम सेक्स गर्न लालायित हुने गरेको पाइएको छ । अध्ययन टोलीको भनाईमा अमेरिकामा टीन एज (१३ देखि १९ वर्ष) मै अवैध गर्भधारण गर्ने प्रवृत्ति बढिरहेको छ । १५ वर्ष उमेरका करीब २५ प्रतिशत र १८ वर्षका करीब ५० प्रतिशत किशोर-किशोरीहरू यौन सम्पर्कमा ढुक्कसंग रमाउने गरेका छन् । एकजना किशोरीको भनाई यस्तो छ- 'जब म १३ वर्षकी थिएँ, स्कूलमा अरु धेरैको केटा वा केटी साथी थिए । उनीहरू संगसंगै हाँसखेल गर्दथे, चुम्बन गर्दथे । त्यो देखेर मैले पनि केटा साथी नबनाई सुखै पाइन, बनाएँ । पछि सेक्स सम्बन्ध पनि भई हाल्यो । अहिले एकदिन नहुँदा छटपटी हुन्छ' (राजधानी, २०६१/९/२०) । यस्तै जापानमा गरिएको एउटा सर्वेक्षण अनुसार 'माध्यमिकस्तरीय विद्यालयका ३९ प्रतिशत छात्रा र ३० प्रतिशत छात्रहरूले आफूले यौन सम्पर्क राख्ने गरेको बताए । आफ्नो कुमारित्व गुमाएकोमा जापानी छात्राहरूले खेद प्रकट गरे पनि यौन सम्पर्कमा उनीहरू छात्रहरूको दाँजोमा अगाडि



रहेका छन्' (गोरखापत्र, २०६१/११/११) । यसै सम्बन्धमा रसिया (Russia) का यौन विशेषज्ञहरूको भनाई यस्तो छ, 'केही वर्ष अघिसम्म १८ वर्षको उमेरमा सेक्स सम्पर्कको कुरा सुन्दा जिब्रो टोक्नु पर्ने स्थिति थियो, तर आज किशोर-किशोरीले १२ देखि १४ वर्ष उमेरको बीचमै यौन सम्बन्ध गाँस्दा कसैले आश्चर्य मान्दैन । अपरिपक्व यौन सम्पर्कको समस्या किशोरभन्दा किशोरीले बढी झेल्नु पर्ने अध्ययनको निचोड छ । न्यूजिल्याण्डका चिकित्सकहरूको भनाई अनुसार कलिलो उमेरमा यौन सम्पर्कले विकृति विसंगति त छँदैछ मानसिक रोग लाग्ने सम्भावना पनि त्यत्तिकै हुन्छ । त्यस्तै मास्कोस्थित अर्वुद रोग अनुसन्धान केन्द्रका विशेषज्ञहरूको भनाई अनुसार १२-१५ वर्ष बीचको उमेरमा बारम्बार यौन सम्पर्क गरिरहँदा मूत्रनलीको क्यान्सर हुने सम्भावना बढी हुन्छ' (राजधानी, २०६१/९/२०) ।

अब हेरौं आफ्नै देशको स्थिति । केही समय अगाडि 'नेपाल साप्ताहिक' पत्रिकाले १६ देखि २४ वर्ष उमेर समूहका छात्र-छात्राहरूबीच काठमाडौंमा यौन विषयक सर्वेक्षण गरेको थियो । 'सर्वेक्षणले के देखाउँछ भने 'प्लस-टू' कलेजमा पढ्ने प्रत्येक तीनमध्ये एकजनासंग यौन सम्पर्कको अनुभव छ, जसमध्ये ९० प्रतिशत अविवाहित छन् । ५४.६ प्रतिशत अश्लील चलचित्र हेरेर उत्तेजित हुन्छन् भने प्रत्येक चारजनामा एकजनाको यौन सन्तुष्टिको माध्यम बनेको छ समलिङ्गी सम्बन्ध । प्रत्येक १० जनामा एकजनाको यौन सम्पर्कको पहिलो साथी नातेदार हुन्छ भने ५९.३ प्रतिशतका दुईभन्दा बढी यौन साथीहरू छन् । ७ प्रतिशत त १३ वर्ष उमेरभित्रै यौन सम्पर्क गरिसकेका हुन्छन् । ४२.५ प्रतिशत आनन्दको लागि, १३.५ प्रतिशत आफूलाई सक्षम ठानेर तथा ५ प्रतिशत साथीहरूको देखा-सिकीमा यौन सम्पर्क गर्ने गर्दछन् । ३७.६ प्रतिशत किशोर-किशोरीहरू विवाह अघि यौन सम्बन्धलाई उचित ठान्दछन्' (नेपाल, ३ माघ २०६१) । यस्तै सिविन र सेभ द चिल्ड्रेन नर्वेले गरेको अध्ययन

अनुसार '११ देखि १४ वर्ष उमेर समूहका बालबालिकाहरूले सबै प्रकारका बालयौन दुर्व्यवहार जस्तै चुम्बन, मुखमैथुन र यौन सम्पर्क आदिबाट अधिक मात्रामा पीडित हुने गरेका छन् । १४ प्रतिशत निजी विद्यालय र २३.६ प्रतिशत सरकारी विद्यालयका बालबालिकाहरू बालयौन दुर्व्यवहारबाट पीडित रहेको पाइएको छ' (नेपाल समाचारपत्र, २०६२/५/२७) ।

आफूलाई आधुनिक भनाउँदा केही मानिसहरूको तर्क के छ भने यौनको दृष्टिले हाम्रो नेपाली समाज पश्चिमी समाज जस्तो उदार छैन र त्यहाँको यौन व्यवस्थापनबाट हाम्रो नेपाली समाजले कुनै शिक्षा लिन सकेको छैन । अब यहाँ हामी एकछिनको लागि विचार गरौं । के पश्चिमी समाजको यौन शिक्षा र यौन व्यवस्थापनले त्यहाँको यौन समस्यालाई समाधान गरिसकेको छ ? माथि मैले अमेरिका र नेपाल दुबै ठाउँको सर्वेक्षणको नतीजा प्रस्तुत गरिसकेको छु । अमेरिकाको स्थिति हाम्रो देशको स्थितिभन्दा भयावह छ । त्यहाँ टीन-एज (१३ देखि १९ वर्ष) मा अवैध गर्भधारणको प्रवृत्ति बढ्दै गइरहेको छ । यसको प्रस्ट प्रमाण हो अमेरिकामा 'नेशनल क्याम्पेन टू प्रिभेन्ट टीन प्रेग्नेन्सी' (National Campaign To Prevent Teen Pregnancy) जस्तो संस्थाको स्थापना हुनु । यस संस्थाले अमेरिकामा १३ देखि १९ वर्ष उमेरका केटीहरूमा हुने अवैध गर्भधारणलाई रोक्नको लागि राष्ट्रिय स्तरमा क्याम्पेन चलाउँछ । यदि हामीले अमेरिकाको ओहायो राज्य र नेपालको काठमाडौंमा गरिएका सर्वेक्षणको तुलना गऱ्यौं भने ओहायोमा १५-१८ वर्ष उमेरका ३७.५ प्रतिशत तथा काठमाडौंमा १६-२४ वर्ष उमेरका ३१ प्रतिशत किशोर-किशोरीहरू यौन सम्पर्कमा रमाउने गरेका छन् । यस्तै अमेरिकाको 'सेन्टर्स फर डिजिज कन्ट्रोल' (Centres For Disease Control) नामक संस्थाका अनुसार '१९९८ मा अमेरिकामा करीब २ करोड महिला गम्भीर यौन रोगबाट ग्रस्त थिए भने २९ हजार ७ सय



४५ जनाले यौन रोगबाट ज्यान गुमाएका थिए' (राजधानी, २०६१/१०/१६) । यी तथ्यांक हुन् एउटा यस्तो मुलुकको जसको यौन व्यवस्थापन र यौन शिक्षालाई हाम्रो देशका केही बुद्धिजीविहरू उदाहरणीय मान्दछन् । यसै प्रकार 'जापानको माध्यमिकस्तरीय विद्यालयमा गरिएको यौन सर्वेक्षणमा संलग्न क्योटो विश्वविद्यालयका सहायक प्राध्यापक मसाको किहाराको अनुसार बढ्दो यौन सम्बन्धी जानकारीको फलस्वरूप विद्यार्थीहरूमा यौन सम्पर्क राख्ने तीव्र चाहना हुने र पछि द्विविधा तथा खेदमा परिणत हुने गरेको छ' (गोरखापत्र, २०६१/११/११) । उपरोक्त तथ्यांकहरूबाट के प्रमाणित हुन्छ भने यस कुमार्गको समाधान यौन व्यवस्थापन वा यौन स्वतन्त्रता होइन । यसको समाधान हो नैतिक शिक्षा, धर्म परायणता र छात्र एवं छात्राहरूको छुट्टाछुट्टै शिक्षण संस्था ।

माथि वर्णित अध्ययनले के देखाउँछ भने कलिलै उमेरमा यौन सम्बन्ध बनाउनमा सहशिक्षा (Coeducation) एउटा मुख्य कारणको रूपमा रहेको छ किनभने सहशिक्षाले किशोर-किशोरीलाई निर्धक्कसाथ केटा वा केटी साथी बनाउने अवसर प्रदान गर्दछ र यही मित्रता (Friendship) पछि गएर अवैध शारीरिक सम्बन्धमा परिणत हुन्छ । अब त शिक्षकहरू पनि आफ्ना छात्राहरूसंग यौन सम्बन्ध राख्न हिचकिचाउँदैनन् । यस्ता समाचारहरू समाचार माध्यमहरूमा बारम्बबर आईरहेकै हुन्छन् । म यहाँ केही उदाहरण मात्र प्रस्तुत गर्न चाहन्छु । 'भारतको मध्यप्रदेशको एउटा नगर (Town) मा कोचिङ्ग कक्षा संचालन गर्ने शिक्षकले आफ्नै छात्रासंग यौन सम्पर्क राख्नुका साथै त्यसको सी.डी. (CD) पनि बजारमा निस्कासित गऱ्यो । यसभन्दा पहिले पनि मध्य प्रदेशकै इन्दोर तथा भोपालमा छात्राहरूको अश्लील सी.डी. बनाउने समाचार प्रकाशमा आएको थियो' (जी न्यूज टि.भी. च्यानल, 8 January 2005) । यसै प्रकार 'दिल्लीको नजिक हापुड भन्ने ठाउँमा एउटा स्कूलको गर्ल्स होस्टलको वार्डेनले होस्टलका छात्राहरूको यौन

शोषण गर्ने गर्दथ्यो’ (जी न्यूज टि.भी. च्यानल, 20 October 2005)। ‘भियतनामका एउटा माध्यमिक विद्यालयका शिक्षकले १३ र १४ वर्षका थुप्रै छात्राहरूलाई यौन दुर्व्यवहार गरेको र चारजनालाई बलात्कारसमेत गरेको अभियोगमा २४ वर्षको जेल सजायँ सुनाइएको छ’ (गोरखापत्र, २०६३/३/३२)। यस्तै जापानका १९६ शिक्षकहरूले आफ्नै छात्राहरूमाथि यौन दुर्व्यवहार गरेको कुराको वर्णन यसै पुस्तकको ‘यौन शोषणबाट संरक्षण’ शीर्षकमा आइसकेको छ। हाम्रै देशमा शिक्षकहरूद्वारा आफ्नै शिष्याहरूको यौन शोषणका कुरा पत्र-पत्रिकामा आइरहेकै छन्। काठमाडौंको एउटा नीजि विद्यालयका प्रिन्सिपलले आफ्नै छात्रासंग पटक-पटक यौन दुराचार गरेको आरोपमा उनी जेलमा परेका छन्। त्यस्तै अर्को एउटा नीजि स्कूल, कपन, काठमाडौंका एकजना शिक्षकले आफ्नो छात्रामाथि यौन दुराचार गरेको सार्वजनिक भएपछि गाउँलेहरूले कालोमोसो दली जुत्ताको माला लगाएका थिए’ ( नेपाल, ७ चैत २०६१)। यस्तै ‘बागलुङका एकजना शिक्षकले आफ्ना दृष्टिविहीन छात्राहरूको यौन शोषण सात वर्षदेखि गर्दै आएका थिए। (कान्तिपुर, ७ चैत २०६१)। उपरोक्त कारणहरूले गर्दा इस्लाम धर्मले नारी र पुरुषका शिक्षण संस्थाहरू छुट्टाछुट्टै हुनु पर्दछ भन्ने कुरालाई अनिवार्य गरेको छ।

## ७. नोकरीको अधिकार

पहिले नै वर्णन भइसकेको छ कि इस्लाम धर्मले नारीलाई घरभित्रको जिम्मेवारी र पुरुषलाई घर बाहिर जिविकोपार्जनको जिम्मेवारी सुम्पेको छ। इस्लामले पुरुषलाई आफ्नो सामर्थ्य अनुसार पत्नी एवं छोरा-छोरीको लागि बस्ने घरको व्यवस्था गर्नु, लुगा-फाटो तथा घर-गृहस्थीका लागि सम्पूर्ण कुराको जोहो गर्नु अनिवार्य गरेको छ। इस्लामको धारणा के हो भने नारी जिविकोपार्जनको संघर्ष र चिन्ताबाट मुक्त



रहोस् जसले गर्दा उसले आफ्नो सम्पूर्ण ध्यान आफ्नो घर र सन्तानमाथि केन्द्रित गर्न सकोस् र घरलाई स्वर्गतुल्य बनाओस्। शिशुहरू काँचो माटाका भाँडा जस्तो हुन्छन्। शुरुका दिनमा यिनीहरूलाई जुनसुकै रूपमा ढाल्न सकिन्छ र यसमा आमाको भूमिका निकै नै महत्वपूर्ण हुन्छ। यसैले भनिएको छ, “आमा शिशुको पहिलो शिक्षिका हुन्।” यस्तै अरबी भाषाको एउटा उखान छः “आमा शिशुको लागि एउटा विद्यालय हुन्।” अब त यो कुरा पनि प्रमाणित भइसकेको छ कि बच्चाहरू आमा-बुबाको जति नजिक रहन्छन्, उनीहरू अपराध र हिंसाबाट त्यति नै टाढा बस्छन्। तर आजभोलि आमा र बुबा दुबैजना जागिरे भएका कारण बच्चाहरूलाई न त बुबाको सामीप्य प्राप्त हुन्छ न त आमाको। यस कारण उनीहरूमा हिंसा र अपराधको प्रवृत्ति बढ्दै गइरहेको छ। ‘हार्वर्ड विश्वविद्यालयका डाक्टर बेरी ब्राजेल्टन (Dr. Berry Brazelton) भन्नुहुन्छ, “हामीले महिलाहरूलाई निकै टाढा धकेली सकेका छौं जसले गर्दा परिवारहरू विखण्डित भइरहेका छन् र यसको कुप्रभाव अमेरिकन बाल-बालिकाहरूमाथि परिरहेको छ।” भूतपूर्व प्रथम महिला हिलारी क्लिन्टन (Hillary Clinton) को भनाई यस प्रकार छः “हाम्रो अमेरिकी समाजमा वर्षेनी करीब ७ हजार बाल-बालिका हत्या तथा आत्महत्याका कारण मृत्युवरण गर्दछन्। चारमध्ये एक शिशुको जन्म अविवाहित आमाबाट हुन्छ तथा अविवाहित आमाहरूमध्ये धेरैजसो आफै बालिकाको श्रेणीमा पर्दछन्। प्रत्येक दिन १ लाख ३५ हजार बाल-बालिकाहरू बन्दूक बोकेर स्कूल जान्छन्। आज बाल-बालिकाहरू प्रत्येक सामाजिक क्षेत्रमा दुर्व्यवहार र उपेक्षा जस्ता समस्याहरूबाट पीडित छन्।” यी समस्याहरूको निवारणको सम्बन्धमा डा. बेरी ब्राजेल्टन महिलाहरूलाई सम्बोधन गर्दै भन्नुहुन्छ, “मेरो विचारमा तपाईंहरूले घरमा आफूसक्दो बढीभन्दा बढी समय बच्चाहरूको साथमा बिताउनु नै तपाईंहरूको तर्फबाट बाल-बालिकाहरूको लागि एउटा उत्तम उपहार हुनेछ“ (Muslim Youth,

June 2005) । अतः इस्लामले घर तथा सन्तानको हेरविचारको जिम्मेवारी नारीलाई सुम्पेर उपरोक्त समस्याहरूको समाधान पनि प्रस्तुत गरेको छ। इस्लाम धर्म अनुसार घर र सन्तानको हेरविचार गर्नु नारीको उत्तरदायित्व हो । सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएको छः-

> "नारी आफ्नो पतिको घर र सन्तानको संरक्षक हो र ऊ नै आफ्नो संरक्षकत्वमा रहेका सम्पूर्ण कार्यको लागि उत्तरदायी रहेकी छे ।" (हदीसको संग्रह - बुखारी)

इस्लाम धर्म अनुसार सामान्य अवस्थामा नारीलाई जिविकोपार्जनको लागि घर बाहिर गएर परिश्रम गर्नु पर्दैन । छोरी छँदा उसको जिम्मेवारी बुबा र दाजु-भाइमाथि राखिएको छ। विवाहपछि नारीको सम्पूर्ण जिम्मेवारी पतिले वहन गर्नु पर्दछ। विधवा महिलाको जिम्मेवारी उसको छोरा वा नजिकको आफन्तमाथि रहेको छ, तर अर्को विवाह गरेपछि यो जिम्मेवारी दोस्रो लोग्नेको काँधमा सर्छ। पहिले नै वर्णन गरिसकिएको छ कि इस्लामले विधुर पुरुष जस्तै विधवा नारीलाई पनि विवाह गर्ने पूर्ण अधिकार प्रदान गरेको छ। यदि नारीको कुनै संरक्षक छैन र उसको जीविकाको अन्य कुनै विकल्प छैन भने यस्तो अवस्थामा इस्लामिक राज्यमा राज्यले नारीको जिम्मेवारी वहन गर्दछ । गैरइस्लामि राज्यमा यो जिम्मेवारी मुस्लिम समाजले वहन गर्नु पर्ने हुन्छ। तर यदि मुस्लिम समाजले उसको जिम्मेवारी वहन गर्दैन र अन्य कुनै विकल्प पनि छैन भने इस्लामले नारीलाई घर बाहिर गएर नोकरी गर्ने अधिकार प्रदान गर्दछ तर यसको लागि शर्त के छ भने नारीले इस्लामको मर्यादाको पालन अनिवार्य रूपले गर्नै पर्दछ ।

विचार गर्नु पर्ने कुरा के हो भने नोकरी गर्ने महिलालाई दोहोरो जिम्मेवारी निभाउनु पर्दछ। जागीर खाने महिलालाई जागीरका साथै घरको सम्पूर्ण कामको जिम्मेवारी पनि लिनु पर्दछ। यदि पति, पत्नी दुबैजना जागिरे छन् भने उनीहरूले एक-अर्कालाई जति समय दिनु



पर्ने हो त्यति दिन सक्दैनन् जसले गर्दा विश्वासको भावना कुण्ठित हुन पुग्छ। यो सत्य हो, पति-पत्नी दुबैजनाले नोकरी गरेपछि घर चलाउन केही सजिलो हुन्छ तर दाम्पत्य जीवनमा पैसालाई मात्र महत्व दिनु हुँदैन । आखिर पैसा सर्वोपरि कुरा पनि होइन । संसारका प्रायः सबै ठाउँमा धेरैजसो कामकाजी महिलाहरू यौनजन्य दुर्व्यवहारका शिकार हुने गरेका छन् । यसै सम्बन्धमा 'नारी' पत्रिकामा यसरी लेखिएको छ, "भारतको दिल्लीमा ८० प्रतिशत र काठमाडौंमा ७५ प्रतिशत कामकाजी महिलाहरू मानसिक र शारीरिक रूपमा बलात्कारको शिकार भइरहेको जानकारहरूको अनुमान छ । कामका लागि बिहान घरबाट निस्किएदेखि बेलुकी घर नफर्किएसम्म महिलाहरूले यो दशालाई भ्रेल्नु परिरहेको हुन्छ । यो कुरा विकासशील राष्ट्रहरूको मात्र होइन, विकसित राष्ट्रहरूमा पनि यस्तै अवस्था छ। कामकाजी महिलाहरू जब घरबाट बाहिर पाइला राख्छन् तब मानसिक बलात्कारको सुरुवात हुन्छ। गल्ली, छरछिमेक, बसस्टेन्ड, अफिस आदि स्थानमा महिलाले पुरुषको कुदृष्टि, अनावश्यक पीडा, सीटी वा अश्लील इशारा आदिको सामना गर्नु परिरहेको हुन्छ । कार्यस्थलमा महिलाहरूको यौन उत्पीडन आज एउटा तीतो यथार्थ बनिसकेको छ" (नारी, चैत २०६१) । यस्तै 'हङकङमा ५० प्रतिशत महिला कार्यस्थलमै यौनजन्य दुर्व्यवहारबाट पीडित हुने गरेका छन्' (स्पेसटाइम, २०५९/११/२६) । २०६१ साल मङसीर १० गतेको गोरखापत्रमा 'जागिरे महिलाको पीडाः थोरै खुशी धेरै समस्या' शीर्षकमा जागिरे महिलाहरूको बारेमा समाचार छापिएको थियो । यसै समाचारबाट म यहाँ केही जागिरे महिलाहरूको भनाई उद्धृत गर्न चाहन्छु जसबाट इस्लामको धारणा बुझ्न केही हदसम्म मद्दत पुग्न सक्छ । शङ्खमूल (काठमाडौं) बस्ने एक महिलाको भनाई यस प्रकार छ, "बिहान ९ बजे कार्यालय पुग्नु पर्छ । समयमा पुग्न नसके खप्की खानु पर्दछ । घरमा गर्नु पर्ने कामको फेहरिस्त बनाएर साध्य छैन । गृहिणी भएपछि खाना पकाउ, छोरा-छोरीलाई खुवाउ, भाँडा माँझ, बाल-बच्चालाई स्कूल पठाउ, सारा काम गर्न हम्मे पर्दछ । कामको चापले सँधै तनावग्रस्त

हुनुपर्ने नियति बनिसकेको छ ।" यसै प्रकार ठमेल (काठमाडौं) को एउटा मनी एकसचेन्जमा काम गर्ने एकजना महिला प्रश्नको मुद्रामा भन्छिन्, "जागीरको नाममा आफ्नो स्वतन्त्रतालाई तिलाञ्जली दिनुको के अर्थ हुनसक्छ ?" यस्तै ट्राभल एजेन्सीमा काम गर्ने एकजना महिला भन्छिन्, "ओहो ! के नै होला भनेर एउटा ट्राभल एजेन्सीमा काम शुरु गरियो । एकाध महिना त रमाइलै भयो, तर अहिले यही जागीर बोझ भएको छ ।" निजी क्षेत्रको एउटा बैंकमा काम गर्ने एकजना महिला पनि जागीरबाट वाक्क भएको बताउँदै भन्छिन्, "कति काम गर्ने, फेरि महिला कर्मचारीलाई मात्र पेलान दिन्छन् । बिहान ९ बजे कार्यालय पुग्नु पर्ने र बेलुकी ५ बजेसम्म लगातार काम गर्नु पर्ने हुन्छ ।" कुपण्डोल (पाटन, ललितपुर) की एक युवती यसो भन्छिन्, "घर मात्र बिग्रेन, कतिपय जागिरे महिलाले विभिन्न प्रकारका यौन प्रताडना समेत खेप्नु परिरहेको छ ।" झापाको विर्तामोडबाट रोजगारीको खोजीमा काठमाडौं पसेकी एक महिला त्रिपुरेश्वरस्थित एउटा रेस्टूराँमा काम गर्न थालेपछि आफ्नो दशा शुरु भएको बताउँछिन् । रेस्टूराँ मालिकको मीठा-मीठा आश्वासनले उनलाई आफ्नो अस्मिताको हेक्का भएन । परिणामस्वरूप सडक नै हाल उनको जिन्दगीको सहारा बनेको छ । मालिकसंगको लसपसबाट पेटमा अवैध 'पाप' हुर्कंदैछ । "मेरो लागि त्यो जागीर अभिशाप ठहरियो", उनी भन्छिन् । यसै प्रसङ्गमा स्नातक उत्तीर्ण महाराजगंज (काठमाडौं) निवासी एकजना गृहिणी भन्छिन्, "कार्यालयमा काम गरेर हाकिम भनाउँदालाई अनावश्यक रूपमा खुशी पार्नुभन्दा घरमै घर-धन्दा गर्नु, सासु-ससुरा, श्रीमान्, छोरा-छोरीकै हेरचाह गर्नु ठीक । यसो गर्दा आफ्नो घर त बिग्रिँदैन । मैले कति जागिरे महिलाको घर बिग्रेको देखेकी छु" (गोरखापत्र, २०६१/८/१०) । यसै सन्दर्भमा नेपाल सरकारको एकजना महिला सह-सचिवको भनाई यस प्रकार छ, "मेरो कार्यालया मेरो काम तथा प्रस्तुतिको मूल्यांकन गर्नुभन्दा पनि लिपिस्टिक, साडी, फिगर, हेयरस्टाइल आदि यौनिकतासंग जोडिएका विषयमा अनावश्यक बहस गरी मलाई तनावग्रस्त बनाउँछन् ।



जसले गर्दा मेरो कार्य सम्पादनमै खलल पुगेको छ" (नारी, चैत २०६१) ।

उक्त भनाईको विपरीत केही महिलाहरू जागीरलाई आँसु मात्र होइन हाँसो पनि ठान्ने गरेका छन् । यस्ता महिलाहरू भन्छन्, "जागीर खाएपछि कसैलाई पकेटमनीको लागि गुहार्नु पर्दैन ।" तर यस्तो सोचाईमा अविवाहित महिलाहरूको संख्या बढी छ किनभने उनीहरूको काँधमा दोहोरो जिम्मेवारीको बोझ आइपरेको छैन र यसको अनुभव पनि उनीहरूलाई छैन । उपरोक्त कारणहरूले गर्दा इस्लाम धर्मले महिलाहरूको लागि नोकरीलाई त्यति महत्वपूर्ण कुरा ठान्दैन, बरु घर एवं सन्तानको हेरविचार गर्ने कुरालाई नै बढी महत्वपूर्ण ठान्दछ र यसै कुरामाथि जोड पनि दिन्छ ।

हामी एकछिनका लागि जागिरे महिलाको दिनचर्यालाई हेरौं । एउटा जागिरे महिला बिहान ४-५ बजेदेखि राति १०-११ बजेसम्म नसुतुन्जेल काममा जोतिइ रहन्छिन् । बिहान उठ्ने बित्तिकै घरका सबैको लागि खाजा एवं खाना बनाउनु, छोरा-छोरीलाई स्कूलको लागि तयार पार्नु र पतिलाई अफिसको लागि तयार पार्नु, साथै आफू पनि तयार हुनु - यी सबै कामले महिलालाई बिहान नै थकित बनाइदिन्छ । त्यसपछि हतार-हतार अफिसको लागि दौडिनु, बस र टेम्पोमा पुरुषहरूसंग कोचिएर यात्रा गर्नु र उनीहरूको कुदृष्टिको सामना गर्नु, अफिसमा १० देखि ५ बजेसम्म खटिनु, फेरि त्यही कष्टप्रद बस र टेम्पोको यात्रा गरेर घर पुग्नु । घर पुग्ने बित्तिकै सबैको लागि पुनः खाजा र खाना तयार पार्नु, सबैको स्याहार सुसार गर्नु, अबेर रातिसम्म काम सिध्याउनु र अन्त्यमा थकित भएर ओछ्यानमा पुग्नु -यो हो जागिरे महिलाको दिनचर्या । शान्ति र आरामसंग बसेर पति एवं छोरा-छोरीसंग प्रेमालाप र मीठा-मीठा गफ गर्ने फुर्सद पनि पाउँदिनन् उनी । पति र छोरा-छोरीलाई जति माया दिनु पर्ने हो त्यो पनि दिन सक्दिनन् र उनीहरूबाट पाउने मायाबाट पनि वन्चित नै रहन्छिन् ।

हप्तामा एकदिन विदा पाउँछिन्, तर विदाको दिन उनलाई झन खटिनु पर्दछ। घरको सफाई गर्नु, सबैको लुगा-फाटो धुनु, बच्चाहरूलाई नुहाउनु, किनमेल गर्नु, भेटघाट गर्न आउने साथी-भाइहरूको लागि चिया-नास्ताको व्यवस्था गर्नु आदि कामले विदाको दिन कसरी बित्छ उनलाई थाहा नै हुँदैन। यसरी हामी देख्छौं कि जागिरे महिलाको जिम्मेवारी पुरुषभन्दा कयौ गुणा बढी हुन्छ। के नोकरी एवं स्वतन्त्रताको नाममा महिलामाथि यति धेरै बोझ राख्नु उचित कुरा हो ? के जिविकोपार्जनको जिम्मेवारी पुरुषले लिनु र घर एवं सन्तानको हेरविचारको जिम्मेवारी महिलाले लिनु अनुचित कार्य हो ? कुन कार्यमा महिलाको शोषण हुन्छ ? पाठकवृन्दले आफै विचार गर्नुहोस्।

## ८. सम्पत्ति सम्बन्धी अधिकार

इस्लाम धर्मले नारीलाई सम्पत्ति राख्ने पूर्ण अधिकार प्रदान गरेको छ र उसको सम्पत्तिमा कुनै प्रकारको हस्तक्षेपलाई अनुचित र अवैध ठहराएको छ। निकाह (विवाह) को बेला बरको तर्फबाट बधुलाई अनिवार्य रूपले 'महर' (बरले बधुलाई दिने निर्धारित रकम वा अन्य सम्पत्ति) प्रदान गर्नु पर्दछ। यो 'महर' सहमति अनुसार जेसुकै र जतिसुकै हुनसक्छ तर यसको पूर्ण स्वामित्व नारीलाई मात्र प्राप्त रहेको छ। यसको साथै विवाह अघि नारी जुन सम्पत्तिको मालिक थिइन्, विवाह पछि पनि त्यस सम्पत्तिको मालिक नारी नै रहनेछिन्। पैतृक सम्पत्ति र लोग्नेको सम्पत्ति सम्बन्धी अधिकारको वर्णन 'पैतृक सम्पत्तिमा अधिकार' शीर्षकमा पहिले नै आइसकेको छ। नारीले आफ्नो सम्पत्ति जुनसुकै वैध कारोबार तथा उद्योग-धन्दामा लगाउन सक्छे र त्यसबाट हुने आय-आर्जनको पूर्ण स्वामित्व पनि नारीमा नै सीमित रहनेछ। इस्लाममा जुन प्रकारले सम्पत्तिको अधिकार पुरुषलाई प्राप्त छ त्यस्तै अधिकार नारीलाई पनि प्राप्त छ। कुरआनमा भनिएको छः-



"पुरुषहरूले जे जति कमाएका छन् त्यस अनुसार उनीहरूको अंश रहेको छ, तथा महिलाहरूले जे जति कमाएका छन् त्यस अनुसार तिनीहरूको अंश रहेको छ।" (सूरह - ४:३२)

## ९. उपसंहार

यस किताबमा मैले नारीको सम्बन्धमा इस्लाम धर्मको धारणा प्रस्तुत गरें। अन्य धर्म तथा समाजले नारीलाई जुन स्वतन्त्रता प्रदान गरेको छ त्यसको मुल्य नारीले कुन रूपमा चुकाउनु परेको छ त्यो पनि विचार गर्नु पर्ने कुरा हो। इस्लाम बाहेक अन्य धर्म तथा समाजमा नारीले जुन स्वतन्त्रता पाएको छ त्यही स्वतन्त्रतारूपी नाग नारीको अस्मितालाई डस्दै गइरहेको छ र इस्लाम नारीको अस्मितालाई धरोहर राखेर स्वतन्त्रता प्रदान गर्ने अनुमति दिँदैन। जहाँसम्म समानताको कुरा छ, यो नारा मात्र हो। समानताको राग अलाप्ने कुनै पनि राष्ट्र वा समाजले समानताको अधिकार प्रदान गरेको छैन। उदाहरणस्वरूप मानव अधिकारको दुहाई दिने अमेरिकालाई नै लिन सकिन्छ। त्यहाँ अहिलेसम्म भएका ४३ जना राष्ट्रपतिमध्ये एउटा पनि महिला राष्ट्रपति भएको छैन। यदि अमेरिका वास्तवमा महिलाको समानताको पक्षमा छ भने अब त्यसले राष्ट्रपति बन्ने पालो महिलालाई प्रदान गर्नु पर्दछ र राष्ट्रपतिको उम्मेदवार महिलालाई मात्र बनाउनु पर्दछ। ४३ जना महिला राष्ट्रपति भईसकेपछि मात्र पुरुषहरूको पालो पुनः आउनेछ। के अमेरिका ४ वर्षको समयको हिसाबले १७२ वर्षसम्म राष्ट्रपतिको पद ४३ जना महिलाहरूलाई सुम्पन तयार होला ? पक्कै हुने छैन। यो अमेरिकाको मात्र कुरा होइन, कुनै पनि राष्ट्र महिलालाई यस्तो अधिकार प्रदान गर्न अगाडि बढ्दैन। अतः यसबाट स्वतः प्रमाणित हुन्छ कि नारी समानताको अधिकार नारीलाई झुक्क्याउने नारा मात्र हो।

अन्त्यमा, म के भन्न चाहन्छु भने मुस्लिम समुदायमा पनि नारीहरू पीडित र शोषित छन् तर यसलाई इस्लाम धर्मसित जोड्न मिल्दैन । इस्लामको मर्म नारीको शोषण गर्नु वा दुःख दिनु कदापि होइन । विडम्बना त के छ भने एउटा व्यक्ति जो नारीलाई जिविकोपार्जन जस्तो कठिन एवं दुःखपूर्ण कार्यबाट टाढा राखेर उसको सम्पूर्ण जिम्मेवारी आफ्नो काँधमा लिनुका साथै घर र सन्तानको जिम्मेवारी पनि वहन गर्दछ र नारीलाई घर तथा सन्तानको हेरविचार गर्ने काममा मात्र लगाउँछ, त्यसलाई नारीको शोषक भनिन्छ तर जसले नारीलाई आफू सरह काममा जोत्नुका साथै घर एवं सन्तानको जिम्मेवारी पनि नारीकै काँधमा राख्दछ र उसको यौन शोषण गर्ने विभिन्न प्रकारका तरीकाहरूको आविष्कार गर्दछ, त्यसलाई नारीको मुक्तिदाता भनिन्छ । के यो उचित सोचाई हो ? नारीको वास्तविक मुक्तिदाता को हो ? यी प्रश्नहरूको जवाफ खोज्ने काम पाठकवर्गको काँधमा राख्दै म आफ्नो भनाई यहीँ टुंग्याउन चाहन्छु । अल्लाहले हामी सबैलाई असल कार्य गर्ने प्रेरणा प्रदान गरुन् । अल्लाह हाफिज ।

## १०. शब्दावली

| | | |
|---|---|---|
| अवैध कुरा | = | इस्लाम धर्मले वर्जित गरेको वा रोक लगाएको कुरा । यस्ता कुरा गर्नाले मानिस पापको सहभागी हुन्छ । |
| गुप्ताङ्गको रक्षा गर्नु | = | व्यभिचारबाट बच्नु |
| जकात | = | निश्चित आय भएको व्यक्तिले वर्षमा आफ्नो बचतको २.५ प्रतिशतको हिसाबले प्रदान गरिने एक किसिमको अनिवार्य दान । |
| तौहीद | = | एक अल्लाहमाथि निष्ठा राख्नु |



| | | |
|---|---|---|
| नमाज | = | एकदिनमा पाँच पटक निर्धारित समय अनुसार एउटा विशेष तरीकाले एक अल्लाहको मात्र उपासना गर्ने काम |
| निष्ठावान | = | इस्लाम धर्मप्रति निष्ठा राख्ने व्यक्ति |
| नेपाली समाज | = | नेपालका सबै धर्म एवं समुदायको संयुक्त समाज |
| बुर्का | = | सम्पूर्ण जिउलाई छापिने गरी मुस्लिम महिलाहरूले लगाउने एक विशेष प्रकारको पहिरन । |
| महर | = | दुलहाले दुलहीलाई अनिवार्य रूपले दिनुपर्ने निर्धारित रकम वा अन्य सम्पत्ति |
| रोजा (व्रत) | = | उषाकालदेखि सूर्यास्तसम्म केही नखाई, नपिई बस्ने व्रत । अरबीको रमजान महिनामा यो व्रत सबै मुसलमानहरूको लागि अनिवार्य गरिएको छ । |
| स. | = | सल्लल्लाहु अलैहि वसल्लम (अर्थात् उनीमाथि अल्लाहको कृपा एवं शान्ति होस्) |
| सन्देशवाहक (Prophet) | = | आफ्नो धर्म र आदेशका साथ अल्लाहद्वारा यस संसारमा पठाइएको व्यक्ति । मुहम्मद (स.) अल्लाहका अन्तिम सन्देशवाहक हुन् । |
| सूरह | = | कुरआनको अध्याय |
| सूरह-३३:३५ | = | कुरआनको अध्याय नं. ३३ को श्लोक नं. ३५ |
| हज | = | मक्काको तीर्थयात्रा (धनवानहरूको लागि अनिवार्य) |
| हदीस | = | सन्देशवाहक मुहम्मद (स.) द्वारा भनिएका र गरिएका कुराहरू |

## ११. सन्दर्भ सामग्री

### पुस्तक/पुस्तिका


१. कुरआन एवं हदीस

२. पर्दा - मौलाना सैयद अबुल आला मौदूदी

३. मुसलमान औरतका पर्दा और लिबास - अहमद बिन् अब्दुल हलीम (उर्दू अनुवाद -मकसूद्ल हसन)

४. इस्लामी निजाम में औरतका मुकाम - माइल खैराबादी

५. तोहफतुल उरुस - अल्लामा महमूद महदी इस्ताम्बुली (उर्दू अनुवाद - मौलाना मुख्तार अहमद नदवीको रेख-देखमा भएको)

६. सन्देहको घेरामा इस्लाम - सैयद मुहम्मद कुत्ब (नेपाली अनुवाद - भगीरथ यादव)

७. इस्लाम में ख्वातीन का मर्तबा वो मुकाम - डा. ल्याकत अली खाँ

८. अमने आलम और इस्लाम - सैयद मुहम्मद कुत्ब (उर्दू अनुवाद - मन्जूर अहमद)

९. मुसलान औरत के होकूक और उन पर एतराजात का जायजा - सैयद जलालुद्दीन उमरी

१०. आदाबे जिन्दगी - मौलाना मुहम्मद युसुफ इस्लाही

११. इस्लाम एक रोशन हकीकत - डा. महमूद अब्दुल आती (उर्दू अनुवाद - शरीफ अहमद खाँ)

१२. फतावा बराए ख्वातीन - मुहम्मद बिन् अब्दुल अजीज अल्मसनद (उर्दू अनुवाद - जारुल्लाह जाया)

१३. होकूकुज्जौजैन - मौलाना सैयद अबुल आला मौदूदी

१४. ख्वातीन-रसूल-ए-अकरम (स.) की नजर में - उम्म-ए फारुक

१५. औरत कुरआन की नजर में - शमीमा मोहसिन (एम.ए.)





१६. औरत इस्लामी मुआशरे में - सैयद जलालुद्दीन उमरी

१७. औरत और इस्लाम - सैयद जलालुद्दीन उमरी

१८. बाइबल, कुरआन और साइन्स - मोरिस बोकाय (उर्दू अनुवाद - सनाउल्हक सिद्दीकी)

१९. इस्लाम में हलाल वो हराम - अल्लामा युसुफ अल्करजावी (हिन्दी अनुवाद - मन्सूर आगा)

२०. निकाह के इस्लामी कवानीन - सदरुद्दीन इस्लाही

२१. हिन्दु धर्म एक मतालआ - मुहम्मद फारुक खाँ

२२. इस्लाम की अहमीयत हिन्दु धर्मके पसे मन्जर में - मुहम्मद फारुक खाँ

२३. इस्लाम ही ने औरतको हकीकी आजादी दी है (इस्लाम धर्म स्वीकार गरेकी एक अमेरिकी महिलाको भनाई) - हश्शाम औजी (उर्दू अनुवाद-मसऊद हसन)

२४. इस्लामको परिचय - मौलाना अबुल हसन अली नदवी (नेपाली अनुवाद - नियाजुद्दीन मियाँ)

२५. इस्लाहे मुआशेरह - मौलाना मुहम्मद सादिक स्यालकोटी

२६. तादादे अजवाज - सैयद हामिद अली

२७. इस्लाम धर्मबारे भ्रम र वास्तविकता - अबुल्लैस र अब्दुल कय्यूम

२८. नजरानए अकीदत - हबीबुल्लाह इलाकाबन्द

२९. नेपालको जातीय प्रश्न - गोविन्द न्यौपाने

३०. Woman In Islam – B. Aisha Lemu and Fatima Heeren

३१. Why Hijab (Veil) – World Islamic Network, India

३२. The Right of Muslim Woman – An Appraisal – Sayyid Jalaluddin Umri

३३. Polygamy in Islam – Dr. Gamal A. Badawi

## पत्र–पत्रिका


१. 'हिमाल', 'नेपाल', 'समय' तथा 'नारी' का विभिन्न अंकहरू (नेपालबाट प्रकाशित)

२. विभिन्न मितिका कान्तिपुर, स्पेसटाइम, गोरखापत्र, नेपाल समाचारपत्र, राजधानी आदि समाचारपत्रहरू (नेपालबाट प्रकाशित)

३. मधुर सन्देश - वर्ष - ४ (अंक १ र ३), वर्ष - ८ (अंक ८), वर्ष - ९ (अंक २) (नेपालबाट प्रकाशित)

४. पैगाम - शुमारह नं. १३, १४, ३८, ३९ र ४० (नेपालबाट प्रकाशित)

५. हाम्रो सौगात - वर्ष - १ (अंक २, ६ र १०) (नेपालबाट प्रकाशित)

६. अस्सेराज - शुमारह नं. १, जून २००४ (नेपालबाट प्रकाशित)

७. मजल्ला अल्-नादी - शुमारह नं. १२, २००३ (भारतबाट प्रकाशित)

८. सँगालो - बैशाख - जेठ, २०५९ (नेपालबाट प्रकाशित)

९. Muslim Youth - June 2005, March 2004, May 2004, August 2004, January 2003, September 2002, November 2002 (साउदी अरबबाट प्रकाशित)

१०. Dawah Highlights - Vol. XIV, Issue - 5; Vol. XV, Issue - 3, Vol. XVI, Issue 1 & 2 (पाकिस्तानबाट प्रकाशित)

११. विभिन्न रेडियो तथा टि.भी. च्यानलहरू ।




# समर्पण

यस किताबलाई म आफ्ना स्वर्गीय आमाबुबाप्रति समर्पित गर्न चाहन्छु जसले आफ्नो दुःख–कष्टको पर्वाह नगरी मेरो पालन–पोषणमा आफ्नो अमूल्य समय खर्च गरेर मलाई धर्म, समाज र देशको लागि केही गर्न सक्ने योग्य बनाउनु भयो । अल्लाहले उहाँहरूलाई जन्नतुल फिर्दोस (स्वर्गको उच्चतम श्रेणी) प्रदान गरोस् र मेरो यस सानो प्रयासलाई सफल पारोस् भनि अल्लाहसंग मेरो यही प्रार्थना छ ।

**हिफजुर्रहमान**

*एम.एस्सी. (M.Sc.)*

# प्राक्कथन

आज इस्लाम धर्ममाथि चारैतिरबाट आक्रमण भइरहेको छ। मानिसहरूले यसलाई शंकाको दृष्टिले हेर्ने गरेका छन् । कोही यसलाई आतंकवाद सिकाउने धर्म, कोही रुढिवादिताको धर्म त कोही नारीको शत्रु ठान्दछन् । वास्तवमा यस प्रकारको सोचाईमा कुनै सत्यता छैन । यसको मुख्य कारण हो मानिसहरूले इस्लाम धर्मको वास्तविकता नबुझ्नु । यसमा केही हदसम्म मुसलमानहरू पनि दोषी रहेका छन् किनभने उनीहरूले आफ्नो आचरण इस्लाम धर्म अनुसार देखाउन सकेका छैनन् । अन्य धर्म तथा समुदायका मानिसहरूले मुसलमानहरूका प्रत्येक क्रियाकलापलाई इस्लाम धर्मसित जोडेर हेर्ने गर्दछन् । यस कारण मानिसहरूमा इस्लाम र मुसलमानहरूप्रति नकारात्मक दृष्टिकोण बढ्दै गइरहेको छ। मुसलमानहरूका क्रियाकलापलाई मात्र हेरेर इस्लामको वास्तविकता थाहा पाउन सकिन्न । यसको लागि इस्लामको महान ग्रन्थ ‘कुरआन’ र ‘हदीस’ (सन्देशवाहक मुहम्मद स. द्वारा भनिएका र गरिएका कुराहरू) को अध्ययन गर्नु जरुरी छ ।

इस्लामले नारीलाई कुन स्थानमा राखेको छ र उसलाई के-कस्तो अधिकार प्रदान गरेको छ, यस किताबमा यसै सन्दर्भमा प्रकाश पार्ने प्रयास गरिएको छ । कुरआन र हदीसमा नारीको सम्बन्धमा के भनिएको छ त्यसलाई नै मैले यस किताबमा वर्णन गर्ने प्रयास गरेको छु किनभने “कुरआन” इस्लाम धर्मको संविधान हो त हदीस यसको व्याख्या । यदि कुनै मुस्लिमले कुरआन र हदीस विपरित कार्य गर्दछ भने त्यसलाई इस्लाम धर्मसित जोडेर हेर्न मिल्दैन। आज केही मुस्लिमहरूले पनि नारीलाई दुःख दिने खालका क्रियाकलापहरू गर्ने गरेका छन् जुन इस्लामको मर्म विपरित छ। मुसलमानहरूको यस्तो कार्य अज्ञानता, दरिद्रता, अशिक्षा र सामाजिक प्रभावले गर्दा भएका हुनसक्छन् । मलाई आशा छ यस किताबको अध्ययनबाट मानिसहरू इस्लाम धर्मलाई नारीको शत्रु होइन मित्र ठान्नेछन् र यस सम्बन्धमा उनीहरूमा रहेका नकारात्मक दृष्टिकोणमा केही हदसम्म अवश्य कमी आउनेछ ।

अन्त्यमा, म यस किताबको लेखनमा सहयोग पुऱ्याउनु हुने मेरा सबै शुभचिन्तकहलाई धन्यवाद दिन चाहन्छु। साथै यस किताबको सम्पादन र प्रकाशनमा सहयोग गर्नुभएको इस्लामी संघ नेपालका अध्यक्ष मामौलाना जुलफकार अली फलाही र महासचिव मौलाना नजरुल हसन फलाही तथा इस्लामी संघ नेपालप्रति विशेष आभारी छु । साथै यस पुस्तक सन्दर्भमा आवश्यक रचनात्मक सुझाव र सल्लाह पठाई सहयोग गरिदिनु हुन सम्पूर्ण पाठक वर्ग र मेरा शुभचिन्तकहरुमा हार्दिक अनुरोध गर्दछु ।

**हिफजुर्रहमान**
वरिष्ट भूगर्भविद्
खानी तथा भूगर्भ विभाग
काठमाडौं, नेपाल
२०६३, भाद्र

*शुरु अल्लाहको नामबाट जो अत्यन्त कृपालु एवं अत्यन्त दयालु छ।*

# भूमिका

इस्लाम शान्ति र न्यायको धर्म हो। यसलाई प्राकृतिक धर्म पनि भन्न सकिन्छ किनभने यसले प्रकृतिको नियम विरुद्ध काम गर्न सिकाउँदैन, तर प्रत्येक कुराको लागि नियम-कानून एवं नीति-निर्देशन अवश्य बनाएको छ र यसैको परिधिभित्र बसेर मानिस आफ्नो जुनसुकै काम गर्न स्वतन्त्र छ। इस्लाम एउटा धर्म मात्र होइन, यो एउटा जीवन पद्धति पनि हो। यसले जीवनका सम्पूर्ण कुराको लागि नीति-निर्देशन तथा मार्गदर्शन दिएको छ। यसले महिलाहरूलाई समानताको हक प्रदान गरेको छ र महिलाहरूको हक-हितलाई १४ सय वर्ष अगाडि नै सुरक्षित गरिदिएको छ।

आजभोलि सबभन्दा बढी चर्चा-परिचर्चा भएको विषयवस्तु हो- मानव अधिकार। मानव अधिकारका कुरा उठ्दा महिलाहरूको हक-हितको चर्चा पनि त्यत्तिकै चलेको पाइन्छ। कहिलेकाहीँ संचार माध्यमहरूमा मुस्लिम महिलाहरूका बारेमा पनि कुराहरू उठ्ने गरेका छन् तर यी कुराहरू सकारात्मक रूपमा नभई नकारात्मक रूपमा प्रस्तुत गरिएका हुन्छन्। यस्ता चर्चा-परिचर्चामा मुस्लिम महिलाहरूलाई संसारका सबभन्दा बढी शोषित र पीडित नारीको रूपमा चित्रण गरिएको पाइन्छ। तर वास्तविकता त यो हो कि आज हाम्रो नेपाली समाज नारीको हक-हितका लागि जुन कुरामा संघर्षरत छ, त्यस्ता धेरै कुराहरू इस्लाम धर्मले १४ सय वर्ष अगाडि नै नारीहरूको लागि सुरक्षित गरिदिएको छ। इस्लाम धर्मले नारीलाई के-कस्तो अधिकार र संरक्षण प्रदान गरेको छ त्यसको संक्षिप्त वर्णन निम्नलिखित शीर्षकमा समावेश गरिएको छः-

(१) समानताको अधिकार

(२) पैतृक सम्पत्तिमा अधिकार

(३) विवाह एवं पारपाचुकेको अधिकार

(४) यौन शोषणबाट संरक्षण

(५) मदिरा एवं जुवाका कारण उत्पन्न समस्याबाट संरक्षण

(६) शिक्षाको अधिकार

(७) नोकरीको अधिकार तथा

(८) सम्पत्ति सम्बन्धी अधिकार।

# मन्तव्य

यस संसारको इतिहास पढेमा थाहा हुन्छ कि जब जब मानव समाज ईश्वरीय शिक्षा र जीवन पद्धतिबाट टाढा हुन्छ तब तब त्यो अन्याय र अत्याचारको शिकार भएको छ। जुन वर्ग कुनै पनि कारणबाट समाजमा हावी रहयो उसले अर्को वर्गलाई शोषण गरेको छ। खास गरी महिला वर्गमाथि सबभन्दा ठूलो अत्याचार भयो र भइरहेको छ ।

आज महिलाको बारेमा मुख्य रूपले तीनवटा दृष्टिकोण रहेको पाइन्छ । पहिलो पश्चिमी सोच हो, जसले महिला पुरुषको समानताको नाममा महिलाहरूलाई आफ्नो काम कर्तव्यबाट अलग गरिदिएको छ । जसको एउटा परिणाम पुस्ता बीचको ठूलो भिन्नता (Generation Gap) भइरहेको छ भने दोश्रो परिणाम स्वरूप घरेलु तथा खानदानी स्वरूपको विनाश भइरहेको छ । त्यस्तै तेश्रो यो हो कि आमालाई ममतामयी वा ममताकी खानी मानिन्छ पश्चिमी सोचकी महिला पहिले त आमा बन्न नै चाहन्न र यदि कुनै कारण बस गर्भधारण भइहाल्यो भने गर्भमै बच्चालाई मार्न चाहन्छे र यदि यो संभव नभएमा कोखबाट सन्तानले जन्म लिएपछि पनि आफ्नै हातले निर्दयताका साथ उसलाई मारिदिन्छे। सन्तानप्रतिको यो घृणा यति सम्म पुग्दछ कि एक पटक एउटी महिलाको ६ महिनाको बच्चा मऱ्यो । उसले त्यसको लाश अगाडि राखेर खुशीले नाच, गान गरी र छिमेकीसंग अब हामी दोश्रो बच्चा जन्मिन दिदैनौं भन्दै हिडी । उसले भनी "मलाई र मेरो लोग्नेलाई यो बच्चाको मृत्युबाट ठूलो छुटकारा प्राप्त भएको छ। हेर त वास्तविक रूपमा एउटा बच्चा कस्तो वस्तु हो जुन हरेक समय रोहिरहन्छ, फोहोर गर्छ र मानिसलाई कहिल्यै त्यसबाट छुटकारा पाउने भाग्य हुँदैन ।

यो भन्दा पनि बढी दर्दनाक कुरा बच्चाको हत्या गर्ने कार्य तीव्रताका साथ बढेर जानु हो । यसमा कतिपय राष्ट्रका सरकार र त्यसका अदालतले यति ठूलो अपराधका सन्दर्भ पनि अचम्म लाग्दो व्यवहार गरिरहेका छन्। जस्तै सन् १९१८ फेब्रुवरी महिनामा फ्रान्सको लायर (Loire) को अदालतमा दुईटी महिलाहरू आफ्ना बच्चाहरूको हत्याको आरोपमा पेश भए र रिहा भए। यिनीहरू मध्ये एउटी महिलाले आफ्नो बच्चालाई पानीमा डुबाएर मारेकि थिई। उसको एउटा बच्चालाई उसको नातेदारले पहिलेदेखि पालन पोषण गरिरहेको थियो र अर्कोलाई पनि पाल्नका लागि तयार थियो । तर पनि उसले यो गरीब बच्चा जिउँदो नछोड्ने निश्चय गरी । अदालतको रायमा उसको अपराध माफ गरिदिन लायकको थियो। त्यस्तै अर्की महिलाले आफ्नो बच्चाको घाँटी थिचेर मारी र जब घाँटी थिचेर पनि उसको केही प्राण बाँकी रहयो, तब उसले भित्तामा हिर्काएर बच्चाको टाउको फुटाइदिइ । त्यो महिला पनि फ्रान्सेली वकिल र ज्यूरीको निगाहमा सजायँको हकदार ठानिइन । यो सबै पश्चिमी समाजको तथाकथित स्वतन्त्रता र महिला पुरूष समानताको परिणति हो । एक महिला महिलाको रूपमा रहन र महिलाको प्राकृतिक हक अधिकारलाई छोडेर आधुनिकताको आडम्बर बोकेर हिड्ने महिलाहरूबाट नै यति नीच र धृणित अपराध हुन जान्छ ।

यसलाई अर्को दृष्टिबाट हेर्ने हो भने सर्वश्रेष्ठ र सभ्य प्राणी मानिएको मानिस र जनावरमा कुनै भिन्नता रहेन । विवाह एउटा ठट्टाको विषय बन्न गयो। भरखर विवाह भएको हुन्छ र दुवैको भेट हुन पनि पाएका हुदैनन् छोडपत्र (तलाक) हुन जान्छ । एउटी महिलाको जीवनभरीमा ३०/४० जनासंग विवाह हुन्छ तापनि ऊ आखिर एक्लै हुन्छे। जबसम्म उसमा सुन्दरता र हसिलोपन हुन्छ तबसम्म ऊ लोग्ने

मानिसको आँखामा दिल बहलाउने सामान बनेर रहन्छे । त्यो सबै आकर्षण सकिएपछि उ रद्दीको टोकरीमा फ्याकिन्छे ।

पश्चिमी सभ्यताको सबभन्दा ठूलो चमत्कार यो हो कि उसले महिलाहरूलाई उसको प्राकृतिक जिम्मेवारी र कामबाट हटाएर आफ्नो प्रकृतिको विपरित दोब्बर, तेब्बर जिम्मेवारी बोकाउँदै आफ्नो पुरुषको इच्छा पूर्ति र खेलौना बन्नमा खुशीका साथ तयार गऱ्यो । अब महिलाहरू खुशीका साथ आफ्नो अस्तित्व, मर्यादा, इज्जत र महिलापनलाई पुरुषहरूको इच्छापूर्तिमा समर्पण गरिरहेका छन् । घर, समाज र संसारको खराबीको कारण बन्दैछन् र यसलाई आफ्नो हक र अधिकार मानिरहेका छन् ।

महिलाको बारेमा दोश्रो दृष्टिकोण त्यो हो जसमा महिलाको कुनै अस्तित्व नै स्वीकार गरिएको छैन र उसलाई पुरुषको दासीका रूपमा लिईएको छ । विवाह पछि ऊ लोग्नेकी पत्नी र लोग्ने उसको पतिदेव र मालिक हुन्छ र उसको मुख्य धर्म नै लोग्नेको रातदिन सेवा गरेर उसलाई खुशी पार्नु र आफूलाई लोग्नेको पैताला मुनि भएको ठान्नु हो । यहाँ सम्म कि यदि पति मऱ्यो भने उसको सेवाका लागि सति भएर पतिसंग चितामा जल्नु पर्ने र जसले यसो गर्न सक्दैन उसले विधवाको रूपमा अपमानित भएर दयानीय र अमानवीय व्यवहार तथा अपहेलना सहेर जिन्दगी बिताउनु नै उसको भाग्य ठानिन्छ । उसलाई न कुनै सम्पत्ति राख्ने अधिकार हुन्छ न त बाबु, पति र छोराको सम्पत्तिको कुनै हिस्सा नै प्राप्त हुन्छ ।

यी दुई दृष्टिकोणको बीचमा सारा मानव जातिका लागि शान्ति र न्याय सहितको ईश्वरीय धर्म इस्लाम हो, इस्लामको दृष्टिकोण नै महिलाप्रतिको तेश्रो दृष्टिकोण हो । जुन प्राकृतिक, न्यायपूर्ण र युक्तिसंगत छ । इस्लामले महिलालाई उसको उचित हक, अधिकारका साथै जिम्मेवारी पनि वताएको छ ।

हाम्रा आदरणीय हिफजुर्रमानज्यूले आफ्नो यो पुस्तक “इस्लाममा नारी” मा खुबै राम्रो र व्यवहारिक दृष्टिमा महिलाको स्थान, उसको जिम्मेवारी र हक, अधिकारलाई स्पष्ट गर्नु भएको छ । यसका साथै त्यो स्थान र जिम्मेवारीबाट हट्नाले हुने दुष्परिणामलाई पनि उहाँले प्रष्ट रूपमा देखाउनु भएको छ । इस्लामी संघ नेपालले यसलाई छपाएर नेपाली भाषिहरूको एउटा अमूल्य उपकार गरेको छ । म समस्त पाठकवर्ग, शुभ-चिन्तक, विश्लेषकहरूसंग विना पूर्वाग्रह सही कुरा जान्न, बुझ्न र मनन गर्न निवेदन गर्दछु ।

**नजरूल हसन फलाही**
महासचिव
इस्लामी संघ, नेपाल
२०६३/०५/१५

# इस्लाममा नारी


**हिफजुर्रहमान**

एम्.एस्सी.



प्रकाशक

**इस्लामी संघ नेपाल**



पुस्तक : इस्लाममा नारी

लेखक : हिफजुर्रहमान



© सर्वाधिकार : प्रकाशक



पहिलो संस्करण : २०६३, भाद्र (१००० प्रति)

मूल्य : रू. ५०।-

# विषय सूचि


भूमिका

१. समानताको अधिकार ........ १

१.१ इस्लाम धर्ममा नारीको हैसियत ........ ५

१.१(क) नारी आमाको रूपमा ........ ५

१.१(ख) नारी पत्नीको रूपमा ........ ७

१.१(ग) नारी छोरीको रूपमा ........ ११

१.२ नारी अन्य समाजमा ........ १५

२. पैतृक सम्पत्तिमा अधिकार ........ २०

३. विवाह एवं पारपाचुके (तलाक) को अधिकार ........ २१

३.१ विधवा विवाह ........ २१

३.२ बहु-पत्नी विवाह ........ २२

३.३ हिन्दू धर्ममा बहु-पत्नी विवाह ........ २७

३.४ बहु-पति विवाह? ........ २८

३.५ पारपाचुके (तलाक) ........ ३०

४. यौन शोषणबाट संरक्षण ........ ३७

४.१ प्राकृतिक धर्म ........ ४७

४.२ पर्दा प्रथा ........ ४९

४.३ पर्दा एवं हिन्दू धर्म ........ ५९

४.४ पर्दा एवं पश्चिमी समाज ........ ६१

५. मदिरा एवं जुवाका कारण उत्पन्न समस्याबाट संरक्षण ... ६४

६. शिक्षाको अधिकार ........ ६८

७. नोकरीको अधिकार ........ ७५

८. सम्पत्ति सम्बन्धी अधिकार ........ ८१

९. उपसंहार ........ ८२

१०. शब्दावली ........ ८३

११. सन्दर्भ सामग्री ........ ८५